# गाउँ शिक्षा योजना

## (२०८२/०८३ - २०९२/०९३)




थुलुङ दुधकोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मुक्ली ६, सोलुखुम्बु

कोशी प्रदेश, नेपाल

"मिति २०८३ असार १० गतेको गाउँसभाबाट स्वीकृत"

# EDUCATION SECTOR PLAN (2082/083-2092/093)

**थुलुङ दुधकोशी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय**

**मुक्ली ,सोलुखुम्बु**

**कोशी प्रदेशनेपाल ,**

**२०८३ असार**




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# थुलुङ दुधकोशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## मुक्ली ६, सोलुखुम्बु

## कोशी प्रदेश, नेपाल



# हाम्रो भनाइ

नेपालको संविधानले परिकल्पना गरेको सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रको बाँडफाँड अनुसार विद्यालय शिक्षाको व्यवस्थापन र सञ्चालनको मुख्य दायित्व स्थानीय सरकारमा निहित छ । सङ्घीय सरकारको विद्यालय शिक्षा क्षेत्र योजना र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्मलाई आत्मसात् गर्दै थुलुङ दुधकोशी गाउँपालिकाले आफ्नो शैक्षिक रूपान्तरणको ठोस मार्गचित्रका रूपमा यो १० वर्षे (२०८२-२०९२) शिक्षा क्षेत्र योजना तयार गरेको छ ।

तत्कालीन गाउँपालिका अध्यक्ष श्री असिम राईज्यूको नेतृत्वमा तर्जुमा गरिएको अघिल्लो शिक्षा योजना (२०८०-२०८५) लाई आधार स्तम्भ मान्दै, त्यसबाट प्राप्त सिकाइ, अनुभव र उपलब्धिलाई अझ परिष्कृत गर्दै हामीले यो दीर्घकालीन १० वर्षे थुलुङ दुधकोशी गाउँ शिक्षा योजना निर्माण गरेका हौं। योजना निर्माणका क्रममा सरोकारवालाहरूसँगको गहन छलफल, कार्यशाला गोष्ठी, तथ्याङ्क विश्लेषण तथा विषयविज्ञहरूको परामर्शलाई उच्च प्राथमिकता दिइएको छ ।

यो योजनाले थुलुङ दुधकोशीको शिक्षा क्षेत्रमा आमूल र गुणात्मक परिवर्तनको परिकल्पना गरेको छ । शिक्षामा राजनीतिक तटस्थता कायम गरी शिक्षण सिकाइलाई पूर्णतः व्यावसायिक बनाउने, प्राविधिक शिक्षामा छात्रवृत्ति कार्यक्रमलाई प्रवर्द्धन गर्ने र दुर्गम भेगका विद्यार्थीहरूका लागि आवासीय शिक्षाको पहुँच सुनिश्चित गर्ने जस्ता दूरगामी महत्वका कार्यक्रमहरू यसका मुख्य आधारस्तम्भ हुन्। योजनाको अवधि १० वर्षको भए तापनि रणनीतिक समीक्षा र सान्दर्भिकताका लागि ५ वर्षमा यसको आवधिक पुनरावलोकन गरिनेछ, जसमा पहिलो ५ वर्षको स्पष्ट बजेट र नतिजामूलक सूचकहरू निर्धारण गरिएको छ ।

यस योजनाको सफल कार्यान्वयनले थुलुङ दुधकोशीको शैक्षिक विकासमा कोसेढुङ्गा सावित भई राष्ट्रिय लक्ष्य हासिल गर्न मार्गदर्शकको भूमिका निर्वाह गर्नेमा हामी पूर्ण विश्वस्त छौं । यो दस्तावेज तयार पार्न अमूल्य सुझाव र प्राविधिक सहयोग गर्नुहुने जनप्रतिनिधिहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, राष्ट्रसेवक कर्मचारी, शिक्षक, सम्पूर्ण शिक्षाप्रेमी तथा सरोकारवालाहरुका साथै यस गाउँ शिक्षा योजना निर्माणमा विशेष सहयोग पुऱ्याउनुहुने रीड नेपालकाठमाडौंका विज्ञद्वय केशवदेव गिरी र रूपबहादुर चन्दसरप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

शिक्षामा लगानी गरी समृद्ध थुलुङ दुधकोशी गाउँपालिका निर्माण गर्न यस गाउँ शिक्षा योजनाको कार्यान्वयनमा सम्पूर्ण गाउँपालिकावासी, सरकारी तथा गैर सरकारी संघ संस्था, शिक्षाप्रेमी, बुद्धिजिवि तथा सरोकारवालाहरुमा रचनात्मक सहकार्य र ऐक्यबद्धताको अपेक्षा गर्दछौं ।

**थुलुङ दुधकोशी गाउँपालिका सोलुखुम्बु**
**कोशी प्रदेश, नेपाल**

# शुभकामना सन्देश

शिक्षा साक्षरता मात्र नभई सभ्य, नैतिक र सिर्जनशील नागरिक निर्माणको आधारशिलाका साथै समृद्ध राष्ट्रको मूल आधार हो । आजको आवश्यकता गुणस्तरीय, समावेशी र प्रविधिमैत्री सिकाइद्वारा दक्ष जनशक्ति तयार गर्नु हो । आधारभूत शिक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको नेपालको संविधानको मर्मअनुरूप हरेक बालबालिकालाई समान पहुँच र अवसर प्रदान गर्नु राज्यका सबै तहको साझा दायित्व हो ।

यसै सन्दर्भमा, थुलुङ दुधकोशी गाउँपालिकाले स्थानीय आवश्यकता, सम्भावना, चुनौती तथा राष्ट्रिय शिक्षा नीति र दिगो विकासका लक्ष्यहरूलाई आत्मसात् गर्दै **१० वर्षीय गाउँ शिक्षा योजना (२०८२/८३- २०९२/९३)** निर्माण गर्न पाउँदा अत्यन्तै गौरव लागेको छ। यस योजनाले भौतिक पूर्वाधार सुदृढीकरण, सूचना प्रविधिको उपयोग, शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि र विद्यार्थीको सिकाई उपलब्धिमा सुधार गर्दै बालमैत्री एवं समावेशी शैक्षिक वातावरण निर्माण गर्ने लक्ष्य लिएको छ । साथै, प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै स्थानीय भाषा, संस्कृति, कला र मौलिक पहिचानको संरक्षण गर्ने तथा रोजगारमुखी एवं जीवनोपयोगी व्यावहारिक शिक्षा प्रवर्द्धन गर्ने दिशामा स्पष्ट मार्ग निर्देशन गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकारको प्रभावकारी कार्यान्वयन गर्दै सङ्घीय र प्रदेश सरकारका नीति-नियमलाई स्थानीय आवश्यकता अनुरूप व्यवस्थापन गर्नु गाउँपालिकाको प्राथमिक दायित्व हो । विद्यालय बाहिर रहेका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउने, नियमित उपस्थिति र सिकाइको निरन्तरता सुनिश्चित गर्ने, सिकाइ उपलब्धि बढाउने तथा विद्यालय छोड्ने दर घटाउनु हाम्रा प्रमुख चुनौती हुन् । मलाई पूर्ण विश्वास छ । यस योजनाले यी चुनौतीहरूको समाधानका लागि स्पष्ट मार्गचित्र प्रदान गर्दै स्थानीय शिक्षाको रूपान्तरणमा ऐतिहासिक योगदान पुऱ्याउनेछ ।

अन्त्यमा, यस योजनालाई सफल बनाउन सम्पूर्ण जनप्रतिनिधि, शिक्षक, कर्मचारी, अभिभावक र शिक्षाप्रेमी तथा सरोकारवाला महानुभावहरूलाई आफ्नो साझा अभियान मानेर सफल पार्न हार्दिक अनुरोध गर्दछु । साथै यो योजना तयार पार्न प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने विषयविज्ञ एवं सम्पूर्ण सहयोगी हातहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यस योजनाको सफल कार्यान्वयनबाट थुलुङ दुधकोशी गाउँपालकाको शिक्षा क्षेत्रमा आमूल परिवर्तन गर्न महत्त्वपूर्ण योगदान पुग्ने पूर्ण विश्वासका साथ हार्दिक शुभकामना व्यक्त गर्दछु । धन्यवाद ।

**सविता राई**
**कार्यवाहक अध्यक्ष**
**थुलुङ दुधकोशी गाउँपालिका**

# शुभकामना मन्तव्य

थुलुङ दुधकोशी गाउँपालिकाको शैक्षिक रूपान्तरणका लागि तर्जुमा गरिएको यो १० वर्षे (२०८३-२०९२) शिक्षा क्षेत्र योजना स्थानीय सरकारको प्राथमिकतामा रहेको एक महत्वपूर्ण प्रशासनिक दस्तावेज हो । संविधान र सङ्घीय कानूनले स्थानीय तहलाई सुम्पेका शिक्षासम्बन्धी २३ वटा अधिकारहरूको प्रभावकारी कार्यान्वयन र विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिका लागि हामी प्रतिबद्ध छौं । यो योजना निर्माण गर्दा स्थानीय आवश्यकता, सरोकारवालाहरूको सुझाव र विगतका अनुभवहरूलाई प्रशासनिक तथा प्राविधिक दृष्टिले विश्लेषण गरिएको छ ।

योजनाको सफलता केवल लक्ष्य निर्धारणमा होइन, त्यसको कार्यान्वयन र जवाफदेहितामा निहित हुन्छ । त्यसैले, यो १० वर्षे गाउँ शिक्षा योजनालाई कार्यान्वयन योग्य बनाउन हामीले पाँच वर्षे आवधिक समीक्षा र वार्षिक कार्ययोजनाको ढाँचा अपनाएका छौं । विद्यालयहरूको भौतिक पूर्वाधार विकासदेखि शिक्षकहरूको क्षमता विकास, उत्प्रेरणा अभिवृद्धि र विद्यालय प्रशासनको कुशल व्यवस्थापनसम्मका कार्यहरूलाई हामीले नतिजामुखी बनाउने गरी कार्ययोजना तयार गरेका छौं । प्रशासनिक तवरबाट हामी विद्यालयहरूको अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण र नियमनलाई थप चुस्त बनाउँदै समय सापेक्ष,प्रविधिमैत्री र गुणस्तरीय शिक्षाको सुनिश्चित गर्न तत्पर छौं ।

यस योजनालाई सार्थक बनाउन सबै सरोकारवालाहरूको भूमिका उत्तिकै महत्वपूर्ण छ । विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, शिक्षक वर्ग र अभिभावकहरूले आफ्नो जिम्मेवारीप्रति थप सजग हुँदै शिक्षण संस्थालाई गुणस्तरीय शिक्षा र उत्कृष्ट नतिजाप्रति उत्तरदायी हुन जरुरी छ ।

अन्त्यमा, शिक्षा क्षेत्रमा गरिएको लगानी नै भविष्यको सबैभन्दा ठूलो पुँजी हो भन्ने मर्मलाई आत्मसात् गर्दै, यस योजनाको सफल कार्यान्वयनमा जुट्न जनप्रतिनिधि, वि.व्य.स. , शि.अ.संघ, शिक्षक, कर्मचारी, बुद्धिजिवी, शिक्षाप्रेमी तथा सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक अपिल गर्दछु ।योजना निर्माण गर्न रिड नेपालका विज्ञ लगायत यस कार्यमा सहयोग गर्नुहुने सम्पूर्णमा विशेष आभार व्यक्त गर्दै, यस गाउँ शिक्षा योजनाले थुलुङ दुधकोशी गाउँपालिकाको शैक्षिक विकासमा कोसेढुङ्गाको काम गर्नेछ भन्ने कुरामा म विश्वस्त छु । धन्यवाद ।

**श्री नवराज कोइराला**
**प्रमुख प्रशासकीय अधिकृत**
**थुलुङ दुधकोशी गाउँपालिका**

## शुभकामना मन्तव्य

बालबालिकामा अन्तर्निहित प्रतिभाको प्रस्फुटन र सर्वाङ्गीण विकासका लागि घर, परिवार र विद्यालयको वातावरणलाई बालमैत्री बनाउनु आजको आवश्यकता हो । गुणस्तरीय शिक्षा विना गाउँपालिकाको विकास केवल कल्पना मात्र हुने हुँदा, हाम्रो शैक्षिक धरातललाई बलियो बनाउन हामीले नीतिगत र व्यवहारिक दुवै पक्षमा जोड दिएका छौं । संविधानप्रदत्त मौलिक हक, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का प्रावधानहरू तथा विद्यमान राष्ट्रिय शिक्षा नीतिहरूलाई आधार मानी निर्माण गरिएको यो १० वर्षे (२०८२/८३-२०९२/०९३) दीर्घकालीन गाउँ शिक्षा योजनाले हाम्रो गाउँपालिकाको शैक्षिक सुधारको एउटा महत्वपूर्ण मार्गचित्र हो ।

थुलुङ दुधकोशी गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको नेतृत्व गर्दैगर्दा, म यो योजनाले गाउँपालिकाका शैक्षिक समस्याहरूलाई सम्बोधन गर्ने कुरामा विश्वस्त छु। शिक्षा केवल सैद्धान्तिक ज्ञान मात्र नभएर नैतिक, चारित्रिक, सिर्जनशील र वैज्ञानिक चिन्तनले युक्त जीवनोपयोगी हुनुपर्छ। हाम्रा विद्यालयहरूमा भौतिक सुविधाको व्यवस्थापन, सूचना प्रविधिको प्रयोग र शिक्षण विधिमा सुधार गर्दै बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउनु र विद्यार्थीको सिकाइ निरन्तरता सुनिश्चित गर्नु हाम्रो सामु विद्यमान मुख्य चुनौती हुन् । यी चुनौतीहरूको सामना गर्न विद्यालय प्रशासन, शिक्षकहरूको व्यावसायिक क्षमता विकास र समुदायको सक्रिय सहभागितालाई मैले उच्च प्राथमिकतामा राखेको छु ।

योजनाको सफलता केवल दस्तावेजमा मात्र सीमित छैन यसको वास्तविक उपलब्धि कक्षाकोठाको सिकाइ सुधारमा देखिनुपरछ । यस कार्यमा विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, शिक्षाप्रेमी तथा सरोकारवालाहरूको योगदान अमूल्य रहनेछ । शिक्षा क्षेत्रका कर्मचारीहरू, सरकारी तथा गैरसरकारी संघ संस्थाहरु र सरकारवालाहरुको समन्वयात्मक प्रयासले नै शिक्षाको विकासमा प्रविधिमैत्री, गुणस्तरीय र सकारात्मक परिवर्तन हुनेछ । थुलुङ दुधकोशी गाउँपालिकाको कार्यालयले प्रशासन र प्राविधिक तहबाट योजनाको अनुगमन, सहजीकरण र गुणस्तर नियन्त्रणमा मेरो तर्फबाट पूर्ण प्रतिबद्धता व्यक्त गर्दछु ।

अन्त्यमा, यस गाउँ शिक्षा योजनाले थुलुङ दुधकोशी गाउँपालिकाको शैक्षिक जगतमा मात्र नभई समग्र आर्थिक, भौतिक, सामाजिक, साँकृतिक रूपान्तरणमा समेत नयाँ आयाम थप्ने अपेक्षा गरेको छु। योजना तर्जुमाका लागि प्राविधिक तथा अप्राविधिक रुपमा महत्वपूर्ण सहयोग पुऱ्याउनुहुने योजना निर्माण विज्ञ लगायत सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार प्रकट गर्दछु। यस गाउँ शिक्षा योजनाको सफल कार्यान्वयनका लागि म सम्पूर्ण शैक्षिक परिवार र सरोकारवालाहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु । **धन्यवाद।**

**श्री कुमार खड्का**
**शिक्षा शाखा प्रमुख**
**थुलुङ दुधकोशीगाउँपालिका**

# विषयसूची


हाम्रो भनाइ...3
शुभकामना मन्तव्य...4
शुभकामना मन्तव्य...5
शुभकामना मन्तव्य...6
सन्दर्भ र औचित्य...9
१. विषय प्रवेश...9
२. शिक्षा योजना निर्माणको आवश्यकता औचित्य...10
३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य...11
४. शिक्षा योजना निर्माणका आधार...11
५. शिक्षा योजना निर्माण प्रक्रिया...13
६. योजनाको लेखाजोखा...14
७. योजनाको दस्तावेजको स्वरूप...16
१: वर्तमान अवस्था...17
१.१ पृष्ठभूमि...17
१.१.१ भौगोलिक अवस्था...17
१.१.२. जनसाङ्ख्यिकी विवरण...18
१.१.३ सामाजिक तथा सांस्कृतिक अवस्था...21
१.१.४ आर्थिक अवस्था...21
१.१.५ शैक्षिक अवस्था...22
१.२ शिक्षा क्षेत्रका समस्या...24
१.३ शिक्षा क्षेत्रका चुनौतीहरु...25
१.४ शिक्षा क्षेत्रका सवल पक्ष...27
१.४ शिक्षा क्षेत्रका अवसरहरु...27
परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण...29
२.१ स्थानिय तहमा शिक्षा योजना निर्माण गर्दा लिनु पर्ने आधार...29
२.२ दीर्घकालीन सोच...29
२.३ लक्ष्य...29
२.४. उद्देश्य...30
२.५. रणनीतिहरू...30
२.६. कार्यनीति...31
२.७. अपेक्षित उपलब्धि...33

२.८. मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ........ 34

**परिच्छेद ३: विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू** ........ 38

**३.१ प्रारम्भिक बालविकास र शिक्षा** ........ 38

**३.२ आधारभूत शिक्षा** ........ 49

**३.३ माध्यमिक शिक्षा** ........ 59

**३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम** ........ 68

**३.५ अनौपचारिक तथा जीवनपर्यन्त सिकाइ** ........ 76

**परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु** ........ 82

४.१ पाठ्यक्रम, पाठ्यपसुतक, सिकाइ सामग्री तथा मूल्याङ्कन ........ 82

४.२ शिक्षक व्यवस्थापन र विकास ........ 90

४.३ शिक्षामा समता र समावेशीकरण ........ 99

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ 107

४.५ विद्यालय सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशीलता ........ 111

४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ 116

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ 120

**परिच्छेद ६: सुशासन तथा व्यवस्थापन** ........ 125

**६.१ .शिक्षाको व्यवस्थापन तथासंस्थागत क्षमता विकास** ........ 125

**६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध** ........ 130

**परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन** ........ 134

**परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन** ........ 144

सन्दर्भ सामाग्रीहरु ........ 149

अनुसूची १: क्रियाकलापगत वजेट ........ 150

अनुसूची २: शिक्षा समितिको नामावली ........ 164

अनुसूची ३: शिक्षा योजना निर्माण कार्यदलको नामावली ........ 164

अनुसूची ४: तत्कालिन पाँच वर्षे शिक्षा योजना (२०८०-८५) निर्माण कार्यशाला गोष्ठीमा सहभागीहरूको विवरण ........ 165

# सन्दर्भ र औचित्य

नेपालको संविधानले विकेन्द्रीकृत शासन प्रणालीको माध्यमबाट राज्यशक्तिको बाँडफाँड गरी तीन तहका सरकारहरूको परिकल्पना गरेको छ । यसै संवैधानिक व्यवस्थाबमोजिम माध्यमिक तहसम्मको विद्यालय शिक्षाको व्यवस्थापन र सञ्चालन स्थानीय सरकारको अधिकारक्षेत्र भित्र पर्दछ । आफ्नो क्षेत्रको शैक्षिक अवस्थालाई सुदृढ बनाउनु र स्रोत-साधनको न्यायोचित वितरणमार्फत गुणस्तरीय शिक्षाको पहुँच स्थापित गर्नु थुलुङ दुधकोशी गाउँपालिकाको अनिवार्य कर्तव्य हो। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई आफ्ना क्षेत्रगत आवधिक योजना निर्माण गर्ने अधिकार प्रदान गरेको छ, जसको आधारमा यो १० वर्षे शिक्षा योजना तयार गरिएको हो ।

अन्तर्राष्ट्रिय मञ्चमा नेपालले प्रतिबद्धता जनाएको 'दिगो विकास लक्ष्य (SDG-4) अन्तर्गत समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नु हाम्रो अर्को मुख्य आधार हो। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेका नीतिगत मार्गदर्शन र सङ्घीय संरचनाअनुरूपको नयाँ शिक्षा क्षेत्र योजनाको परिवेशलाई आत्मसात् गर्दै, पालिकाले आफ्नै मौलिक आवश्यकता र भौगोलिक विशिष्टतालाई यो योजनामा समेटेको छ। शिक्षाको पहुँचमा रहेका असन्तुलनलाई सम्बोधन गर्न, विद्यालयहरूको क्षमता अभिवृद्धि गर्न र शैक्षिक सुशासन कायम गर्न यस्तो दीर्घकालीन योजनाको आवश्यकता टड्कारो महसुस गरिएको हो ।

यस योजनाले केवल तथ्याङ्कीय लक्ष्य निर्धारण मात्र गरेको छैन, शिक्षाको गुणस्तर, समता र सक्षमतालाई केन्द्रबिन्दुमा राखेको छ । शिक्षा क्षेत्रको विकासलाई समग्र गाउँपालिकाको समृद्धिको आधारका रूपमा लिँदै, हामीले पहिलो ५ वर्षका लागि १४७६२१९०००/- (अक्षरुपी रु. १ अर्ब ४७ करोड ६२ लाख १९ हजार मात्र) रुपैयाँको वित्तीय प्रक्षेपण गरेका छौं। । यसरी तयार पारिएको यो दस्तावेजले भविष्यमा सङ्घीय, प्रदेश र स्थानीय सरकारबीचको नीतिगत समन्वयलाई थप बलियो बनाउने तथा स्थानीय शैक्षिक प्रणालीलाई नतिजामुखी बनाउने विश्वास लिइएको छ ।

## १. विषय प्रवेश

शैक्षिक सेवा प्रवाहलाई चुस्त र नतिजामुखी बनाउँदै शिक्षामा पहुँच, गुणस्तर, सहभागिता र समतामूलक अवसरको सुनिश्चितता गर्न शिक्षा क्षेत्रको आवधिक योजना आधारशिलाका रूपमा रहन्छ । हाल सङ्घीय सरकारको विद्यालय शिक्षा क्षेत्र योजना र प्रदेश सरकारका सम्बन्धित योजनाहरू कार्यान्वयनमा रहेका छन्। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को कार्यान्वयनसँगै आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापकीय अधिकार स्थानीय तहमा निहित भएको हुँदा यसको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय स्तरमै योजनाबद्ध मार्गचित्रको खाँचो रहेको छ ।

संवैधानिक प्रत्याभूति अनुसार 'अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा' र 'निःशुल्क माध्यमिक शिक्षा' को हकलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न प्रत्येक स्थानीय तहले सङ्घीय र प्रादेशिक नीतिनियमहरूको मार्गदर्शनलाई आत्मसात् गर्नु अपरिहार्य छ । साथै, आफ्नो गाउँपालिकाको विशिष्ट भौगोलिक अवस्था, स्थानीय

आवश्यकता र शैक्षिक प्राथमिकताहरूलाई मध्यनजर गर्दै एकीकृत योजना तर्जुमा गर्नु स्थानीय सरकारको प्राथमिक कर्तव्य हो ।

यसै सन्दर्भमा, थुलुङ दुधकोशी गाउँपालिकाले आफ्नो शैक्षिक प्रणालीलाई थप सुदृढ, समयसापेक्ष र नतिजामुखी बनाउने उद्देश्यले यो दशवर्षीय शिक्षा योजना निर्माण गरेको छ । स्थानीय तह स्तरीय शिक्षा योजना निर्माणका लागि तोकिएको आधिकारिक मार्गदर्शनलाई पूर्णतः पालना गर्दै, गाउँपालिकाले शैक्षिक रूपान्तरणको नयाँ आयाम सुरु गरेको छ। यो योजनाले सङ्घीय लक्ष्य र स्थानीय आवश्यकताबीच सेतुको काम गर्दै शैक्षिक क्षेत्रको समग्र विकासमा कोसेढुङ्गा सावित हुने विश्वास लिएका छौं ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति २०७६, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐननियमावली, दिगो विकास लक्ष्य (SDG-4) तथा सोह्रौं पञ्चवर्षीय योजनाका राष्ट्रिय प्राथमिकताहरूलाई सङ्घीय संरचनाअनुरूप स्थानीय तहमा कार्यान्वयन गर्नु आजको अपरिहार्य आवश्यकता हो । विज्ञान र प्रविधिमा आएको तीव्र गति र वैश्विक परिवर्तनलाई आत्मसात् गर्दै, राष्ट्रको सामाजिक-आर्थिक रूपान्तरणका लागि सक्षम, सिर्जनशील र प्रतिस्पर्धी नागरिक तयार गर्न हाम्रो शिक्षा प्रणालीलाई अझ बढी गतिशील र समयसापेक्ष बनाउनु आवश्यक छ। यसका लागि विद्यालय शिक्षाको समग्र संरचनामा सुधार र रणनीतिक मार्गदर्शन गर्ने बलियो आधारका रूपमा स्थानीय शिक्षा योजनाको भूमिका निर्णायक रहने गर्दछ ।

संवैधानिक रूपमा अनुसूची ८ ले आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षालाई स्थानीय तहको एकल अधिकारक्षेत्रमा राखेको छ । साथै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) ले शिक्षासम्बन्धी २३ वटा अधिकारहरू प्रदान गर्नुका साथै दफा २४(१) मार्फत आवधिक तथा क्षेत्रगत योजना तर्जुमा गरी कार्यान्वयन गर्न स्थानीय सरकारलाई नीतिगत स्पष्टता प्रदान गरेको छ । उक्त कानुनी व्यवस्थाको कार्यान्वयनलाई सुनिश्चित गर्न गाउँपालिका स्तरबाटै योजनाबद्ध विकासको खाका कोर्नु हाम्रो वैधानिक कर्तव्य हो।

शिक्षाको पहुँचबाट वञ्चित सीमान्तकृत, सुविधाविहीन तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक सहभागिता र प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धिको सुनिश्चितता गर्नु शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको राष्ट्रिय प्राथमिकता हो। सोही राष्ट्रिय लक्ष्यलाई स्थानीय परिवेशमा रूपान्तरण गर्दै शैक्षिक गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गर्ने उद्देश्यले थुलुङ दुधकोशी गाउँपालिकाले यो १० वर्षे शिक्षा क्षेत्र योजना तर्जुमा गरेको छ। सङ्घीय, प्रादेशिक र स्थानीय नीतिगत सामञ्जस्यता कायम गर्दै, गाउँपालिकाको शैक्षिक धरातललाई थप सुदृढ बनाउन र भविष्यका पुस्तालाई गुणस्तरीय शिक्षा प्रदान गर्न यो योजना एक महत्वपूर्ण दिशाबोधक दस्तावेज बन्नेछ।

## ३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

नेपालको संविधानले शिक्षाको अधिकारलाई तीन तहका सरकारबिच बाँडफाँड गरेको छ। जसअनुसार प्रारम्भिक बालविकास, अनौपचारिक शिक्षा, आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको पूर्ण जिम्मेवारी स्थानीय सरकारमा निहित छ। उच्च शिक्षा प्रादेशिक र सङ्घीय सरकारको कार्यक्षेत्रमा रहँदा प्राविधिक तथा व्यावसायिक शिक्षालाई तीनै तहको साझा अधिकारको सूचीमा राखिएको छ। यस संवैधानिक परिवेशमा, शिक्षालाई व्यावहारिक, प्रतिस्पर्धी, वैज्ञानिक, रोजगारमुखी र गुणस्तरीय बनाउनुका साथै समालोचनात्मक क्षमतायुक्त जनशक्ति उत्पादन गर्ने गुरुत्तर जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ। हाम्रो स्थानीय कला, संस्कृति र ज्ञानलाई आधुनिक विश्वप्रविधि र सिपसँग जोड्दै सामुदायिक तथा राष्ट्रिय विकासमा योगदान दिन सक्ने विद्यार्थी तयार पार्नु आजको अपरिहार्य आवश्यकता हो। यसै संवैधानिक तथा व्यावहारिक दायित्वलाई आत्मसात् गर्दै थुलुङ दुधकोशी गाउँपालिकाले यो दश वर्षे शिक्षा योजना तर्जुमा गरी कार्यान्वयनको चरणमा ल्याएको छ।

यस योजनाको निर्माण तथा कार्यान्वयनका मुख्य औचित्य र आवश्यकतालाई देहायबमोजिम बुँदागत रूपमा प्रस्तुत गरिएको छः

- **नीतिगत सामञ्जस्यताः** सङ्घीय, प्रादेशिक र स्थानीय तहमा तर्जुमा हुने शिक्षा योजनाहरूबिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थापित गरी शैक्षिक नीतिमा एकरूपता ल्याउन।
- **स्रोतको योजनाबद्ध व्यवस्थापनः** सङ्घ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय तथा भौतिक स्रोतहरूलाई योजनामा आधारित (Plan-based) बनाई व्यवस्थित, पारदर्शी र प्रभावकारी परिचालन सुनिश्चित गर्न।
- **स्रोत तथा कार्यक्रमको कुशलताः** शिक्षा क्षेत्रमा देखिने बजेटको अभाव, कार्यक्रमहरूको दोहोरोपना (Overlapping) र स्रोत परिचालनमा हुने असक्षमतालाई न्यूनीकरण गर्दै नतिजामुखी कार्यशैली विकास गर्न।
- **समन्वय र लागत साझेदारीः** साझा क्षेत्राधिकारका विषयहरूमा तहगत सरकारहरूबिच समन्वय, सहकार्य र लागत साझेदारीको संयन्त्रलाई चुस्त र प्रभावकारी बनाउन।
- **राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताः** शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्यहरू एवं दिगो विकास लक्ष्य (SDG-4) जस्ता अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू हासिल गर्न स्थानीय स्तरबाट ठोस योगदान पुऱ्याउन।

## ४. शिक्षा योजना निर्माणका आधार

थुलुङ दुधकोशी गाउँपालिकाको दश वर्षे शिक्षा क्षेत्र योजना (२०८२/०८३—२०९२/०९३) निर्माणको प्रारम्भिक चरणमा योजना तर्जुमा समितिको अगुवाइमा गहन छलफल एवं परामर्श गरी कार्ययोजनाको विस्तृत खाका तयार पारिएको थियो। विशेषतः यस अघि निर्माण गरिएको शिक्षा

योजना (२०८०—२०८५) का आधारभूत मार्गदर्शन, सिकाइ र उपलब्धिलाई यस दीर्घकालीन योजनाको प्रमुख आधार स्तम्भका रूपमा ग्रहण गरिएको छ।

यस योजनाको तर्जुमा प्रक्रियालाई पूर्णतः वस्तुनिष्ठ, प्रमाणमा आधारित र समयसान्दर्भिक बनाउन देहायका संवैधानिक, कानुनी, नीतिगत, तथ्याङ्कीय तथा व्यावहारिक दस्तावेजहरूको विस्तृत अध्ययन एवं समीक्षा गरिएको छः

**क) संवैधानिक एवं कानुनी आधारहरूः**

- नेपालको संविधान ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ।
- सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ ।
- अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ एवं यससँग सम्बन्धित विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन तथा नियमावलीहरू ।
- थुलुङ दुधकोशी गाउँपालिकाको शिक्षा ऐन, २०७५ ।

**ख) नीतिगत एवं योजनाबद्ध आधारहरूः**

- सोह्रौं आवधिक योजना।
- विद्यालय शिक्षा क्षेत्र योजना (SESP) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना।
- राष्ट्रिय शिक्षा नीति, २०७६ र शिक्षाको सोचपत्र, २०७९।
- विद्यालय शिक्षामा समता रणनीति।
- दिगो विकास लक्ष्य (SDG-4) राष्ट्रिय कार्यढाँचा।
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन र गाउँपालिकाको मध्यमकालीन खर्च संरचना।

**ग) साङ्ख्यिक र स्थानीय विशिष्टतासम्बन्धी आधारहरूः**

- **EMIS २०८२**ःगाउँपालिकाको शैक्षिक अवस्थाको वस्तुनिष्ठ चित्रणका लागि शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) २०८२ को तथ्याङ्क।
- राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदन।
- बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९।
- गाउँपालिकाको वार्षिक बजेट, विकास योजना, जारी ऐन, नियम र कार्यविधिहरू।

- विद्यालय सुधार योजना (SIP), विद्यालय अनुगमन प्रतिवेदनहरू तथा विभिन्न सरकारी एवं गैर-सरकारी संस्थाद्वारा सञ्चालित शिक्षासम्बन्धी कार्यक्रमहरूको प्रगति विवरण।

यसरी सङ्कलित सम्पूर्ण नीतिगत, कानुनी र तथ्यगत दस्तावेजहरूको गहन विश्लेषणबाट प्राप्त निष्कर्ष तथा सिफारिसहरूलाई यस १० वर्षे शिक्षा क्षेत्र योजनाको जगका रूपमा आत्मसात् गरिएको छ।

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

थुलुङ दुधकोशी गाउँपालिकाको दश वर्षीय शिक्षा क्षेत्र योजना (२०८२/८३—२०९२/९३) लाई वस्तुनिष्ठ, सहभागितामूलक र प्रमाणमा आधारित बनाउन विधिसम्मत प्रक्रियाहरू अवलम्बन गरिएका छन्। यसअघिको 'शिक्षा योजना (२०८०—२०८५)' को कार्यान्वयनबाट प्राप्त सिकाइ, अनुभव र उपलब्धिहरूलाई आधारस्तम्भ मान्दै, योजना निर्माण कार्यदलको अगुवाइमा चरणबद्ध रूपमा काम सम्पन्न गरिएको हो। योजना निर्माणको प्रक्रियालाई सहभागितामूलक र विधि-सम्मत बनाउन देहायका चरणहरू अवलम्वन गरिएका छन्ः

यस प्रक्रियामा गाउँपालिकाका सम्पूर्ण विद्यालयहरूको शैक्षिक अवस्था, भौतिक पूर्वाधार र जनशक्तिको अद्यावधिक तथ्याङ्क सङ्कलन गरी विस्तृत 'स्वट' (SWOT) विश्लेषण गरिएको छ। साथै, प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, नागरिक समाजका प्रतिनिधि र 'रीड नेपाल' का विषय विज्ञहरूसँग विभिन्न चरणमा कार्यशाला गोष्ठी, परामर्श र गहन छलफलहरू सञ्चालन गरिएका छन्। सरोकारवालाहरूबाट प्राप्त राय—सुझाव तथा तथ्याङ्कीय विश्लेषणका आधारमा तयार पारिएको मस्यौदालाई विज्ञहरूको परामर्शमा परिमार्जित गर्दै गाउँ कार्यपालिकाबाट स्वीकृत गरी यसलाई पूर्णता दिइएको छ।योजना निर्माणको प्रक्रियालाई सहभागितामूलक र विधि-सम्मत बनाउन देहायका चरणहरू अवलम्वन गरिएका छन्ः

**१. समिति गठन र सघन परामर्शः** योजना तर्जुमाको प्रारम्भिक चरणमा शिक्षा, युवा तथा खेलकुद शाखाको संयोजनमा (२०८० देखि २०८५) सम्मको पञ्चवर्षीय गाउँ शिक्षा योजनालाई समिक्षा गरी गाउँ पालिकाको कार्यवाहक श्रद्धेय अध्यक्ष श्री सविता राईज्यूको निर्देशन र गाउ शिक्षा समितिको निर्णयले सामाजिक विकास समितिको संयोजक श्री बुद्धिराज राईज्यूको संयोजत्वमा ५ सदस्यीय कार्यदल गठन गरी सो कार्यदलले सरोकारवालाहरूसँग चरणबद्ध बैठकहरू र सुक्ष्मढङ्गबाट शैक्षिक तथ्याङ्को व्यापक अध्ययन गरी शिक्षा क्षेत्रका योजना निर्माण विज्ञहरूसँग गाउँपालिकाले आर्थिक व्यवस्थापन गरी गाउँ शिक्षा योजना मस्यौदा लेखन गरी कामको जिम्मेवारी बाँडफाँड गरी काम सरु गरियो।

**२. सरोकारवालाहरूको भेला र अभिमुखीकरणः** स्थानीय स्रोत र आवश्यकताको पहिचानका लागि कार्यदललाई विशेष अभिमुखीकरण प्रदान गरियो। सरोकारवालाहरूको बृहत् भेला आयोजना गरी शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, खानेपानी, विपद् व्यवस्थापन जस्ता क्षेत्रका प्रतिनिधि, वडाध्यक्ष, बालक्लब, अभिभावक,शिक्षक तथा स्वयंसेविकाहरूबाट अमूल्य सुझाव र सूचनाहरू सङ्कलन गरियो।

**३. कार्यशाला र मस्यौदा तयारी:** गाउँपालिकाका कार्यवाहक अध्यक्षको प्रमुख आतिथ्यमा आयोजित एकदिने कार्यशालाले योजना निर्माणको जग बसाल्ने काम गर्‍यो । विज्ञहरूको प्राविधिक सहयोगमा संकलित तथ्याङ्कहरूको सूक्ष्म विश्लेषण गर्दै योजनाको मस्यौदा तयार पारियो ।

**४. सुझाव सङ्कलन र परिमार्जन:** तयार गरिएको मस्यौदामाथि गाउँ शिक्षा समिति, प्रधानाध्यापकहरूको बैठक तथा विभिन्न सरोकारवालाहरूसँग गहन छलफल गरियो। प्राप्त सुझावहरूलाई आत्मसात् गर्दै मस्यौदालाई थप परिस्कृत गरियो ।

**५. अन्तिम स्वीकृति:** शिक्षा योजना निर्माण समितिद्वारा मूल्याङ्कन र अन्तिम रूप दिइएको यो योजनालाई, मिति २०८३।०३।१० गते बसेको गाउँ सभाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ। यसरी निर्माण गरिएको यो १० वर्षे योजनाले थुलुङ दुधकोशी गाउँपालिकाको समग्र शैक्षिक रूपान्तरणमा कोसेढुङ्गाको भूमिका निर्वाह गर्नेछ।

## ६. योजनाको लेखाजोखा

| क्र.स. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्व तथा सहभागिता | • राजनीतिक प्रतिबद्धता: योजना निर्माणको प्रारम्भिक चरणदेखि नै गाउँपालिकाको मूल नेतृत्वको सक्रिय संलग्नता र रणनीतिक मार्गदर्शन रहेको।<br>• संस्थागत नेतृत्व: सामाजिक विकास समितिका संयोजकको नेतृत्वमा 'शिक्षा योजना निर्माण समिति' गठन गरी कार्यलाई संस्थागत गरिएको।<br>• पारदर्शी मस्यौदा: सरोकारवालाहरूको प्रतिनिधित्वमा 'मस्यौदा कार्यदल' गठन गरी पारदर्शी एवं वस्तुनिष्ठ ढङ्गले योजनाको मस्यौदा तयार पारिएको।<br>• अर्थपूर्ण सहभागिता: सूचना र सुझाव सङ्कलनका क्रममा सरोकारवालाहरूको सक्रिय र अर्थपूर्ण सहभागिता मार्फत योजनामा साझा अपनत्व कायम गरिएको। |
| २ | पर्याप्तता र सान्दर्भिकता | • यस योजनामा समावेश गरिएका रणनीति, कार्यक्रम तथा क्रियाकलापहरू गाउँपालिकाको शिक्षा क्षेत्रमा विद्यमान समस्या र चुनौतीहरूको निराकरणका लागि पूर्णतः सान्दर्भिक र प्रभावकारी छन्। |
| ३ | समता, सक्षमता तथा गुणस्तर | • यो योजनाले समता, सक्षमता, सिकाइ उपलब्धि र शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै समग्र शिक्षा क्षेत्रको उन्नयनका लागि पर्याप्त र ठोस प्रयास गरेको छ। |
| ४ | अन्तरसम्बन्ध र तादाम्यता | • नीतिगत अन्तर्सम्बन्ध: यो योजना गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम र अन्य आवधिक योजनाहरूसँग पूर्ण रूपमा अन्तर्सम्बन्धित र परिपूरक रहेको छ।<br>• लक्ष्यको अनुकुलन: शिक्षाका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता एवं लक्ष्यहरूसँग यस योजनालाई पूर्णतः अनुकूलित गरिएको छ।<br>• मार्गनिर्देशनको पालना: स्थानीय तहको योजना तर्जुमासम्बन्धी अद्यावधिक |

| | | |
|---|---|---|
| | | मार्गनिर्देशन, २०८१ को मर्मलाई आत्मसात् गर्दै, यसले शिक्षाका विविध क्षेत्र र अन्य अन्तर्सम्बन्धित विषयहरूबिच उत्कृष्ट तालमेल कायम गरेको छ। |
| ५ | सम्भाव्यता र कार्यान्वयन योग्यता तथा सान्दर्भिकता | • एकीकृत व्यवस्थापनः योजनाका कार्यक्रमहरूमा शिक्षाका विभिन्न उपक्षेत्र, अन्तर्सम्बन्धित विषयहरूका साथै उपलब्ध स्रोत-साधन र अनुगमन तथा मूल्याङ्कन प्रणालीबीच सुदृढ तादाम्यता कायम गरिएको छ।<br>• सम्बोधन र निरन्तरताः स्थानीय विशिष्ट आवश्यकता तथा विद्यमान प्रमुख शैक्षिक चुनौतीहरूको सम्बोधन गर्न यो योजनाले ठोस आधार तय गरेको छ, जसले गाउँपालिकाको शैक्षिक सुधारको मार्गचित्रलाई थप स्पष्ट र व्यवहारिक बनाएको छ। |
| ६ | स्रोतको प्रबन्ध | • बजेटको सुनिश्चितताः योजनामा प्रस्तावित कार्यक्रम तथा क्रियाकलापहरूको कार्यान्वयनका लागि आवश्यक बजेटको प्रक्षेपण र व्यवस्थापन गरिएको छ।<br>• स्रोतको विविधीकरण र सहकार्यः उपलब्ध बजेट अपुग हुने अवस्थामा आवश्यक थप स्रोत जुटाउन सङ्घीय तथा प्रादेशिक सरकार, विकास साझेदार, गैर-सरकारी संस्था र निजी क्षेत्रसँग निरन्तर सहकार्य र समन्वय गरिने छ। |
| ७ | संस्थागत क्षमता | • योजनाका कार्यक्रम तथा क्रियाकलापहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न उपयुक्त संस्थागत संयन्त्रको व्यवस्था गरिएको छ। साथै, कार्यान्वयन तहमा संलग्न जनशक्तिको कार्यक्षमता अभिवृद्धि गर्न आवश्यक तालिम तथा क्षमता विकासका कार्यक्रमहरूलाई योजनाको अभिन्न अङ्ग बनाइएको छ। |
| ८ | कार्यान्वयन मा तत्परता | • सहभागितामूलक स्वामित्वः यस योजनाको तर्जुमा प्रक्रिया स्थानीय तहभित्रका सरोकारवालाहरूको प्रत्यक्ष सहभागिता र सुझावमा सम्पन्न गरिएको छ, जसले गर्दा यस योजनाप्रति सबै पक्षको उच्च अपनत्व कायम भएको छ।<br>• प्रबोधीकरण र अभिमुखीकरणः योजनाको सफल कार्यान्वयन सुनिश्चित गर्न, स्वीकृतिपूर्व जिम्मेवार निकाय र सरोकारवालाहरूलाई योजनाका लक्ष्य, रणनीति र कार्यविधिबारे प्रबोधीकरण एवं अभिमुखीकरण गरिएको छ।<br>• नीतिगत र बजेटरी तादाम्यताः गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम र बजेट तर्जुमा गर्दा यस दशवर्षीय शिक्षा योजनालाई अनिवार्य आधारका रूपमा लिई कार्यक्रमहरू प्रस्ताव गर्नुपर्ने व्यवस्थालाई सुनिश्चित गरिएको छ। |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | • चक-आधारित विश्लेषणः गाउँपालिकाको समग्र शैक्षिक अवस्थालाई स्पष्ट पार्न स्थानीय तहभित्रका शैक्षिक सूचकहरू (Educational Indicators) र आवश्यक तथ्याङ्कहरूलाई योजनामा अद्यावधिक गरिएको छ।<br>• प्रमाण-आधारित योजनाः उपलब्ध तथ्याङ्कहरूको सूक्ष्म विश्लेषण र भविष्यको आवश्यकताको प्रक्षेपणका आधारमा कार्यक्रमहरू तर्जुमा गरिएको छ, जसले योजनालाई थप वस्तुनिष्ठ र प्रमाण-आधारित (Evidence-based) बनाएको छ। |
| १० | अनुगमन र | • संस्थागत अनुगमन संरचनाःयोजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउन र |

| | | |
|---|---|---|
| | प्रतिवेदन | नतिजा सुनिश्चित गर्न विभिन्न तहका अनुगमन तथा मूल्याङ्कन संयन्त्रहरू (Monitoring and Evaluation Mechanisms) को व्यवस्था गरिएको छ।<br>• नियमित समीक्षा र प्रतिवेदनःयोजना कार्यान्वयनको चरणबद्ध अनुगमन, आवधिक समीक्षा र वस्तुनिष्ठ प्रतिवेदन तयार गर्ने प्रणालीलाई सुदृढ बनाइएको छ, जसले योजनाको लक्ष्य प्राप्तिको सुनिश्चितता गर्नेछ। |

## ७. योजनाको दस्तावेजको स्वरूप

यस दशवर्षीय शिक्षा योजनालाई व्यवस्थित र विषयगत रूपमा देहायका परिच्छेदहरूमा विभाजन गरिएको छः

**परिच्छेद १ (पृष्ठभूमि)**ः स्थानीय तहको शैक्षिक पृष्ठभूमि, विद्यमान समस्या, चुनौतीहरू र प्राप्त अवसरहरूको विश्लेषण गरिएको छ।

**परिच्छेद २ (रणनीतिक रूपरेखा)**ः योजनाको दूरदृष्टि (Vision), ध्येय (Mission), उद्देश्य, रणनीति तथा प्रमुख अपेक्षित उपलब्धिहरू प्रस्तुत गरिएको छ।

**परिच्छेद ३ (उपक्षेत्रगत योजना)**ः विद्यालय शिक्षाका प्रमुख उपक्षेत्रहरू; जस्तै' प्रारम्भिक बाल विकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा तथा अनौपचारिक शिक्षा र आजीवन सिकाइका लागि कार्ययोजनाहरू समावेश गरिएका छन्।

**परिच्छेद ४ (अन्तर्सम्बन्धित विषयहरू)**ः शैक्षिक गुणस्तर र व्यवस्थापनसँग सम्बन्धित विषयहरू जस्तै' पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक विकास तथा व्यवस्थापन, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, विपद् व्यवस्थापन, विद्यालय भौतिक विकास, र सूचना तथा सञ्चार प्रविधि (ICT) लाई समेटिएको छ।

**परिच्छेद ५ (सुशासन तथा व्यवस्थापन)** ः योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास तथा समग्र व्यवस्थापन एवं अनुगमन र प्रतिवेदन प्रणालीको खाका तयार पारिएको छ।

**परिच्छेद ६ (स्रोत व्यवस्थापन)**ः योजनाको कार्यान्वयनका लागि आवश्यक पर्ने लगानी, स्रोतको पहिचान र परिचालनका विधिहरू उल्लेख गरिएको छ।

**परिच्छेद ७ (अनुगमन तथा मूल्याङ्कन)**ः योजनाको कार्यान्वयनको अवस्था जाँच्न र नतिजा मापन गर्न अवलम्बन गरिने अनुगमन तथा मूल्याङ्कनका तौरतरिकाहरू प्रस्तुत गरिएको छ।

# १: वर्तमान अवस्था

## १.पृष्ठभूमि

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संस्थागत र सुदृढ तुल्याउँदै नागरिकको मौलिक हकका रूपमा रहेको 'आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने संवैधानिक व्यवस्थाको पूर्ण कार्यान्वयन गर्न थुलुङ दुधकोशी गाउँपालिका प्रतिबद्ध छ। आदिवासी, जनजाति, दलित, सीमान्तकृत तथा पिछडिएको समुदायका बालबालिकाहरूको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्दै समाजको विविधता र आवश्यकतालाई आत्मसात् गर्नु गाउँपालिकाको प्रमुख प्राथमिकता हो। उत्पादनशील जीवनयापनका लागि आवश्यक कार्यमूलक एवं जीवनोपयोगी सिप विकासका अवसरहरू सिर्जना गर्दै समता, गुणस्तर, सक्षमता, अनुशासन र उत्थानशीलतालाई केन्द्रविन्दुमा राखी गाउँपालिकाले यो 'गाउँ शिक्षा योजना' तर्जुमा गरेको छ।

नेपालको संविधानको मर्म र संघीयताको भावनाअनुरूप तीन तहका सरकारको भूमिकालाई आत्मसात् गर्दै, स्थानीय सरकार सञ्चालन ऐनले तोकेको अधिकार र दायित्व पूरा गर्न गाउँपालिका क्रियाशील छ। वि.सं. २०७३ सालमा साविकका नेले, कांगेल, पञ्चन, जुबु, मुक्ली, देउसा र लोखिम गाविसहरूलाई एकीकृत गरी थुलुङ दुधकोशी गाउँपालिकाको स्थापना भएको हो। थुलुङ राई समुदायको बाहुल्यता र यस क्षेत्रको प्रमुख नदी 'दुधकोशी' को संगमबाट नामकरण गरिएको यस गाउँपालिकाले आफ्ना नागरिकको शैक्षिक उन्नयनलाई आफ्नो नीतिगत प्राथमिकतामा राखेको छ।

### १.१.१ भौगोलिक अवस्था

सगरमाथाको काखमा अवस्थित थुलुङ दूधकोशी गाउँपालिका कोशी प्रदेशअन्तर्गत सोलुखुम्बु जिल्लाको दक्षिण–पूर्वी भागमा अवस्थित एक विशिष्ट भौगोलिक पहिचान बोकेको स्थानीय तह हो। साविकका नेले, काँगेल, पञ्चन, जुबु, मुक्ली तथा देउसा र लोखिम गाउँ विकास समितिहरूलाई एकीकृत गरी निर्माण गरिएको यस गाउँपालिकाको प्रशासनिक केन्द्र साविकको मुक्लीमा रहेको छ। समुद्री सतहबाट ६०० मिटरदेखि ३,००० मिटरको उचाइसम्म फैलिएको यस गाउँपालिकाको कुल क्षेत्रफल १४४.६० वर्ग किलोमिटर रहेको छ।

यस गाउँपालिकाको सिमाना पूर्वमा सोताङ गाउँपालिका, पश्चिममा सोलुदूधकुण्ड नगरपालिका, उत्तरमा माप्य दूधकोशी गाउँपालिका तथा दक्षिणमा नेचासल्यान गाउँपालिका र खोटाङ जिल्लाको ऐसेलुखर्क गाउँपालिकासँग जोडिएको छ।

भौगोलिक रूपमा पहाडी तथा पर्वतीय भू–धरातलले बनेको यस गाउँपालिकामा नदी–नालाहरूको सघन प्रणाली तथा गहिरा नदीघाटी (नदीकटान) का कारण विविधतायुक्त भू–आकृतिक संरचना पाइन्छ। यहाँको हावापानीमा उचाइअनुसार उष्ण, समशीतोष्ण तथा शीत जलवायुको सम्मिश्रण रहेको छ, जसले कृषि, जडीबुटी तथा पर्यटन विकासका लागि प्रचुर सम्भावना बोकेको छ।

भौगोलिक विकटताका बाबजुद पनि धार्मिक सहिष्णुता, बहुजातीय एकता तथा सांस्कृतिक सम्पदा यस क्षेत्रका प्रमुख विशेषता हुन्। प्राकृतिक स्रोतले सम्पन्न यस गाउँपालिकामा भौतिक पूर्वाधारको विकाससँगै शैक्षिक पहुँच तथा गुणस्तर अभिवृद्धि गर्नु समग्र गाउँपालिकाको प्रमुख प्राथमिकता रहेको छ। छरिएर रहेका बस्तीहरूलाई सहज पहुँचको दायरामा ल्याई शैक्षिक पूर्वाधारलाई भूगोलअनुकूल व्यवस्थित गर्नु यस गाउँपालिकाका मुख्य चुनौती तथा अवसर दुवै हुन्।

## १ २.१.जनसाङ्ख्यिक विवरण

कुनै पनि स्थानीय तहको समग्र विकास योजना तथा शैक्षिक योजना तर्जुमा गर्दा जनसाङ्ख्यिक अवस्थाको विश्लेषण महत्वपूर्ण आधारका रूपमा रहने गर्दछ। जनसङ्ख्याको आकार, वितरण, उमेर समूह, लिङ्ग अनुपात, जातीय तथा भाषिक विविधता, बसोबासको स्वरूप, साक्षरता, आर्थिक अवस्था तथा बसाईंसराइको प्रवृत्तिले शिक्षाको पहुँच, गुणस्तर, समावेशिता र व्यवस्थापनमा प्रत्यक्ष प्रभाव पार्दछ।

यस स्थानीय तहको जनसाङ्ख्यिक विवरणले कुल जनसङ्ख्या, घरधुरी संख्या, महिला—पुरुष अनुपात, बालबालिकाको जनसङ्ख्या, विद्यालय उमेर समूहका बालबालिकाको अवस्था, जातीय तथा धार्मिक संरचना, मातृभाषा, अपाङ्गता भएका व्यक्तिको संख्या, गरिबीको अवस्था तथा बसाईंसराइको प्रवृत्तिलगायतका सूचकहरूलाई समेट्दछ। यी तथ्याङ्कहरूको विश्लेषणका आधारमा विद्यालय शिक्षाको पहुँच विस्तार, शैक्षिक अवसरको समानता, स्रोत तथा साधनको उचित वितरण र आवश्यकता-आधारित कार्यक्रम तर्जुमा गर्न सहज हुने अपेक्षा गरिएको छ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार थुलुङ दुधकोशी गाउँपालिका जनसांख्यिक दृष्टिकोणले सोलुखुम्बु जिल्लाकै गाउँपालिका मध्ये सबैभन्दा ठूलो गाउँपालिका हो। गाउँपालिकाको कुल जनसंख्या १८,३५४ रहेको छ, जसमा महिला ५०.१% (९,१९५ जना) र पुरुष ४९.९% (९,१५९ जना) को अनुपात रहेको छ। यसले पालिकामा ९९.५९ को लैङ्गिक अनुपात (Sex Ratio) झल्काउँछ, जसले महिला र पुरुषको संख्यात्मक सन्तुलनलाई स्पष्ट पारेको छ। गाउँपालिकामा कुल ४,६२४ घरधुरी रहेका छन् भने प्रति परिवार औसत सदस्य संख्या (Family Size) ३.९७ रहेको छ। भौगोलिक क्षेत्रफलको आधारमा यहाँको जनघनत्व (Population Density) प्रति वर्ग किलोमिटर १२७ जना रहेको छ।

शैक्षिक तथा सामाजिक अवस्थालाई हेर्दा, कुल जनसंख्याको साक्षरता दर ७३.२% रहेको छ, जसमा पुरुष साक्षरता दर ८०.६% र महिला साक्षरता दर ६५.९% छ। साक्षरताको यो दरले महिला र पुरुषबीचको शैक्षिक खाडललाई कम गर्न थप कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकतालाई देखाउँछ। त्यसैगरी, अपाङ्गता भएका व्यक्तिहरूको जनसंख्या कुल जनसंख्याको २.७% रहेको छ, जसमध्ये महिलाको हिस्सा २.५% र पुरुषको हिस्सा २.९% छ।

जनसांख्यिक वितरणको यो अवस्थाले गाउँपालिकाभित्रको सामाजिक बनोट, पारिवारिक संरचना र मानव विकासको सूचकाङ्कलाई प्रस्ट्याउँछ। बढ्दो घरधुरी संख्या र जनघनत्वलाई मध्यनजर गर्दै शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई समावेशी, लक्षित र पहुँचयोग्य बनाउनु यस गाउँपालिकाको प्रमुख दायित्व हो। विशेषगरी साक्षरता दरमा देखिएको लैङ्गिक भिन्नतालाई चिर्दै शतप्रतिशत साक्षरता हासिल गर्ने र अपाङ्गता भएका व्यक्तिहरूको पहुँचलाई सुनिश्चित गर्नु यस गाउँ शिक्षा योजनाको दीर्घकालीन लक्ष्यसमेत रहेको छ।

*श्रोत: जनगणना २०७८*

**थुलुङ दुधकोशी गाउँपालिकाको जनसङ्ख्या विवरण**

| थुलुङ दुधकोशी गाउँपालिकाको उमेरगत जनसंख्या विवरण | | | |
|---|---|---|---|
| उमेर समूह | जम्मा | पुरुष | महिला |
| सबै उमेर समूह | १८३५४ | ९१५८ | ९१९६ |
| ०-४ | १५०६ | ७६९ | ७३७ |
| ५-९ | १६२० | ८२७ | ७९३ |
| १०-१४ | १७९६ | ९०५ | ८९१ |
| १५-१९ | १७४० | ८६८ | ८७२ |
| २०-२४ | १६८१ | ८५७ | ८२४ |
| २५-२९ | १४६९ | ७६६ | ७०३ |
| ३०-३४ | १२१३ | ६०८ | ६०५ |
| ३५-३९ | १०६७ | ५२१ | ५४६ |
| ४०-४४ | ९४८ | ४३९ | ५०९ |
| ४५-४९ | ८५८ | ३९५ | ४६३ |
| ५०-५४ | १०६९ | ५१७ | ५५२ |
| ५५-५९ | ८७८ | ४०६ | ४७२ |
| ६०-६४ | ७८४ | ४०८ | ३७६ |
| ६५-६९ | ६१५ | ३१५ | ३०० |
| ७०-७४ | ५०७ | २४९ | २५८ |
| ७५-७९ | ३२५ | १५६ | १६९ |
| ८०-८४ | १६४ | ९५ | ६९ |
| ८५-८९ | ८४ | ४३ | ४१ |
| ९०-९४ | २६ | ११ | १५ |
| ९५+ | ४ | ३ | १ |

| थुलुङ दुधकोशी गाउँपालिकाको उमेरगत विद्यालय उमेर समूहको जनसंख्या विवरण | | | |
|---|---|---|---|
| उमेर | जम्मा | पुरुष | महिला |
| ० वर्ष | २८७ | १६० | १२७ |
| १ वर्ष | २७७ | १४१ | १३६ |
| २ वर्ष | २७९ | १३३ | १४६ |
| ३ वर्ष | ३४६ | १७२ | १७४ |
| ४ वर्ष | ३१७ | १६३ | १५४ |
| ५ वर्ष | ३१४ | १५८ | १५६ |
| ६ वर्ष | ३६५ | १९३ | १७२ |
| ७ वर्ष | ३०८ | १५७ | १५१ |
| ८ वर्ष | ३२७ | १६८ | १५९ |
| ९ वर्ष | ३०६ | १५१ | १५५ |
| १० वर्ष | ३५४ | १८० | १७४ |
| ११ वर्ष | ३१९ | १६५ | १५४ |
| १२ वर्ष | ३७६ | १९२ | १८४ |
| १३ वर्ष | ३६४ | १९६ | १६८ |
| १४ वर्ष | ३८३ | १७२ | २११ |
| १५ वर्ष | ३५८ | १७८ | १८० |
| १६ वर्ष | ३४९ | १७३ | १७६ |
| १७ वर्ष | ३४६ | १७३ | १७३ |
| १८ वर्ष | ४०९ | २१३ | १९६ |

| थुलुङ दुधकोशी गाँउपालिकाको वडागत जनसंख्या विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा | घरपरिवार संख्या | जनसंख्या | | | औसत घरपरिवार आकार | लिङ्ग अनुपात |
| | | जम्मा | पुरुष | महिला | | |
| जम्मा | ४६२४ | १८३५४ | ९१५८ | ९१९६ | ३.९७ | ९९.५९ |
| १ | ६३७ | २४०२ | ११६९ | १२३३ | ३.७७ | ९४.८१ |
| २ | ४३१ | १७५० | ८६३ | ८८७ | ४.०६ | ९७.२९ |
| ३ | ३५१ | १४५६ | ७३१ | ७२५ | ४.१५ | १००.८३ |
| ४ | ३४२ | १३१६ | ६४० | ६७६ | ३.८५ | ९४.६७ |
| ५ | ५०१ | १९२१ | ९५३ | ९६८ | ३.८३ | ९८.४५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | ५७६ | २२४४ | ११२७ | १११७ | ३.९० | १००.९० |
| ७ | ४८० | २००३ | १००३ | १००० | ४.१७ | १००.३० |
| ८ | ४९४ | १९७६ | १०१४ | ९६२ | ४.०० | १०५.४१ |
| ९ | ८१२ | ३२८६ | १६५८ | १६२८ | ४.०५ | १०१.८४ |

## १.१.३ सामाजिक तथा सांस्कृतिक अवस्था

थुलुङ दुधकोशी गाउँपालिका विभिन्न जातजाति, भाषा र संस्कृतिको अनुपम संगमस्थल हो। यहाँ मिश्रित बसोबास रहे तापनि थुलुङ राई समुदायको बाहुल्यता रहेको छ। यसका अतिरिक्त क्षेत्री, गुरुङ, तामाङ, ब्राह्मण, सुनुवार, नेवार, माझी, कामी, दमाइ, दशनामी, सार्की र भुजेल लगायतका विभिन्न जातजातिहरूको बसोबासले यहाँको सामाजिक विविधतालाई जीवन्त बनाएको छ। धार्मिक दृष्टिकोणले यहाँका बासिन्दाहरू हिन्दु, बौद्ध, किराँत र क्रिश्चियन धर्मको पालना गर्दछन्, जसले समाजमा प्रगाढ धार्मिक सहिष्णुता र सद्भाव कायम गरेको छ। जालिमदेवी, कालिकादेवी, देवीथान र भूमेथान जस्ता मठ-मन्दिर तथा धार्मिक स्थलहरूले यहाँको सांस्कृतिक र धार्मिक महत्वलाई थप गरिमामय बनाएका छन्। साथै, सुकेपोखरी, दुधकोशी नदी र काँगेल डाँडा जस्ता प्राकृतिक तथा पर्यटकीय गन्तव्यहरूले स्थानीय संस्कृतिको विकासमा थप टेवा पुऱ्याएका छन्। यसरी बहुसांस्कृतिक र बहुधार्मिक सहिष्णुता नै यस गाउँपालिकाको प्रमुख सामाजिक पहिचान हो।

## १.१.४ आर्थिक अवस्था

थुलुङ दुधकोशी गाउँपालिकाको अर्थतन्त्र कृषि, पशुपालन र प्राकृतिक स्रोतमा आधारित छ। यस पालिकामा कृषि मुख्य पेशा भएता पनि वैदेशिक रोजगारी, व्यापार-व्यवसाय, पर्यटन र नोकरी पनि जीविकोपार्जनका प्रमुख आधारहरू हुन्। कृषि क्षेत्रको विकासका लागि यो गाउँपालिका सुन्तला र किवीको पकेट क्षेत्रका रूपमा सम्भावना बोकेको छ, साथै यहाँ मकै, धान, कोदो, गहुँ, फापर र उवा जस्ता खाद्यान्न तथा आलु, अदुवा, बेसार, खुर्सानी, कफी, अलैची लगायतका नगदे बालीहरूको उत्पादन राम्रो हुने गर्दछ। पर्वतीय भूगोलको सदुपयोग गर्दै यहाँ सुन्तला, कागती, नास्पाती र स्याउ जस्ता फलफूलहरूको व्यावसायिक उत्पादनको सम्भावना छ। यसका अतिरिक्त, यहाँको प्राकृतिक सम्पदाको रूपमा रहेको दुधकोशी नदीबाट संकलित बालुवा, गिट्टी र ढुङ्गाका साथै विभिन्न जलविद्युत आयोजनाहरू पालिकाको आर्थिक स्रोतका मुख्य आधारहरू हुन्।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यहाँको जनशक्तिको कार्यकुशलता र संलग्नतालाई विश्लेषण गर्दा, ६ महिनाभन्दा बढी काम गर्ने सक्रिय जनसंख्या ५०.२% रहेको छ, भने ६ महिनासम्म काम गर्ने १४.१% र ३ महिनाभन्दा कम काम गर्ने १४.१% छन्। यस तथ्याङ्कले २०.१% जनसंख्या कुनै पनि आर्थिक गतिविधिमा संलग्न नभएको देखाउँछ। साथै, उच्च लेकाली भू-भागमा पाइने चिराइतो, सुगन्धवाल, तिमुर, पाँचऔंले, जटामसी र अमला/हर्रो/बर्रो जस्ता बहुमूल्य जडीबुटीहरूले यस पालिकाको आर्थिक क्षमतालाई थप फराकिलो बनाएका छन्। समग्रमा, विद्यमान कृषि उपज, प्राकृतिक स्रोत र जडीबुटीको आधुनिक प्रशोधन र बजारीकरण गर्न सकेमा गाउँपालिकाको आर्थिक विकासमा ठूलो टेवा पुग्ने देखिन्छ।

## १.१.५ शैक्षिक अवस्था

थुलुङ दुधकोशी गाउँपालिकाको शैक्षिक तथ्याङ्कको विश्लेषण गर्दा, गाउँपालिकाभित्र कुल ५४ वटा विद्यालय सञ्चालनमा रहेका छन्, जसमध्ये ४९ वटा सामुदायिक, ३ वटा धार्मिक र २ वटा संस्थागत (निजी) विद्यालय समावेश छन्। सामुदायिक विद्यालयहरूमध्ये ३९ वटा आधारभूत विद्यालय (३२ वटा प्राथमिक तह १-५ र ७ वटा निम्न माध्यमिक तह ६-८) र १० वटा माध्यमिक विद्यालय (१ वटा तह ९-१० र ९ वटा तह ११-१२) रहेका छन्। धार्मिक विद्यालयहरू तीनवटै आधारभूत तह (१-५) मा सञ्चालित छन् भने संस्थागत विद्यालयहरूमध्ये १ वटा आधारभूत (१-५) र १ वटा आधारभूत (६-८) तहमा सञ्चालित छन्। यसका साथै, बालबालिकाको प्रारम्भिक शिक्षा तथा विकासका लागि ५२ वटा बालविकास केन्द्रहरू (५० वटा सामुदायिक र २ वटा संस्थागत) सञ्चालित रहेका छन्।

शैक्षिक जनशक्तिको हकमा हेर्दा, सामुदायिक विद्यालयहरूमा हाल कुल २५९ जना दरबन्दी शिक्षक (स्थायी १७४ र करार ८५) कार्यरत रहेका छन् भने करिब १ जना दरबन्दी पद रिक्त रहेको देखिन्छ। यसका अतिरिक्त ४५ जना राहत शिक्षक, संघीय/अन्य अनुदानबाट कार्यरत १० जना र गाउँपालिकाको अन्य स्रोतबाट कार्यरत ३२ जना गरी सामुदायिक विद्यालयहरूमा मात्रै जम्मा ३४६ जना शिक्षकहरू शिक्षण कार्यमा संलग्न छन्। तहगत रूपमा हेर्दा सबैभन्दा बढी शिक्षक आधारभूत (१-५) तहमा (१४७ जना दरबन्दी) कार्यरत रहेको पाइन्छ।

विद्यालयको प्रशासनिक व्यवस्थापनलाई चुस्त बनाउन सामुदायिक विद्यालयहरूमा हाल १० जना विद्यालय सहायक (लेखा सम्बन्धी), ४८ जना विद्यालय सहयोगी र १ जना विद्यालय नर्स गरी कुल ५९ जना कर्मचारी कार्यरत छन्।

विद्यार्थी सङ्ख्याको विश्लेषण गर्दा, गाउँपालिकाभित्रका विद्यालय तथा बालविकास केन्द्रहरूमा हाल कुल ३,६१६ विद्यार्थीहरू अध्ययनरत छन्, जसमा छात्र १,८१३ र छात्रा १,८०३ रहेका छन्, जसले लैङ्गिक सहभागितामा लगभग सन्तुलन कायम रहेको देखाउँछ। तहगत रूपमा हेर्दा बालविकास तहमा ४८३ (छात्र २७४, छात्रा २०९), आधारभूत (१-५) तहमा १,५२७, आधारभूत (६-८) तहमा ८७१, माध्यमिक (९-१०) तहमा ५३१ र माध्यमिक (११-१२) तहमा २०४ विद्यार्थीहरू अध्ययनरत छन्।

**थुलुङ दुधकोशी गाउँपालिकामा अध्ययनरत विद्यार्थी र कार्यरत शिक्षक र विद्यालयको विवरण निम्नानुसार रहेको छः**

**यस पालिकाको बिद्यालयको विवरण देहाय अनुसार रहेको छ ।**

| विद्यालयका प्रकार | सामुदायिक | | धार्मिक | | संस्थागत | |
|---|---|---|---|---|---|---|
| विद्यालयका विवरण | तह | इकाइ | तह | इकाइ | तह | इकाइ |
| बालबिकास र शिक्षा | ५५ | ५० | ० | ० | २ | २ |
| आधारभूत (१-५) | ४९ | ३२ | ३ | ३ | २ | १ |

| विद्यालयका प्रकार | सामुदायिक | | धार्मिक | | संस्थागत | |
|---|---|---|---|---|---|---|
| विद्यालयका विवरण | तह | इकाइ | तह | इकाइ | तह | इकाइ |
| आधारभूत (६-८) | १७ | ७ | ० | ० | १ | १ |
| माध्यामिक (९-१०) | १० | १ | ० | ० | ० | ० |
| माध्यामिक (११-१२) | ९ | ९ | ० | ० | ० | ० |
| जम्मा | | ४९ | | ३ | | २ |

*श्रोतः IEMIS थुलुङ दुधकोशी गाउँपालिका २०८२*

यस पालिकाको शिक्षकको विवरण देहाय अनुसार रहेको छ ।

| शिक्षकको प्रकार | दरबन्दी (सामुदयिक) | | | राहत (सामुदायिक) | | संघीय अनुदान (सामुदायिक) | | अन्य (सामुदयिक) | धार्मिक | गाउँपालिका शिक्षण अनुदान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| बिबरण | कार्यरत | | रिक्त | कार्यरत | रिक्त | कार्यरत | रिक्त | कार्यरत | सबै | करार |
| | स्थायी | करार | | | | | | | | |
| प्रारम्क बाल बिकास सहजकर्ता | ० | ४८ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| आधारभूत (१-५) | १२६ | २४ | ० | १६ | ० | ० | ० | ० | ३ | १८ |
| आधारभूत (६-८) | ३० | १ | ० | ९ | ० | ३ | ० | ० | ० | २ |
| माध्यामिक (९-१०) | १८ | ६ | ० | १३ | ० | ५ | ० | ० | ० | ६ |
| माध्यामिक(११-१२) | ० | ६ | ० | ४ | ० | ० | ० | ० | ० | १ |
| माध्यामिक प्राबिधिक(९-१०) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| माध्यामिक प्राबिधिक(११-१२) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | १७४ | ८५ | | ४२ | ० | ८ | ० | ० | ० | २७ |

यस पालिकाको बिद्यालयको कर्मचारी विवरण देहाय अनुसार रहेको छ ।

| विद्यालय सहायक कर्मचारी | | | विद्यालय सहयोगी | | | विद्यालय नर्स | | | अन्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | संस्थागत | धार्मिक | सामुदायिक | संस्थागत | धार्मिक | सामुदायिक | संस्थागत | धार्मिक | सामुदायिक | संस्थागत | धार्मिक |
| १० | ० | ० | ५० | ० | ० | ३ | ० | ० | ० | ० | ० |

**यस पालिकाको बिद्यार्थिको विवरण देहाय अनुसार रहेको छ ।**

| तह | कक्षा | बिद्यार्थी सँख्या | | |
|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा |
| बालबिकास र शिक्षा | बालबिकास | २७४ | २०९ | ४८३ |
| आधारभूत (१-५) | कक्षा १ | १४९ | १६१ | ३१० |
| | कक्षा २ | १३९ | १४६ | २८५ |
| | कक्षा ३ | १५७ | १६५ | ३२२ |
| | कक्षा ४ | १५५ | १५४ | ३०९ |
| | कक्षा ५ | १५१ | १५० | ३०१ |
| आधारभूत (६-८) | कक्षा ६ | १५३ | १५३ | ३०६ |
| | कक्षा ७ | १३६ | १४२ | २७८ |
| | कक्षा ८ | १४७ | १४० | २८७ |
| माध्यामिक (९-१०) | कक्षा ९ | ११६ | १४० | २५६ |
| | कक्षा १० | १३८ | १३७ | २७५ |
| माध्यामिक (११-१२) | कक्षा ११ | ६२ | ६१ | १२३ |
| | कक्षा १२ | ३६ | ४५ | ८१ |
| **जम्मा** | | **१८१३** | **१८०३** | **३६१६** |

*श्रोत: IEMIS थुलुङ दुधकोशी गाउँपालिका २०८२*

## १.२ शिक्षा क्षेत्रका समस्या

थुलुङ दुधकोशी गाउँपालिकाको विद्यालय शिक्षा क्षेत्रमा केही महत्वपूर्ण चुनौती र समस्याहरू विद्यमान छन्, जसले गुणस्तरीय शिक्षाको लक्ष्य प्राप्त गर्नमा अवरोध सिर्जना गरिरहेका छन्। यी समस्याहरूलाई निम्न बुँदाहरूमा विश्लेषण गर्न सकिन्छः

**१. शैक्षिक पहुँच र सहभागितासम्बन्धी समस्याः**

- सबैका लागि समतामूलक, समावेशी एवम् गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न नसकिनु।
- विद्यालय उमेर समूहका सबै बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउन नसक्नु र बालबालिकाहरूमा बीचैमा विद्यालय छाड्ने (Drop-out) र कक्षा दोहोऱ्याउने (Repeat) दर उच्च रहनु।
- विशेष शैक्षिक आवश्यकता भएका बालबालिकाहरूको पहिचान र सम्बोधनमा कमी।

**२. शैक्षिक गुणस्तर र व्यवस्थापनसम्बन्धी समस्याः**

- लक्षित समूहका बालबालिकाको भर्ना, सहभागिता र सिकाइ उपलब्धि अपेक्षित स्तरमा पुग्न नसक्नु।
- शैक्षिक सुधारका लागि 'गुणस्तर'को स्पष्ट परिभाषा गर्न नसकिनु र विद्यालयस्तरीय पाठ्यक्रमलाई बालमैत्री, मनोवैज्ञानिक र समय-सान्दर्भिक बनाउन नसक्नु।

- तहगत, क्षेत्रगत तथा विषयगत रूपमा शिक्षक व्यवस्थापन र विद्यार्थी-शिक्षक अनुपात मिलान गर्न नसक्नु।

**३. संस्थागत र पेसागत  क्षमताको अभावः**

- शिक्षकहरूलाई पुनर्ताजगी तालिमको उपलब्धता कम हुनु र तालिम प्राप्त शिक्षकहरूले समेत सिकेका ज्ञान तथा सिप लाई कक्षाकोठामा प्रयोग गर्न नसक्नु।
- शिक्षकलाई पेसागत  सहयोग गर्ने प्रणालीको अभाव हुनु र दक्ष जनशक्तिको व्यवस्थापन तथा क्षमता अभिवृद्धिमा कठिनाइ हुनु।
- शैक्षिक सुधारका लागि विद्यमान संरचना र पद्धतिको क्षमता अभिवृद्धि गर्न नसक्नु।

**४. सरोकारवालाको संलग्नता र सुशासनः**

- विद्यालय सञ्चालन र व्यवस्थापनमा समुदायको सहभागिता, अपनत्वको भावना र अभिभावकहरूको विश्वास सुदृढ गर्न नसक्नु।
- शिक्षा क्षेत्रका सबै तहमा सुशासनको पूर्ण प्रत्याभूति गर्न नसक्नु र पठन संस्कृतिको विकासका लागि सार्वजनिक पुस्तकालय प्रणाली विकसित हुन नसक्नु।
- तत्काल नतिजा खोज्ने प्रवृत्ति र शैक्षिक कार्यक्रमहरूको दिगोपनामा कमी।

**५. कानुनी र स्रोत परिचालनका चुनौतीहरूः**

- शिक्षासम्बन्धी संवैधानिक तथा कानुनी अधिकार कार्यान्वयन गर्न आवश्यक स्रोतको अभाव।
- तीन तहका सरकारहरूबीच स्पष्ट जिम्मेवारी र कार्यसम्पादनमा अन्योलता कायम रहनु।
- लक्षित वर्गसम्म पुग्ने कार्यक्रम र बजेट निर्धारणमा कमी, प्राविधिक शिक्षामा न्यून पहुँच र दक्ष जनशक्तिको पलायनलाई नियन्त्रण गर्न नसक्नु।

यी चुनौतीहरूको समाधानका लागि गाउँपालिकाले शिक्षा नीति, संस्थागत सुधार, शिक्षकको पेसागत  विकास र स्थानीय स्तरमा अपनत्व अभिवृद्धि गर्ने कार्यक्रमहरूलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता टड्कारो रूपमा देखिएको छ।

## १.३ शिक्षा क्षेत्रका चुनौतीहरु

विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पूर्वाधारको विकास, समतामूलक पहुँच र गुणस्तर सुनिश्चितता सहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण बढाउनु यस गाउँपालिकाको विद्यालय शिक्षा क्षेत्रको प्रमुख चुनौती रहेको छ। विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु तथा सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधारसहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु पनि उत्तिकै महत्त्वपूर्ण रहेका छन्। यसका साथै, शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाई उद्यमशील, समालोचनात्मक र अन्वेषणकारी नागरिक तयार गर्नु

गाउँपालिकाको प्रमुख लक्ष्य हो। विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु, र प्राविधिक तथा व्यावसायिक शिक्षा विकासका लागि आवश्यक भौतिक पूर्वाधार, प्राविधिक जनशक्ति र समन्यायिक पहुँच सुनिश्चित गर्न स्रोत-साधनको उपलब्धता र व्यवस्थापन गर्नु पनि यस क्षेत्रका उल्लेखनीय चुनौती हुन्। यसैगरी, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, क्षमतावान युवालाई स्थानीय तहमै सेवा गर्ने अवसर सिर्जना गर्नु, जनसाङ्ख्यिक बनोट तथा आन्तरिक-बाह्य बसाइँसराइको प्रवृत्ति समेतको अध्ययन गरी शैक्षिक संस्थाहरूको नक्साङ्कन गर्नु र सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरको सदुपयोग गर्नु विद्यालय शिक्षा क्षेत्रका अन्य प्रमुख चुनौतीका रूपमा रहेका छन्।

यी समग्र चुनौतीहरूलाई सम्बोधन गर्न निम्नानुसारका विशिष्ट कार्य दिशाहरू पहिचान गरिएको छः

- सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण बढाउने र सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु।
- सबै बालबालिकालाई प्रारम्भिक बालविकास तथा शिक्षा सुनिश्चित गर्न प्रारम्भिक बालविकास केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्डअनुसार सञ्चालन गर्नु।
- सबै बालबालिकालाई विद्यालय शिक्षामा भर्ना गराई गुणस्तरीय शिक्षण सिकाइ क्रियाकलापमार्फत उच्च सिकाइ उपलब्धि सुनिश्चित गर्नु।
- क्रमशः घट्दै गइरहेको विद्यार्थी सङ्ख्यालाई सम्बोधन गर्नु।
- अभिभावकहरूमा सामुदायिक विद्यालयप्रतिको विश्वास तथा चासो वृद्धि गर्नु।
- प्रविधिमैत्री शिक्षण सिकाइमार्फत गुणस्तर सुधारका लागि पूर्वाधार व्यवस्थापन तथा जनशक्तिको सक्षमता अभिवृद्धि गर्नु।
- स्थानीय मातृभाषामा पठनपाठन गराउँदा फरक भाषी विद्यार्थीका लागि उपयुक्त कक्षा व्यवस्थापन गर्नु।
- अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक आर्थिक स्रोतको समुचित प्रबन्ध गर्नु।
- दक्ष, योग्य, तालिमप्राप्त तथा सक्षम शिक्षकहरूको प्राप्ति, प्रयोग, उत्प्रेरणा एवम् विद्यालयमा टिकाइ राख्नुका साथै गणित, अंग्रेजी र विज्ञान जस्ता विषय शिक्षकहरूको पदपूर्ति समयमै गर्नु।
- विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ र अभिभावकहरूको भूमिकामा प्रभावकारिता अभिवृद्धि गर्नु।
- विद्यालय नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्नु।
- सबै विद्यालयको भौतिक र शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउनु।
- शिक्षक र शिक्षा क्षेत्रका जनशक्तिमा पेसागत जवाफदेहिता सुनिश्चित गर्नु।
- विद्यालय नेतृत्वको भूमिका सबलीकरण तथा शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्नु।
- शिक्षक सहायता प्रणालीको व्यवस्था र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र कार्यकुशलता वृद्धि गर्नु।
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक र विद्यार्थीको पहुँच विस्तार गरी सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्नु।
- विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउनु।

- बालबालिकाको पोषण अवस्था र स्वास्थ्यमा सुधार ल्याउन दिवा खाजा, सरसफाइ, स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा विद्यालयमार्फत प्रदान गर्नु।
- विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउनु।

## १.४ शिक्षा क्षेत्रका सवल पक्ष

शिक्षा क्षेत्रमा गरिएका योजनाबद्ध प्रयासहरुको परिणाम स्वरुप थुलुङ दुधकोशी गाउँपालिकाको विद्यालय शिक्षामा देहायका सबल पक्षहरु विद्यमान रहेका छन् ।

- ✓ विद्यालय शिक्षामा सबै बालबालिकाहरुको पहुँच रहेको
- ✓ आधाघण्टाको दुरीमा विद्यालयको उपलब्धता रहेको
- ✓ न्यूनतम भौतिक सुविधा उपलब्ध भएको
- ✓ विद्यार्थी भर्ना ९५ प्रतिशत भन्दा बढी भएको
- ✓ विद्यार्थी उपस्थिति दर ८० प्रतिशत भन्दा माथि रहेको
- ✓ तालिम प्राप्त शिक्षकको उपलब्धता रहेको
- ✓ बालमैत्री शिक्षण सिकाइ सुरु भएको
- ✓ स्थानीय सरकार एवम् सरोकारवालाहरुको निरन्तर रुपमा चासो बढेको
- ✓ विभिन्न सरकारी तथा गैरसरकारी संघ तथा संस्थाहरुसँगको सहकार्य रहेको
- ✓ मातृभाषा शिक्षण कार्यान्वयन तथा शिक्षकको व्यवस्था भएको
- ✓ सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि सेवा तथा  सामग्रीहरुको उपलब्धता रहेको
- ✓ गाउँपालिकाको स्थानीय शिक्षा ऐन तथा कार्यविधि निर्माण तथा कार्यान्वयन भएको
- ✓ ४१ ओटा आधारभूत विद्यालयमा फोरजी (इन्टरनेट) सेवा उपलब्ध भएको
- ✓ २१ बुँदे शैक्षिक श्वेतपत्र २०८१ जारी गरी कार्यान्वयन गरिएको ।

## १.४ शिक्षा क्षेत्रका अवसरहरु

शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्दै आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिने व्यवस्थाले शिक्षामा सहभागिता र पहुँचमा वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना हुनु, साक्षरता दरमा भएको वृद्धि, विद्यालय तहको खुद भर्नादर र लैङ्गिक समता सूचकाङ्कमा प्रगति देखिनु, समावेशी सहभागिता बढ्दै जानु, सामुदायिक विद्यालयप्रतिको चासो र जनअपेक्षा बढ्दै जानु, प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रारम्भ हुनु जस्ता विषयहरू शिक्षा क्षेत्रका अवसरहरू हुन्

- ✓ आधारभूत तहमा अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहमा निःशुल्क शिक्षाको लागि संवैधानिक, कानुनी र नीतिगत प्रबन्ध भएको
- ✓ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विद्यालय शिक्षा सम्बन्धी २३ ओटा अधिकार प्रदान गरेको
- ✓ स्थानीय तहमा शिक्षा क्षेत्रमा विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरूको क्रियाशीलता रहेको
- ✓ गुणस्तरीय शिक्षाप्रति अभिभावक एवम् सरोकारवालाहरूको चासो चिन्ता एवम् मोहमा बढोत्तरी भएको
- ✓ विद्यालय तहमा खुद भर्नादरमा उल्लेख्य वृद्धि भएको

- ✓ लैङ्गिक समता सूचकाङ्क सकरात्मक रहेको
- ✓ शिक्षाको विकासमा विभिन्न साझेदार संस्थाको लगानी र सहभागिता बृद्धि भइ रहेको
- ✓ शिक्षामा लगानीको लागि स्थानीय तहको प्रतिबद्धता एवम् तीनै तहको सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य भएको
- ✓ प्राविधिक शिक्षाको विस्तारले मानव स्रोत विकास सम्भवना रहेको
- ✓ स्थानीय शिक्षा ऐन, कार्यविधिको तर्जुमा भई कार्यान्वयनमा आएको तथा स्थानीय मातृभाषामा शिक्षाको थालनी भएको ।

# परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनु पर्ने आधार

स्थानीय तहको शिक्षा योजना केवल एउटा प्रशासनिक दस्तावेज मात्र नभएर शैक्षिक रूपान्तरणको मार्गचित्र हुनुपर्दछ। यसका लागि सर्वप्रथम संवैधानिक र कानुनी आधारहरूलाई आत्मसात् गर्नु अनिवार्य छ। नेपालको संविधानको अनुसूची ८ र ९ मा व्यवस्था गरिएका स्थानीय तहका एकल तथा साझा अधिकारको सूची, 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४' ले प्रदान गरेका २३ वटा अधिकार र अधिकार क्षेत्रभित्र रहेर निर्माण गरिएका स्थानीय कानुनहरू नै योजनाका जग हुन्। यी कानुनी आधारहरूलाई संघीय सरकारको राष्ट्रिय शिक्षा नीति, दश वर्षे शिक्षा क्षेत्र विकास योजना र नेपालले अन्तर्राष्ट्रिय मञ्चमा गरेका प्रतिबद्धताहरू (विशेष गरी दिगो विकास लक्ष्य-४) सँग सामञ्जस्य मिलाउनु पर्दछ।

योजनालाई वस्तुनिष्ठ बनाउन प्रमाणमा आधारित (Evidence-based) तथ्याङ्कहरूको प्रयोग गर्नु अर्को महत्त्वपूर्ण आधार हो। विद्यालय शिक्षा व्यवस्थापन सूचना प्रणाली (EMIS) मा रहेका तथ्याङ्कहरू'जस्तैः खुद भर्नादर, टिकाउ दर, कक्षा छाड्ने दर, शिक्षक-विद्यार्थी अनुपात, विद्यालयको भौगोलिक अवस्थिति, भौतिक पूर्वाधारको अवस्था र लैङ्गिक तथा सामाजिक समावेशिताका सूचकाङ्कहरूलाई आधार मानेर योजना बनाउँदा स्थानीय स्तरको आवश्यकता पहिचान गर्न सहज हुन्छ। यसका साथै, स्थानीय तहको भौगोलिक विकटता, बसाइँ-सराइको प्रवृत्ति, सामाजिक-सांस्कृतिक विविधता र स्थानीय मातृभाषाको संरक्षणजस्ता विशिष्ट पक्षहरूलाई योजनामा समावेश गर्नाले स्थानीय अपनत्व र सान्दर्भिकता बढ्छ।

आर्थिक आधारको रूपमा संघीय सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदानहरू र स्थानीय तहको आन्तरिक राजस्वको यथार्थ विश्लेषण गरी स्रोतको प्राथमिकीकरण गर्नु उत्तिकै आवश्यक छ। स्रोतको उपलब्धता र कार्यक्रमको प्राथमिकताबीच सन्तुलन कायम गर्दै योजना तर्जुमा गर्दा कार्यान्वयनमा सहजता आउँछ। यस प्रक्रियालाई प्रजातान्त्रिक बनाउन विद्यालय व्यवस्थापन समिति, शिक्षक-अभिभावक संघ, स्थानीय शिक्षाप्रेमी, शैक्षिक विज्ञ, नागरिक समाज र जनप्रतिनिधिहरूसँगको निरन्तर परामर्श तथा सहभागितामूलक छलफल अपरिहार्य छ। विगतका शैक्षिक योजनाहरूको समीक्षा, प्राप्त भएका सफल अभ्यासहरू र देखिएका चुनौतीहरूको आत्मसात् गर्दै आगामी दिनमा सुधार गर्नुपर्ने कार्यभारहरूलाई समेत यस योजनामा समेट्नुपर्छ। अन्त्यमा, विद्यालयमा शैक्षिक सुशासन, शिक्षकको पेसागत विकास, प्रविधिमैत्री सिकाइ पद्धति र विद्यालय नेतृत्वको प्रभावकारितालाई केन्द्रमा राख्दै निर्माण गरिएको योजनाले मात्रै स्थानीय तहमा गुणस्तरीय र समतामूलक शिक्षाको लक्ष्य प्राप्त गर्न ठोस योगदान पुऱ्याउन सक्दछ।

## २.२दीर्घकालीन सोच

**"समुन्नत थुलुङ दुधकोशी सबैको इच्छा,समतामूलक गुणस्तरीय, समावेशी, प्रविधिमैत्री र रोजगारमुलक शिक्षा"**

## २.३ लक्ष्य

**विद्यालय शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, नवप्रवर्तनशिल, व्यवहारिक, गुणस्तरीय एवम् समतामूलक बनाउदैसकारात्मक सोच भएका दक्ष एवम् सिपमूलक नागरिक उत्पादन गर्ने**

## २४. उद्देश्य

विद्यालय शिक्षालाई अधिकारमा आधारित शिक्षाको रुपमा प्रभावकारी ढंगले कार्यान्वयन गर्न यस योजनाका उद्देश्यहरु देहाय अनुसार हुनेछन्:

१. सबै बालबालिकाहरुलाई प्रारम्भिक वालविकास र शिक्षाको अनुभव सहित अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा समतामूलक पहुँच तथा गुणस्तर सुनिश्चित गर्नु ।

२. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार तथा संस्थागत सक्षमता अभिवृद्धि गर्नु ।

३. प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसरमा विस्तार तथा गुणस्तर सुधार गर्नु ।

४. शैक्षिक क्षेत्रलाई विभेद तथा दुर्व्यव्यवहारमुक्त बनाइ सिकारूमैत्री साथै प्रविधिमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुन सक्ने वातावरण तयार गर्नु,

५. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान, सिप र अभिवृद्धिको विकास गरी सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार गर्नु,

६. व्यावसायिक रूपमा दक्ष, योग्य, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही विषयगत तथा कक्षागत शिक्षकको व्यवस्था सुनिश्चित गर्नु,

७. विद्यालयमा सुशासन प्रवर्द्धन गरी बालबालिकाको सिकाइप्रति उत्तरदायी एवम् जवाफदेही प्रणालीको विकास गर्नु,

८. सूचना तथा सञ्चार प्रविधिको प्रयोग मार्फत विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षाको प्रबन्ध गर्नु,

९. आपत्कालीन र सङ्कटपूर्ण परिस्थितिमा समेत बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्नु,

## २.५. रणनीतिहरू

१. चार बर्ष उमेर पुगेका सबै बालबालिकाहरुलाई एक वर्षको प्रारम्भिक बालविकास र शिक्षा अनिवार्य गर्ने ।

२. अनिवार्य, नि:शुल्क र गुणस्तरीय आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्ने ।

३. नि:शुल्क माध्यमिक शिक्षामा समतामूलक पहुँचको सुनिश्चितता तथा संस्थागत क्षमता सुदृढीकरण गर्ने ।

४. युवाका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा, तालिम र सिप विकासको अवसर र पहुँच विस्तार गर्ने ।

५. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन मार्फत न्युनतम सिकाइ उपलब्धिको सुनिश्चितता सहित सबै विद्यालयमा गुणस्तर कायम गर्ने ।

६. पूर्वाधार तथा प्रविधिको विकास एवम् प्रयोग मार्फत सबै तहको शिक्षामा सिकाइ तथा सिकारुमैत्री वातावरण निर्माण गर्ने ।

७. अनौपचारिक शिक्षा तथा जीवन पर्यन्त सिकाइ अवसरहरुको विस्तार गर्ने।

८. शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण गर्ने ।

९. विपद् जोखिम न्यूनीकरण र विद्यालय सुरक्षाको उपाय अपनाउने र सामुदायिक विद्यालयप्रति समुदायको विश्ववास बढाउने ।

## २.६. कार्यनीति

- स्रोत सुनिश्चितताका लागि संघ, प्रदेश र गाँउपालिका एवम् गैरसरकारी संघ संस्थाहरुसँग लागत साझेदारी गरिनेछ ।
- प्रारम्भिक बालविकास शिक्षकको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।
- निर्धारित मापदण्ड अनुरूप सरसफाइ, बसाइँ व्यवस्था मिलाई खेलसामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो-भिडियो सामग्री सहित आकर्षक, मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ
- लक्षित समूहका बालबालिकालाई सेवाक्षेत्र रहेको सम्बन्धित विद्यालय, विद्यालय व्यवस्थापन समिति, वडा कार्यालयर गैरसरकारी निकायको सक्रियतामा विद्यार्थी भर्ना र घरदैलो कार्यक्रमलाई निरन्तरता दिइने तथा विद्यालय उमेर समूहका कुनै पनि बालबालिका विद्यालयबाहिर नरहेको घोषणा गरिनेछ ।
- विद्यालयमाविद्यार्थी टिकाइ राख्न र कक्षा छाड्ने समस्या समाधान गर्न दिवा खाजा, छात्रवृत्ति, नियमित स्वास्थ्य परीक्षण जस्ता प्रोत्साहनमूलक कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।
- स्वयंसेवक शिक्षक परिचालन वा एकमुष्ठ अनुदान मार्फत न्युनतम विषयगत शिक्षक व्यवस्था गर्न प्रदेश र संघीय सरकारसँग समन्वय गरिनेछ ।
- लागत साझेदारी कार्यक्रममार्फत आवश्यकता र प्राथमिकताका आधारमा विद्यालयहरूको भौतिक पूर्वाधार विकास गरिनेछ ।
- माध्यमिक शिक्षालाई पूर्णरूपमा निःशुल्क गरिनेछ । अति विपन्न र पिछडिएका समुदायका विद्यार्थीहरूका लागि छात्रवृत्तिको प्रबन्ध मिलाइनेछ ।
- विषयगत शिक्षकहरूको पेसागत समूह बनाई छलफल तथा अन्तर्क्रिया आयोजना गरिनेछ । कक्षा अवलोकन, मूल्याङ्कन र पृष्ठपोषण लिने/दिने कार्यमा यस्तो समूहलाई परिचालन गरिनेछ ।
- जनप्रतिनिधि, कर्मचारी, पेशाविद्, निवृत्त शिक्षक, कार्यरत शिक्षकहरूको समूह बनाई निरीक्षण र सुपरिवेक्षणको कार्यमा उपयोग गरिनेछ ।
- विद्यालयले वार्षिक कार्यपात्रो, विषयगत शिक्षकहरूबाट वार्षिक शैक्षणिक योजना र दैनिक योजना बनाई कार्यान्वयन गर्ने कार्यलाई अनिवार्य गरिनेछ ।
- विद्यार्थी गृहकार्य र कक्षा कार्य प्रणालीलाई व्यवस्थित र सुदृढ गरिनेछ ।
- आवधिक परीक्षाको नतिजा विश्लेषण, प्रबोधीकरण र विद्यार्थी प्रगति विवरण सम्प्रेषणको कार्यलाई आवधिक रूपमा नियमित तुल्याइनेछ ।
- विद्यालयहरूमा सिकाइ कुना, पुस्तकालय र उचित प्रयोगशालाको व्यवस्था गरी "पढ्नका लागि सिक्ने र सिक्नका लागि पढ्ने" व्यवस्थालाई प्रोत्साहित गरिनेछ ।

- शिक्षक र विद्यार्थीसङ्ख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था र कक्षा शिक्षण व्यवस्था गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोतसामग्री, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापनको प्रबन्ध मिलाइनेछ ।
- माग र आवश्यकताका आधारमा शिक्षक पेसागत विकास र सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रत्येक ३ वर्षमा कक्षा ५ को विद्यार्थी उपलब्धि परीक्षण गरिनेछ । प्रत्येक वर्ष कक्षा ८ मा गाँउपालिकाद्वारा आधारभूत शिक्षा परीक्षा सञ्चालन गरिनेछ । कक्षा १० र १२ मा सञ्चालन हुने प्रदेश र राष्ट्रियस्तरको परीक्षालाई नै विद्यार्थी उपलब्धि परीक्षणको रूपमा उपयोग गरिनेछ ।
- अङ्ग्रेजी, गणित, विज्ञान र प्राविधिक विषयमा बजारमा उपलब्ध डिजिटल पाठ्यसामग्रीहरूको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।
- प्राविधिक तथा व्यावसायिक तालिम परिषद् (CTEVT) र अन्य तालिम प्रदायक संस्थाहरूसँग समन्वय गरी कार्यस्थलको सिकाइ सहित रोजगार सुनिश्चित गर्न औद्योगिक प्रशिक्षार्थी कार्यक्रम (Apprenticeship) तथा छोटो अवधिका सिप मूलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा धार सञ्चालन भइरहेको र सञ्चालन हुने विद्यालयमा उपयुक्त प्रयोगशाला सामग्री र कक्षा व्यवस्थापनको लागि संघीय र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।
- निश्चित मापदण्डका आधारमा गरिब, जेहेन्दार र पिछडिएका वर्गका विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा धारमा अध्ययनको अवसर जुटाइनेछ ।
- प्रौढहरूका लागि आधारभूत साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गरिनेछ ।
- पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त शिक्षाको लागि संघ र प्रदेश सरकारसँग समन्वय एवम् सहकार्य गरी सार्वजनिक पुस्तकालय प्रणालीको विकास गरिनेछ, जीवनपर्यन्त सिकाइका लागि सामुदायिक सिकाइकेन्द्रको विस्तार तथा संस्थागत सुदृढीकरण गरिनेछ।
- कानुन बमोजिम विद्यालयहरूको आर्थिक कार्यप्रणाली व्यवस्थित गरिनेछ। लेखापरीक्षणपूर्व सामाजिक परीक्षणलाई अनिवार्य गरिनेछ ।
- वार्षिक कार्यक्रम रबजेट तर्जुमा, आम्दानी र खर्च सार्वजनिक गर्ने कार्यलाई अनुदान निकासासँग आबद्ध गरिनेछ ।
- विद्यालयको वृहत विकासको लागि विद्यालय सुधार योजना निर्माणको कार्यलाई आवश्यकता, स्रोत साधनर समुदाय सम्बन्धसँग आबद्ध गरिनेछ र कार्यान्वयनयोग्य तुल्याइनेछ ।
- आवश्यकता र कार्यसम्पादन सूचकका आधारमा प्राथमिकीकरण गरी कार्यसम्पादनमा आधारित अनुदान, शैक्षिक सुदृढीकरण अनुदान, विज्ञान प्रयोगशाला अनुदान, शिक्षामा सूचना तथा सञ्चार प्रविधि अनुदान,पुस्तकालय अनुदान लगायतका अनुदान उपलब्ध गराइनेछ ।
- विद्यालयका प्र.अ., वि.व्य.स./शि.अ.सं. पदाधिकारीहरूका लागि व्यवस्थापकीय क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।
- शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा उपलब्ध विद्यालयहरूको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) व्यवस्थित र सुदृढ गरिनेछ । यसको लागि प्रत्येक वर्ष तालिम दिइनेछ । विद्यालय IEMIS लाई अनुदान निकासासँग आबद्ध गरिनेछ ।

- सूचना तथा सञ्चार प्रविधिमा आधारित विद्यालयको अभिलेख राख्न र सेवा प्रवाह गर्न प्रत्येक वर्ष प्रत्येक विद्यालयको प्र.अ./शिक्षक/कर्मचारीमध्ये १ जनालाई कम्प्युटर सिप सम्बन्धी तालिम दिइनेछ ।
- योजनाको पहिलो वर्ष सामुदायिक माध्यमिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला व्यवस्थित गरिनेछ । योजनाको अन्त्यसम्ममा कक्षा ७/८ सञ्चालित सबै आधारभूत विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।
- विपद् जोखिम न्यूनीकरणका सम्बन्धमा शिक्षक, विद्यार्थी र अन्य सरोकारवालाहरूको भूमिकाको अभिवृद्धि गरिनेछ । विद्यालयको व्यवस्थापकीय क्षमता विकास तालिमको विषयवस्तुमा विपद व्यवस्थापन सम्बन्धी सामग्री समेटिनेछ ।
- सुरक्षित विद्यालय तथा उत्थानशीलताको सुनिश्चितताका लागि एकमुष्ट अनुदान पद्धति लागू गरिनुका साथै समुदायको संलग्नतालाई परिभाषित र अनुगमन गरिनेछ ।
- विद्यालय भौतिक पूर्वाधार निर्माणको कार्य गर्दा स्वीकृत डिजाइन, भवन निर्माण संहिता र सामाजिक वातावरणीय कार्यढाँचाको अनुसरण भए-नभएको अनुगमन/निरीक्षण गरी वातावरणमैत्री भएको सुनिश्चित गरिनेछ ।

## २.७. अपेक्षित उपलब्धि

गाँउ शिक्षा योजनाकार्यान्वयनको अन्त्यसम्ममा निम्नानुसारका उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ :

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने,
- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तरमा सुधार आउने,
- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार आउने,
- विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने,
- सबै युवा तथा प्रौढहरूका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने,
- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने,
- विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक र मूल्याङ्कन प्रणाली प्रभावकारी हुने,
- बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार आई सिकाइमा सहयोग पुग्ने,
- सबै विद्यार्थीहरूका लागि सुरक्षित र उपयुक्त भौतिक पूर्वाधारसहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त हुने,
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्ने,
- आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने ।
- सबै विद्यालयहरूमा न्यूनतम भौतिक पूर्वाधार पुगेको सुनिश्चित हुने ।

## २.८. मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

वर्तमान अवस्थाको विश्लेषण गरी आवश्यकताको पहिचान तथा प्राथमिकताका आधारमा कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गरी निम्नानुसारका कार्यसम्पादन सूचकहरू पहिचान गरी योजना अवधिभरमा हासिल हुने परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएका छन् । सूचकहरुमा राष्ट्रिय तथा प्रदेशगतरुपमा आधार वर्ष र स्थानिय तहको आधार वर्षको आधार लिइ तय गरिएको छ ।

### मुख्य कार्यसम्पादन सूचक तथा लक्ष्य

योजनाले योजना अवधिभर हासिल गर्नु पर्ने मुख्य कार्यसम्पादन सूचक तथा लक्ष्यहरू देहायबमोजिम तय गरिएको छ । आधारभूत सूचनाको अभाव रहेका सूचकमा लक्ष्य प्रक्षेपण गरिएको छैन ।

## प्रमुख उपलब्धि सूचक तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचकहरू | आधार वर्ष २०८२ | | | लक्ष्य २०८५ | | | लक्ष्य २०८७ | | | लक्ष्य २०९२ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय |
| १. | प्रारम्भिक बालविकास तथा शिक्षा | | | | | | | | | | | | |
| १.१ | कुल भर्नादर | ९९.९ | १०९.९ | ८८.८ | ९५.९ | | ९० | | १०४ | ९५ | ९९ | १०१ | १०० |
| १.२ | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | ९५.७ | | १०० | १०० | | १०० | १०० | | १०० | | | १०० |
| १.३ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | ९१.२ | | १२ | १०० | | ५० | १०० | | ८५ | | | १०० |
| १.४ | कक्षा १ का नवप्रवेशीमध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ७६.९ | ७६.९ | ८७.३ | ८६.२ | | ९० | ९० | ८१ | ९५ | ९५ | ८५ | १०० |
| २. | आधारभूत शिक्षा | | | | | | | | | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | ११५.९ | | ११३.३ | १०६ | ११० | ११० | | १०० | १०५ | | | १०० |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | ९५.७ | ९६.१ | ९३.७ | ९९ | ९९ | ९५ | ९८.१ | ९९ | ९८ | | | ९९ |
| २.३ | कक्षा १- ५ मा कुल भर्नादर | १२४.५ | १३०.१ | १२५.८ | ११२ | ११५ | १२० | ११८ | १०५ | ११० | | | १०० |
| २.४ | कक्षा १- ५ मा खुद भर्नादर | ९५.६ | ९६.१ | ९६.७ | ९८.४ | ९७.५ | ९८ | १०० | ९८.१ | ९९ | १०० | ९९.५ | १०० |
| २.५ | कक्षा १- ५ सम्म शिक्षक विद्यार्थी अनुपात | २४. | | ८.७ | २८.१ | ३० | १२ | ३० | ३० | १५.५ | | | १६ |
| २.६ | कक्षा १- ८ मा कुल भर्नादर | १२०.४ | १२८.३ | १२६.२ | १११.८ | ११२ | ११५ | १११ | ११० | ११० | १०० | १०६ | १०० |
| २.७ | कक्षा १- ८ मा खुद भर्नादर | ९५.१ | ९५.९ | ९५.१ | ९७ | ९९ | ९७ | ९७ | १०० | ९९ | १०० | ९९ | ९९.५ |
| २.८ | कक्षा १- ८ को खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | ०.९९ | १ | ०.९९ | १ | १ | १ | १ | १ | १ | | | १ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.९ | कक्षा ८ मा टिकाउ दर | ८६.२ | | ८४.९ | ९०.९ | | ८७ | ९९.५ | | ९० | ९९ | | ९५ |
| २.१० | कक्षा ६- ८ सम्मको शिक्षक विद्यार्थी अनुपात | ५१. | | २१.५ | | ३० | २५ | | ३० | २८ | | | ३० |
| २.११ | ५-१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ५.९ | ५.१ | ५ | १ | | ३ | ० | | २ | ० | | १ |
| **३. माध्यमिक शिक्षा** | | | | | | | | | | | | | |
| ३.१ | कुल भर्नादर कक्षा ९- १० | ९४.६ | | ९३.४ | १०५.६ | ११५ | ९५ | १०९ | ११० | १०० | १०९ | | १०० |
| ३.२ | खुद भर्नादर कक्षा ९- १० | ७६.५ | ६५.५ | ७३.१ | ८१.४ | ७७.५ | ७५ | ९६.४ | ९० | ८० | ९६.५ | | ८५ |
| ३.३ | कुल भर्नादर कक्षा ९- १२ | ७१.४ | ९९.८ | ७४.९ | ३७.२ | ९०.५ | ७७ | ९७ | ९५ | ८० | ९० | १०० | ८५ |
| ३.४ | खुद भर्नादर कक्षा ९- १२ | ५७.९ | ६१. | ६०.३ | ५८.१ | ५७.५ | ६२ | ७२.१ | ७० | ६५ | | ६५ | ६५ |
| ३.५ | कुल भर्नादर कक्षा ११- १२ | ५१.५ | | ५७.४ | ७७.३ | ७७.१ | ६० | ८५.८ | ८५.५ | ६५ | | | ७० |
| ३.६ | खुद भर्नादर कक्षा ११- १२ | २५.८ | | ४८. | ४०.१ | ४२.५ | ५२ | ६२.२ | ६५.५ | ५८ | ७४.३ | | ६० |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर | ६९.९ | | ६९.५ | ९७.९ | | ७० | ९९ | | ७५ | ८५ | | ८० |
| ३.८ | कक्षा ९- १० सम्मको शिक्षक विद्यार्थी अनुपात | ४० | | १५.३ | | ३० | २० | | ३० | २५ | | | ३० |
| ३.९ | कक्षा ११- १२ सम्मको शिक्षक विद्यार्थी अनुपात | ७३ | ७० | ४४.८ | | ४० | ४० | | ३० | ३५ | | | ३० |
| ३.१० | कक्षा १-१२ मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचकाङ्क | १.०१ | १.०९ | १.१ | १ | १.०५ | १ | १ | १ | १ | | | १ |
| **४. जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | | | | | | |
| ४.१ | ६ वर्ष माथिको साक्षरता दर | ७८ | ८५ | ८९ | ९६ | ९५ | ८० | १०० | १०० | ९० | | | ९९ |
| ४.२ | १५-२४ वर्षको साक्षरता दर | ९२ | | ६३ | ९९ | | ८० | १०० | ९५ | ९० | | | ९९ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.३ | १५ वर्ष माथिको साक्षरता दर | ५८ | | | ९५ | | | १०० | ७५ | | | | |
| **५. महिला शिक्षक प्रतिशत** | | | | | | | | | | | | | |
| ५.१ | आधारभूत तह | ५४ | ३० | ० | ५० | ३७ | ४५ | ५० | ४५ | ५० | | | ५० |
| ५.२ | माध्यमिक तह | १९ | १४.१ | ० | २५ | २० | २० | ३० | २५ | ३० | | | ३५ |
| **६. प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC)पूरा गरेका विद्यालय प्रतिशत (कम्तिमा ३ सक्षमता)** | | | | | | | | | | | | | |
| ६.१ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | ५२ | | ५१ | ६३ | | ७० | ९० | | ८० | | | १०० |
| ६.२ | आधारभूत विद्यालय | १३.४ | | ४७ | ७० | | ५० | ९५ | | ६० | | | ८० |
| ६.३ | माध्यमिक विद्यालय | | | ४० | ६० | | ५० | ९० | | ६० | | | ८० |
| **७. शिक्षामा लगानी** | | | | | | | | | | | | | |
| ७.१ | कुल बजेटमा शिक्षाको बजेटको प्रतिशत | ११.६४ | | १३.२१ | १७ | | १५ | २० | | १७ | २० | | २० |
| ७.२ | कक्षा १-८ मा प्रति विद्यार्थी सरकारी खर्च | १८ ह | | ३७ ह | २१ ह | | | २४ ह | | | | | |
| ७.३ | कक्षा ९-१२ मा प्रति विद्यार्थी सरकारी खर्च | ११ ह | | २९ ह | १५ ह | | | १७ ह | | | | | |

***सुचनाको श्रोतः राष्ट्रिय जनगणना २०७८, EMIS data २०८२ थुलुङ दुधकोशी गाउँपालिका, गाउँपालिकाको Website, विद्यालय शिक्षा क्षेत्र योजना २०७८-२०८७***

# परिच्छेद ३: विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

शिक्षा देशको समग्र आर्थिक, सामाजिक विकास र रूपान्तरणको प्रमुख संवाहक हो। नेपालको संविधान, २०७२ ले गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकारलाई प्रत्येक नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गरेको छ भने शिक्षाको सञ्चालन तथा व्यवस्थापनका लागि तीनै तहका सरकारलाई जिम्मेवार बनाएको छ। संविधानको मर्मअनुरूप 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४' ले विद्यालय शिक्षाका अतिरिक्त अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा, समावेशी शिक्षा, शिक्षक व्यवस्थापन, गुणस्तरीय शिक्षा, दूर तथा खुला शिक्षा, सूचना प्रविधिमा आधारित शिक्षा, विद्यालयमा पोषण तथा सरसफाइ र विपद् व्यवस्थापनजस्ता शैक्षिक क्रियाकलापहरूको सञ्चालन र व्यवस्थापन गर्ने गहन जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ।

यसै सन्दर्भमा, शिक्षाका यी विविध उपक्षेत्रहरूमा थुलुङ दुधकोशी गाउँपालिकाको हालको शैक्षिक अवस्थाको वस्तुनिष्ठ विश्लेषण गरिनु अत्यावश्यक छ। योजना निर्माण तथा कार्यान्वयनको प्रक्रियालाई परिणाममुखी बनाउन विद्यालय शिक्षामा विद्यमान समस्या, चुनौती र विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार ल्याउने पक्षहरूको गहन अध्ययन गर्नु अनिवार्य हुन्छ। तसर्थ, यस खण्डमा थुलुङ दुधकोशी गाउँपालिकाको शैक्षिक अवस्थाका विविध उपक्षेत्रहरूको व्याख्या तथा विश्लेषण गरिएको छ। यसरी गरिएको विश्लेषणको आधारमा आगामी पाँच वर्षका लागि गाउँपालिकाको शैक्षिक विकासका प्रमुख क्षेत्रहरू र तिनका कार्यक्रमहरूलाई व्यवस्थित रूपमा पहिचान गरी योजनाको दिशा तय गरिएको छ ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

प्रारम्भिक बालविकास तथा शिक्षा बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक तथा भाषिक विकासको आधार तयार गर्ने महत्वपूर्ण चरण हो। यस अवधिमा बालबालिकाको सर्वाङ्गीण विकासका लागि सुरक्षित, बालमैत्री, समावेशी तथा सिकाइमैत्री वातावरणको आवश्यकता पर्दछ। प्रारम्भिक बालविकास केन्द्रहरूले बालबालिकाको विद्यालय प्रवेशपूर्व आवश्यक सीप, व्यवहार, सामाजिक मूल्य तथा आधारभूत सिकाइ क्षमता विकास गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछन्।

स्थानीय तहभित्र सञ्चालनमा रहेका प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको अवस्था, पहुँच, भौतिक पूर्वाधार, सहजकर्ताको क्षमता, सिकाइ सामग्रीको उपलब्धता, बालबालिकाको सहभागिता तथा अभिभावकको संलग्नताको अवस्थाको विश्लेषण गरी आवश्यक सुधारका कार्यक्रमहरू सञ्चालन गरिनेछ। प्रारम्भिक बालविकास शिक्षाको गुणस्तर अभिवृद्धिका लागि बालविकास सहजकर्ताको क्षमता विकास, पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था, नियमित अनुगमन तथा सरोकारवालाबीच समन्वय र सहकार्यलाई प्राथमिकता दिइनेछ।

प्रारम्भिक बालविकास तथा शिक्षामा सबै बालबालिकाको समान पहुँच सुनिश्चित गर्दै उनीहरूको रुचि, आवश्यकता र क्षमताअनुसार सिकाइ अवसर प्रदान गर्नु यस योजनाको प्रमुख उद्देश्य रहनेछ।

### ३.१.१ परिचय

गर्भावस्थादेखि ८ वर्षसम्मको उमेरलाई प्रारम्भिक बालविकासको अवस्था मानिएको छ। प्रारम्भिक बालविकास भन्नाले बालबालिकाको शारीरिक, सामाजिक, मानसिक, संवेगात्मक, भाषिक तथा सांस्कृतिक पक्षको समग्र विकास हो। यद्यपि प्रारम्भिक बालविकास तथा शिक्षाका कार्यक्रमहरू विभिन्न समयावधिमा सञ्चालन गर्ने प्रचलन छ, तथापि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम अनिवार्य रूपमा सञ्चालन गरिनुपर्ने व्यवस्था 'निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५', 'राष्ट्रिय शिक्षा नीति, २०७६', 'पन्ध्रौं आवधिक योजना' र 'शिक्षा क्षेत्रको योजना' मा स्पष्ट उल्लेख गरिएको छ।

चार वर्ष उमेरका बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक, सामाजिक, भाषिक र संवेगात्मक पक्षको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याई उनीहरूलाई आधारभूत शिक्षाका लागि तयार गराउनु नै प्रारम्भिक बालविकास तथा शिक्षाको मुख्य उद्देश्य हो। यो कार्यक्रम विद्यालय र समुदाय दुवैमा सञ्चालन गर्न सकिने नीति भए तापनि, शिक्षा ऐनको आठौं संशोधनले बालविकास केन्द्रलाई विद्यालय संरचनामा एकीकरण गरेपछि आधारभूत शिक्षाको परिभाषाभित्रै प्रारम्भिक बालविकासलाई समावेश गरिएको छ। पछिल्ला वर्षहरूमा विद्यालयमा आधारित बालविकास कार्यक्रम सञ्चालन गर्ने प्रचलन बढ्दै गएको छ। साथै, 'दिगो विकास लक्ष्य ४.२' ले समेत प्रारम्भिक बालविकास र शिक्षालाई औपचारिक शिक्षाको पूर्वतयारी र बालबालिकाको सर्वाङ्गीण विकासको मूल आधारका रूपमा स्थापित गरेको छ।

व्यवस्थापकीय पक्षलाई हेर्दा, प्रारम्भिक बालविकासका लागि छुट्टै व्यवस्थापन समितिको प्रावधान रहे पनि विद्यालयमा आधारित केन्द्रहरूको हकमा भने सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिबाटै व्यवस्थापन हुँदै आएको छ। यिनै कानुनी र व्यावहारिक धरातलमा टेकेर बालबालिकाको सर्वाङ्गीण विकासका लागि प्रारम्भिक बालविकास र शिक्षाका कार्यक्रमहरूलाई थप व्यवस्थित र प्रभावकारी बनाउनु गाउँपालिकाको प्रमुख दायित्व हो।

### ३.१.२ विद्यमान अवस्था

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६' ले चार वर्ष पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने नीति तय गरेको छ। शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक र सामाजिक विकासका लागि बालकेन्द्रित क्रियाकलाप सञ्चालन गर्नु यसको मुख्य उद्देश्य हो। यसको कार्यान्वयनका लागि 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४', 'अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५', 'बालबालिकासम्बन्धी ऐन, २०७५', 'सोह्रौं योजना (२०८१/८२-२०८५/८६)', 'बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९', 'विद्यालय क्षेत्र विकास योजना (२०७३-२०७८)', 'बहुक्षेत्रीय

पोषण योजना (दोस्रो)' तथा 'बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८' ले बलियो कानुनी एवं नीतिगत आधार प्रदान गरेका छन्।

थुलुङ दुधकोशी गाउँपालिकामा यसै नीतिगत व्यवस्थाअनुरूप पाठ्यक्रम र छ वटा सक्षमताहरू निर्धारण गरिएका छन्। नियमित दैनिक ४ घण्टा ३० मिनेट कक्षा सञ्चालन गर्ने गरी कार्यतालिका लागू गरिएको छ। प्रत्येक बालविकास केन्द्रमा सहजकर्ता, कक्षाकोठा र सामग्री व्यवस्थापन, दिवा खाजा, पुस्तकालय तथा सिकाइ कर्नर, सिकाइ खेल सामग्री, स्वास्थ्य परीक्षण, खानेपानी र सरसफाइको प्रबन्धका साथै अभिलेख व्यवस्थापन र समिति गठनजस्ता कार्यहरू नियमित रूपमा सञ्चालन हुँदै आएका छन्।

यद्यपि, यी व्यवस्थाहरू हुँदाहुँदै पनि गाउँपालिकामा केही महत्त्वपूर्ण चुनौतीहरू विद्यमान छन्ः बालविकास कक्षाका लागि छुट्टै घेराबारसहितको भवन र बाल उद्यानको अभाव छ भने सबै केन्द्रमा नयाँ पाठ्यक्रमको पहुँच पुग्न सकेको छैन। तालिम प्राप्त सहजकर्ताको कमी (३५ जना तालिमको पर्खाइमा), मापदण्डअनुसारको कक्षाकोठा व्यवस्थापन र गुणस्तरीय दिवा खाजाको सुनिश्चितता अझै चुनौतीपूर्ण छ। साथै, बालबालिकाको व्यक्तिगत प्रोफाइल र गतिविधिसहितको अभिलेखको कमी, अभिभावकको न्यून सहभागिता, अनुगमनको फितलोपन र सिकाईमा कखरा घोकाउने प्रवृत्तिका कारण प्रारम्भिक बालविकासको वास्तविक मर्मअनुरूप नतिजा हासिल गर्न कठिनाइ भइरहेको छ। यी अन्तरहरूलाई सम्बोधन गर्दै बालविकासमा लगानी बढाउनु, सहजकर्ताको क्षमता विकास गर्नु र सरोकारवालाहरूमा बालविकासको महत्त्वबोध गराउनु थुलुङ दुधकोशी गाउँपालिकाको आगामी शैक्षिक योजनाको प्रमुख कार्यभार हो।

### ३.१.३ समस्या

थुलुङ दुधकोशी गाउँपालिकाको प्रारम्भिक बालविकास (ECED) मा देखिएका समस्याहरू मात्र बुँदागत रूपमा तल प्रस्तुत गरिएको छः

- प्रारम्भिक बालविकास कक्षाका लागि छुट्टै घेराबारसहितको भवन छैन ।
- बाल उद्यान र बाल सिकाइ खेल सामग्रीको अभाव रहेको छ ।
- सबै बालविकास केन्द्रमा नयाँ पाठ्यक्रम उपलब्ध छैन ।
- केही कक्षाकोठा मापदण्ड अनुसार छैनन् ।
- तालिम प्राप्त सहजकर्ताको अभाव छ (४० प्रतिशत सहजकर्ताले तालिम नपाएको IEMIS को डाटा रहेको छ) ।
- कक्षाकोठा सामग्री, बसाइ व्यवस्थापन, पुस्तकालय र सिकाइ कुना व्यवस्थित र प्रभावकारी छैनन् ।

- स्वास्थ्य परीक्षण, सुरक्षित खानेपानी र सरसफाइको अभाव रहेको छ (केही विद्यालयमा) ।
- अभिलेख व्यवस्थापनमा हाजिरी छ, तर व्यक्तिगत प्रोफाइल र कक्षाका गतिविधि सहितको अभिलेख छैन ।
- अभिभावकको सहभागितामा कमी र चासो कम छ ।
- दिवा खाजा उपलब्ध भए तापनि तोकिएको मापदण्ड अनुसार केही विद्यालयमा नभएको ।

### ३.१.४ चुनौती

बालविकास शिक्षामा हुने लगानी अपेक्षित स्तरमा नहुनु र सबै बालबालिकालाई यसको पहुँचमा ल्याउन नसकिनु यस क्षेत्रको प्रमुख समस्याका रूपमा रहेको छ। समग्रमा बालविकासलाई कम महत्त्वका साथ हेर्ने प्रवृत्ति रहेको छ, जसका कारण सहजकर्ता छनौट प्रक्रियामा समेत योग्यता, क्षमता तथा कार्यदक्षतालाई आधार नबनाई नियुक्ति गर्ने गरिएको पाइन्छ। यसका साथै, सहजकर्ता स्वयंलाई पनि आफ्नो भूमिका र जिम्मेवारीबारे स्पष्ट जानकारी नहुनु र विद्यालयमा पाठ्यक्रम नै उपलब्ध नभई भए पनि प्रभावकारी रूपमा कार्यान्वयन नहुनु उल्लेखनीय समस्या हुन्। तोकिएको उमेर नपुग्दै बालबालिकालाई बालविकासमा भर्ना गर्ने गरिएको पाइन्छ भने अभिभावकहरूको आफ्नो बच्चाप्रतिको हेरचाह, सरसफाइ र दैनिक पोषणयुक्त खाजाप्रतिको चासो पनि अपेक्षाकृत कम रहेको छ। तालिममा सिकेका ज्ञान तथा सिप हरू कक्षाकोठामा न्यून मात्रामा कार्यान्वयन हुने गरेको छ भने स्थानीय सरकारबाट हुनुपर्ने अनुगमन र मूल्याङ्कन पनि अपेक्षित स्तरमा हुन सकेको छैन। समग्रमा सरोकारवालाहरूले नै बालविकासको महत्त्वलाई पूर्ण रूपमा नबुझ्नु र सेवा-सुविधा न्यून हुँदा बालविकास शिक्षक बारम्बार परिवर्तन भइरहनु पनि यस क्षेत्रका प्रमुख चुनौती हुन्।

व्यवस्थापन र शिक्षण सिकाइसँग सम्बन्धित विशिष्ट समस्याहरूलाई निम्नानुसार पहिचान गरिएको छः

- कक्षाकोठा व्यवस्थापनमा सबै विद्यालयमा सिकाइ कुनाको निर्माण नहुनु, आवश्यक सामग्रीको अभाव हुनु एवम् सिकाइ वातावरण रमाइलो नहुनु ।
- सबै शिक्षक तालिमप्राप्त नहुनु ।
- पाठ्यक्रमअनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन नहुनु।
- खेल सामग्री, स्थानीय शैक्षिक सामग्री तथा दैनिक क्रियाकलाप पुस्तिकाको अभाव हुनु।
- बालबालिकाको नियमित स्वास्थ्य परीक्षण नहुनु।
- दैनिक कार्यतालिकाअनुसार कक्षा सञ्चालन नहुनु।
- शिक्षकले बालबालिकाको आधारभूत तथा विकासात्मक पक्षमा ध्यान नदिनु।

- विषयगत क्षेत्रमा पर्याप्त फोकस नगर्नु।
- अभिभावकसँग मासिक बैठक तथा समीक्षा नगर्नु।
- विद्यार्थीको नियमित मूल्याङ्कन नगर्नु।
- पोर्टफोलियो नबनाउनु र अभिभावकलाई रिपोर्ट कार्ड नदिनु।
- सिकाउनुभन्दा बच्चाहरूलाई "क, ख" घोकाउनतिर मात्र लाग्नु।

### ३.१.५ अवसर

संविधान, ऐन-कानुन तथा नीतिगत रूपमा स्पष्ट कानुनी आधार तय भएको हुनु यस क्षेत्रको विकासका लागि सबैभन्दा महत्त्वपूर्ण अवसरका रूपमा रहेको छ। यसैगरी, गाउँपालिकालाई प्रारम्भिक बालविकास र शिक्षाको विकास तथा सुधार गर्ने स्पष्ट कानुनी अधिकार प्राप्त हुनु र यस क्षेत्रमा योजनाबद्ध विकासको थालनी भइरहनु पनि उत्तिकै सकारात्मक पक्ष हुन्। गाउँपालिकाले शिक्षाको पहुँच तथा गुणस्तरलाई उच्च प्राथमिकताका साथ अगाडि बढाइरहेको छ भने अन्य गैरसरकारी निकायहरूबाट समेत प्रारम्भिक बालविकास र शिक्षाको विकासमा सघाउ पुऱ्याउने पर्याप्त अवसरहरू विद्यमान रहेका छन्।

यी अवसरहरूलाई संक्षेपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छः

- संविधान, ऐन-कानुन तथा नीतिगत रूपमा स्पष्ट कानुनी आधार तय हुनु।
- गाउँपालिकालाई प्रारम्भिक बालविकास र शिक्षाको विकास तथा सुधार गर्ने कानुनी आधार हुनु।
- योजनाबद्ध विकासको थालनी हुनु।
- गाउँपालिकाले शिक्षाको पहुँच तथा गुणस्तरमा प्राथमिकता प्रदान गर्नु।
- अन्य गैरसरकारी निकायहरूबाट प्रारम्भिक बालविकास र शिक्षाको विकास गर्ने पर्याप्त अवसर हुनु।

### ३.१.६ उद्देश्य

**१.** पहुँच र सर्वाङ्गीण विकासः४ वर्ष उमेर समूहका सबै बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक र संज्ञानात्मक क्षमताको विकास सुनिश्चित गर्दै प्रारम्भिक बालविकास सेवामा समान पहुँच विस्तार गर्नु।

२.गुणस्तरीय शिक्षा र आधारभूत तयारीःगुणस्तरीय तथा समावेशी शैक्षिक कार्यक्रममार्फत बालबालिकालाई आधारभूत तह (कक्षा १) मा प्रवेशका लागि आवश्यक आधार तयार गर्नु।

३.भौतिक पूर्वाधार र बालमैत्री वातावरणःप्रारम्भिक बालविकास केन्द्रहरूको भौतिक पूर्वाधार सुदृढ गरी अपाङ्गमैत्री, सुरक्षित र आकर्षणयुक्त सिकाइ वातावरण सिर्जना गर्नु।

४.व्यवस्थापन र सेवाको सुदृढीकरणःतालिमप्राप्त जनशक्ति, व्यवस्थित अभिलेख प्रणाली र स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमार्फत प्रारम्भिक बालविकास र शिक्षाको सेवा प्रवाहलाई गुणस्तरीय र नतिजामुखी बनाउनु।

## ३.१.७ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| प्रारम्भिक बालविकास र शिक्षामा अवसरको सुनिश्चितता | १. नक्शाङ्कनमा आधारित पुनर्व्यवस्थापनविद्यालय नक्शाङ्कनको प्रतिवेदनका आधारमा आवश्यकतानुसार प्रारम्भिक बालविकास केन्द्रहरूको समायोजन तथा पुनर्व्यवस्थापन गरिनेछ।<br>२. "एक विद्यालय,एक बालविकास केन्द्र"को नीतिःप्रत्येक विद्यालयमा अनिवार्य रूपमा एक प्रारम्भिक बालविकास कक्षा सञ्चालन हुने व्यवस्था सुनिश्चित गरिनेछ।<br>३. तथ्याङ्कको अद्यावधिक प्रणालीःप्रारम्भिक बालविकास केन्द्रहरूसँग सम्बन्धित सूचना र शैक्षिक तथ्याङ्कहरूको एकीकृत व्यवस्थापन गरी नियमित रूपमा अद्यावधिक गरिनेछ। |
| बालमैत्री तथा अपाङ्गतामैत्री वातावरणको निर्माण | १. भौतिक पूर्वाधारको स्तरोन्नतिःप्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको भौतिक वातावरण विकास र सुधारका लागि आवश्यक सहयोग तथा सहजीकरण गरिनेछ।<br>२. समावेशी पूर्वाधारको विकासःप्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूलाई अपाङ्गमैत्री (पहुँचयुक्त) भौतिक पूर्वाधारसहितको सिकाइ केन्द्रका रूपमा विकास गरिनेछ। |
| तालिम प्राप्त तथा योग्य शिक्षकहरूको प्रबन्ध गर्ने | (१) न्यूनतम योग्यता भएका बाल विकास शिक्षाका शिक्षकको व्यवस्था गरिनेछ।<br>(२) प्रारम्भिक बाल विकास शिक्षाका शिक्षकको सक्षमता विकास गरिनेछ ।<br>(३) प्रारम्भिक बाल विकास शिक्षाका शिक्षकका लागि पुनरताजगी तालिम कार्यक्रम सञ्चालन गरिनेछ। |
| अभिभावक सचेतीकरण गरी उपयुक्त वालस्याहार, स्वास्थ्य र | **१.अभिभावक सशक्तीकरणः**बाल स्याहार, पोषण र सुरक्षाबारे नियमित सचेतना तथा शिक्षा कार्यक्रम सञ्चालन गर्ने।<br>२.**अन्तरक्रिया र समन्वयः**बालबालिकाको सिकाइ सहजीकरणका लागि मासिक रूपमा |

| | |
|---|---|
| सुरक्षित वातावरण सिर्जना गर्न सक्रिय बनाउने | अभिभावक-शिक्षक अन्तरक्रिया गर्ने।<br>३.**स्वास्थ्य परीक्षण:**बालबालिकाको शारीरिक अवस्थाको अनुगमन गर्न वार्षिक स्वास्थ्य परीक्षण शिविर सञ्चालन गर्ने।<br>४.**दिवाखाजा प्रबन्ध:**बालबालिकाको पोषणस्तर सुधार गर्न विद्यालयमा दैनिक रूपमा स्वस्थ दिवाखाजाको व्यवस्था गर्ने।<br>५.**सहभागिता सुनिश्चितता:**विद्यालयका शैक्षिक तथा बाल विकास गतिविधिमा अभिभावकको अर्थपूर्ण सहभागिता गराउने। |
| प्रारम्भिक बाल विकास तथा शिक्षाको गुणस्तर अभिवृद्धि | १.**मापदण्ड निर्धारण:**प्रारम्भिक बाल विकासको न्यूनतम मापदण्ड निर्माण गरी त्यसको कडाइका साथ कार्यान्वयन गर्ने।<br>२.**सिकाइ सामग्री व्यवस्थापन:**स्थानीय स्रोतसाधनमा आधारित सामग्रीहरूको निर्माण र प्रयोगलाई प्रोत्साहन गर्ने।<br>३.**प्रविधिमैत्री सिकाइ:**सूचना, सञ्चार तथा प्रविधि (ICT)मा आधारित सिकाइ सामग्रीको विकास र प्रयोगमा जोड दिने।<br>४.**बालमैत्री पूर्वाधार:**स्थानीय संघसंस्थासँगको सहकार्यमा 'बाल आराम कक्ष' र प्रत्येक केन्द्रमा 'सिकाइ कुना' (Learning Corner) को व्यवस्था गर्ने।<br>५.**सिकाइ वातावरण:**बालबालिकाको रुचिअनुसार प्रारम्भिक बाल विकास केन्द्रहरूलाई 'छपाइयुक्त वातावरण' (Print-rich environment) मा रूपान्तरण गर्ने। |

### ३.१.८ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलापहरु

**क) अपेक्षित उपलब्धि**

सबै बालबालिकाका लागि गुणस्तरीय प्रारम्भिक बाल विकास तथा शिक्षाको पहुँच र सिकाइ अवसरको सुनिश्चितता।

**ख) नतिजा**

प्रारम्भिक बाल विकास र शिक्षा कार्यक्रमको कार्यान्वयनपश्चात् देहायबमोजिमका नतिजाहरू प्राप्त हुनेछन्:

- समान पहुँच:प्रारम्भिक बाल विकास उमेर समूहका सम्पूर्ण बालबालिकाहरूको एकवर्षे पूर्व-प्राथमिक शिक्षा कार्यक्रममा सहज र समान पहुँच सुनिश्चित हुने।
- विद्यालय तयारी:सबै बालबालिकाहरू आधारभूत सिकाइ अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने सुनिश्चित हुने।
- मानकीकरण:प्रारम्भिक बाल विकास केन्द्रहरूले तोकिएको न्यूनतम मापदण्डहरू पूर्ण रूपमा पूरा गर्ने।

- सिकाइ सम्बोधनः बालबालिकाहरूको उमेरगत विकासात्मक आवश्यकता र सिकाइ क्षमताको प्रभावकारी सम्बोधन हुने।
- नमुना अभ्यासः प्रारम्भिक बाल विकास र शिक्षाका प्रभावकारी नमुना कार्यक्रमहरू विकास भई कार्यान्वयनमा आउने।
- साझेदारी र उत्तरदायित्वः प्रारम्भिक बाल विकासको कार्यान्वयनमा गाउँपालिका, परिवार, समुदाय, गैरसरकारी संस्था र विद्यालयहरूबीच समन्वय अभिवृद्धि भई सामूहिक उत्तरदायित्वको संस्कृति विकास हुने।

**ग मुख्य क्रियाकलाप तथा लक्ष्यहरु**

**१. संस्थागत सुदृढीकरण तथा व्यवस्थापन**

- **समिति गठनः** प्रारम्भिक बाल विकास (ECD) का लागि छुट्टै व्यवस्थापन समिति गठन गरी सक्रिय बनाउने।
- **नक्साङ्कनः** आवश्यकताका आधारमा ECD कक्षाहरूको पुनर्वितरण गर्ने।
- **न्यूनतम मापदण्डः** मापदण्डसम्बन्धी प्रबोधीकरण गर्ने र विद्यालयहरूमा यसको अनिवार्य कार्यान्वयन सुनिश्चित गर्ने।
- **अनुगमनः** गाउँपालिका र सरोकारवाला निकायहरूबाट नियमित अनुगमन तथा सहजीकरण गर्ने।

**२. शैक्षिक गुणस्तर र सिकाइ सहजीकरण**

- **शिक्षण पद्धतिः** पाठ्यक्रममा आधारित सिकाइ र दैनिक कार्यतालिकाको अनिवार्य प्रयोग गर्ने।
- **मूल्याङ्कनः** बालबालिकाको सिकाइ मूल्यांकनमा 'पोर्टफोलियो' पद्धति लागू गर्ने।
- **शिक्षक विकासः** सहजकर्ताहरूका लागि आधारभूत/पुनर्ताजगी तालिम र शिक्षकहरूका लागि पेसागत विकास कार्यक्रम सञ्चालन गर्ने।
- **सामग्री व्यवस्थापनः** निःशुल्क पाठ्यपुस्तक, खेल तथा मनोरञ्जन सामग्री र अडियो-भिडियो सिकाइ सामग्रीको व्यवस्था गर्ने।

**३. अभिभावक सहभागिता र उत्तरदायित्व**

- **सचेतनाः** विद्यालयमार्फत नियमित अभिभावक शिक्षा सञ्चालन गर्ने।

- **अन्तरक्रिया:** अभिभावकहरूसँग मासिक अन्तरक्रिया र त्रैमासिक रूपमा बालबालिकाको प्रगति विवरण प्रस्तुत गर्ने।
- **अभिभावकको भूमिका:** बालबालिकालाई स्कुल पुऱ्याउने/ल्याउने, सरसफाइ र खाजा व्यवस्थापनमा अभिभावकको दायित्व तोक्ने।

## ४. भौतिक पूर्वाधार र पोषण

- **भौतिक सुविधा:** कक्षाकोठा निर्माण, बाल उद्यानको व्यवस्था र सरसफाइ सुविधामा सुधार गर्ने।
- **दिवाखाजा:** बालबालिकाका लागि पोषणयुक्त दिवाखाजाको दैनिक प्रबन्ध गर्ने।
- **साझेदारी:** पूर्वाधार र सामग्री व्यवस्थापनमा गैरसरकारी संस्था (गैसस) सँग समन्वय गरी लगानी र सहकार्य बढाउने।

## ५. पहुँच र सुनिश्चितता

- **भर्ना:** ४ वर्ष उमेर पुगेका सबै बालबालिकालाई ECD कक्षामा अनिवार्य भर्ना गराउने।
- **शिक्षक समन्वय:** गाउँपालिका र गैससको सहकार्यमा शिक्षक-अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने।

## प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | भौगोलिक र जनसंख्याका आधारमा केन्द्रहरूको नक्साङ्कन गरी आवश्यकतानुसार पुनर्वितरण गर्ने। | पटक | | १ | | | | १ | २ | पालिका |
| २ | सबै सरोकारवालाहरूलाई बाल विकासको न्यूनतम मापदण्डबारे स्पष्ट जानकारी दिई कार्यान्वयन गराउने। | पटक | १ | 1 | | | | १ | १ | पालिका / विद्यालय |
| ३ | स्थानीय तहमा अधिकार सम्पन्न सुपरिवेक्षण एवं अनुगमन समिति गठन गर्ने। | पटक | | १ | | | | १ | २ | शिक्षा शाखा |
| ४ | परिवार, समुदाय, निजी क्षेत्र र गैरसरकारी संस्थाहरूसँग स्रोत तथा व्यवस्थापनमा सहकार्य गर्ने। | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | शि.शा. वि |
| ५ | मापदण्ड पूरा गरेका नमुना केन्द्रहरू छनोट गरी सिकाइ केन्द्रको रूपमा विकास गर्ने। | ओटा | | १ | १ | २ | २ | ६ | १० | शि.शा. |
| ६ | सहयोगी कार्यकर्ता र शिक्षकको तलब भत्ता | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | शि. शा. |
| ७ | दैनिक कार्यतालिका अनिवार्य प्रयोगमा ल्याउने । | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | विद्यालय |
| ८ | पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | विद्यालय |
| ९ | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन गरी न्यूनतम मापदण्ड पुगेका ECED कक्षा निर्माण गर्ने | ओटा | १० | १० | १० | ५ | ५ | ४० | ४९ | पालिका |
| १० | सहजकर्ताको योग्यता क्षमता र पेसागत विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ६ | १० | पालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्यसम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | पटक | | २ | २ | २ | २ | ८ | २० | विद्यालय |
| १२ | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोग | आवश्यकता अनुसार | | | | | | | | विद्यालय |
| १३ | अभिभावक शिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |
| १४ | अभिभावक तथा समुदायका सदस्य मार्फत् स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने व्यवस्था | पटक | | १ | १ | १ | १ | ४ | ९ | विद्यालय |
| १५ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | आवश्यकता अनुसार | | | | | | | | |
| १६ | विद्यालयमा बालउद्यान निर्माण गर्ने | केन्द्र | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |

# ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

नेपालमा वि.सं. १९९६ मा जारी भएको 'शिक्षाको इस्तिहार' लाई विद्यालय शिक्षाको औपचारिक जगका रूपमा लिइन्छ, जसले तत्कालीन समयमा प्राथमिक (कक्षा १-३), मिडिल स्कुल (कक्षा ४-७) र हाइस्कुल (कक्षा ८-१०) को संरचनागत सुरुवात गरेको थियो। कालान्तरमा शिक्षाका विभिन्न उच्चस्तरीय आयोगका सिफारिस र समयसापेक्ष आवश्यकतालाई आत्मसात गर्दै शैक्षिक संरचनामा निरन्तर सुधार र परिमार्जन गरिँदै आएको छ। हाल अन्तर्राष्ट्रिय अभ्यास र बदलिँदो शैक्षिक परिवेशलाई दृष्टिगत गरी विद्यालय शिक्षाको आधारभूत तहलाई कक्षा ८ सम्म कायम गरिएको छ, जसमा प्रारम्भिक बाल विकास र शिक्षा (ECED) लाई समेत समाहित गरी एक एकीकृत संरचनाको विकास गरिएको छ।

नेपालको संविधानले आधारभूत शिक्षालाई नागरिकको मौलिक हकका रूपमा स्थापित गर्दै प्रत्येक नागरिकलाई यसमा पहुँच हुने र यो तहको शिक्षा अनिवार्य तथा निःशुल्क हुने व्यवस्था गरेको छ। साथै, दृष्टिविहीन र श्रवणशक्ति सम्बन्धी अपाङ्गता भएका बालबालिकाका लागि ब्रेल लिपि वा साङ्केतिक भाषामा शिक्षा प्राप्त गर्ने अधिकारलाई पनि संविधानले सुनिश्चित गरेको छ। यी संवैधानिक व्यवस्थाको कार्यान्वयनका लागि 'अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५' र नियमावली, २०७५ ले संघ, प्रदेश र स्थानीय तहको दायित्व तथा जिम्मेवारी स्पष्ट रूपमा किटान गरेको छ। सोही ऐनले आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुने कुरालाई पनि उत्तिकै जोड दिएको छ।

आधारभूत शिक्षा बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनको आधारस्तम्भ हो। यसले व्यक्तिलाई जीवनपर्यन्त सिकाइको मार्गप्रशस्त गर्दै मुलुकको सामाजिक तथा आर्थिक रूपान्तरणमा सहभागी हुने सुवर्ण अवसर प्रदान गर्दछ। विद्यालय शिक्षाको सुरुवाती बिन्दु र माध्यमिक शिक्षाको बलियो जगका रूपमा रहेको आधारभूत तहलाई गुणस्तरीय, प्रविधिमैत्री र समावेशी बनाउनु आजको आवश्यकता हो।

संघीय शासन प्रणालीअनुसार थुलुङ दुधकोशी गाउँपालिका आफ्नो अधिकार क्षेत्रभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरूको सञ्चालन, व्यवस्थापन र गुणस्तर अभिवृद्धि गर्न पूर्ण प्रतिबद्ध छ। आधारभूत तहको शिक्षाको नीति निर्माण, स्थानीय पाठ्यक्रम विकास, अनुगमन र व्यवस्थापन गर्ने प्रमुख जिम्मेवारी गाउँपालिकामा निहित रहेकोले, यस पालिकाले 'स्थानीय सरकारको शिक्षाको अधिकार' लाई कार्यान्वयन गर्दै आधारभूत शिक्षालाई सुदृढ तुल्याउने लक्ष्य लिएको छ।

## ३.२.२ विद्यमान अवस्था

थुलुङ दुधकोशी गाँउपालिका भित्र ५१ ओटा सामुदायिक विद्यालयहरूमध्ये कक्षा ८ सञ्चालन भएका १०+५ ओटा, कक्षा ५ सम्म सञ्चालित ३५+१५ ओटा, विद्यालयहरू रहेका छन् । प्राथमिक तहमा १५१ स्वीकृत दरबन्दी र १५ राहत तथा निम्नमाध्यमिक तहमा ३१ स्वीकृत दरबन्दी र ७ राहत अनुदान गरी आधारभूत तहमा २०४ शिक्षक दरबन्दी र राहत रहेका छन् । शैक्षिक सत्र २०७९ को तथ्याङ्कअनुसार सामुदायिक विद्यालयमा कक्षा १ देखि ८ सम्म छात्रा १८१४ र छात्र १६९२ गरी जम्मा ३५०६ विद्यार्थी अध्ययन गरेको देखिन्छ जसमा दलित छत्रा २४८, छात्र २३४ गरी ४८२ जना तथा जनजाती तर्फ छात्रा ११०५, छात्र १०८४ गरी जम्मा २१८९ विद्यार्थीहरु अध्ययनरत रहेका छन् ।

आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुर्‍याउन विगतमा गरिएका प्रयासहरूको नतिजास्वरूप कक्षा १-५ र १-८ को खुद भर्नादर क्रमशः ९६.३ र ९६.०२ पुगेको छ, यो राष्ट्रियस्तरको ९७.१ र ९३.८भन्दा न्यून हो । विशेषगरी दलित र आर्थिक एवम् सामाजिक रूपमा पिछडिएका समुदायका बालबालिकाहरू विद्यालयबाहिर रहेका वा कक्षा छाड्ने बढी देखिन्छन् । आधारभूत शिक्षाको पहुँचमा आर्थिक र सामाजिक स्थितिमा आधारित असमानताहरू विद्यमान छन् । आर्थिक र सामाजिक रूपले पछाडि परेका, सीमान्तकृत समुदाय, दलित, जनजाति, कठिन परिस्थितिमा रहेका क्षेत्रका बालबालिकाको पहुँचको अवस्था तुलनात्मक रूपमा कमजोर रहेको छ ।कक्षा ८ को टिकाउ दर र आधारभूत शिक्षाको तह पूरा गर्ने दर ८१.७/७३ प्रतिशत रहेको छ । महिला शिक्षकको अनुपात ५२.६३ प्रतिशत रहेको छ । प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC-Textbook, Teacher, Toilet, Classroom & Learning Materials/Book Corner) पूरा गरेका विद्यालयहरू ६० प्रतिशत रहेको छ ।विद्यालयको भौतिक र शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन थप प्रयास आवश्यक छ । बालबालिकाको विकास तथा सिकाइलाई प्रभावित गर्ने पोषण, स्वास्थ्य, सरसफाइ, दिवा खाजाजस्ता सेवाहरूमा विस्तार एवम् सुधार गर्नुपर्ने छ । पेसागत रूपमा सक्षम, योग्य शिक्षकको अपर्याप्तता र विद्यालयको नेतृत्व तथा व्यवस्थापनका पक्षमा भएका विभिन्न समस्याहरूले पनि आधारभूत शिक्षाको पहुँच र गुणस्तरमा असर परेको देखिन्छ । आधारभूत तहमा बालबालिकाको विद्यालय छोड्ने र कक्षा दोहोर्‍याउने उच्च दरका कारण तह पूरा गर्ने दरमा अपेक्षित सुधार नहुँदा यस तहको आन्तरिक सक्षमतामा सुधार गर्नुपर्ने छ ।

## ३.२.३ समस्या

१. अनिवार्य र निशुल्क आधारभूत शिक्षाको सुनिश्चितता नहुनु
२. सबै बालबालिकाकाको शैक्षिक पहुँच सुनिचित नहुनु
३. आधारभूत तहका माथिल्ला कक्षाहरूमा विद्यालय छाड्ने दर उच्च हुनु
४. आधारभूत तहको अन्तसम्म विद्यार्थीलाई टिकाई राख्न नसक्नु

५. अभिभावकमा सार्वजनिक विद्यालय शिक्षाप्रतिको चासो र सहभागिता वृद्धि नहुनु
६. अभिभावकमा दिनानुदिन संस्थागत विद्यालय प्रतिको आकर्षण वृद्धि हुँदै जानु
७. विद्यार्थी सङ्ख्या, र विषयको आधारमा शिक्षक व्यवस्थापन नहुनु
८. विद्यालयको भौतिक पूर्वाधारलाई लैङ्गिगक मैत्री, अपाङ्गता मैत्री नहुनु
९. शिक्षकहरू प्रविधि मैत्री शिक्षण सिकाइका लाई तयार नहुनु
१०. प्रविविधिमा आधारित सिकाइ सामग्रीको विकास तथा प्रयोगको अवस्था सिर्जना नहुनु
११. विद्यालयमा आधारित शिक्षक सयोग पद्दति विकास नहुनु
१२. शिक्षकलाई शिक्षण सिकाइका लागि उपयुक्त परामर्श तथा सहयोग गर्ने पद्दति विकास हुन नसक्नु
१३. विद्यालयमा दिवा खाजा व्यवस्थापनका लागि अत्यावश्यक भान्सा तथा स्टोर कोठाको उपलब्धता नहुनु
१४. विद्यालयमा किशोरीहरूका लागि प्रदान हुने सेनिटरी प्याडको प्रभावकारि व्यवस्थापन नहुनु।
१५. विद्यालयमा प्राथमिक उपचारसम्बन्धी किटको व्यवस्था तथा त्यसको प्रयोग भएको अवस्था नहुनु
१६. विद्यालयका बालबालिकाहरूका लागि वार्षिक रूपमा स्वास्थ्य परीक्षण गरी रिफरल गर्ने अवस्थान नहुनु ।
१७. सिकाइ अवस्था कमजोर भएका बालबालिकाहरूका लागि उपचारात्मक सिकाइको प्रबन्ध गरी सिकाइ सुधारका कार्यक्रमहरू सञ्चालन नहुनु
१८. विद्यालयमा पुस्तकालय तथा सिकाइ कुनाको प्रबन्ध नहुनु
१९. विद्यालयलाई उत्थानशील बनाउन नसक्नु

## ३.२.४ चुनौती

१. सबै बालबालिकाको आधारभूत तहको अनिवार्य र निशुल्क शिक्षाको पहुँच सुनिश्चित गर्नु
२. आधारभूत तहको शिक्षालाई समतामूलक, समावेशी, गुणस्तरीय, प्रविधि मैत्री र अपाङ्ग मैत्री बनाउनु
३. आधारभूत तहमा टिकाइ दर वृद्धि गर्नु
४. नक्शाङ्कन तथा जनसाङ्ख्यिकीको आधारमा विद्यालयको पुनर व्यवस्थापन गर्नु
५. विषय तथा विद्यार्थी सख्याको आधारमा दरबन्दी मिलान गर्नु,
६. विद्यालय सुशासनको प्रत्याभूति दिनु,
७. सबै विद्यालयलाई उत्थानशील बनाउनु

## ३.२.५ अवसर

१. स्थानीय सरकारलाई आधारभूत तहको शिक्षाको सञ्चालन तथा व्यवस्थापनको पूर्ण अधिकार हुनु
२. स्थानीय सरकारले आधारभूत तहको शिक्षाको सर्वसुलभतालाई उच्च प्राथमिकतामा राख्नु

३. शिक्षाको विकासका लगि दीर्धकालिन सोच तथा योजनाका आधारमा अगाडी बढ्ने सोच तथा व्यवहार देखाउनु

### ३.२.६ लक्ष्यः

सबै बालबालिकाहरूका लागि गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गर्ने।

### ३.२.७ उद्देश्यहरूः

आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु मुख्य उद्देश्य रहेको छ यस योजनाले आधारभूत शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्य तय गरेको छ ।

१. आधारभूत तह उमेर समूहका सबै बालबालिकाहरुको न्यूनतम सिकाइ उपलब्धि सहित समतामूलक पहुँच र सहभागिता तथा गुणस्तर सुनिश्चितता गर्नु

२. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी जिम्मेवारी र जबाफदेहीता अभिबृद्धि गर्नु

३. विविधता अनुकुलको उत्थानशील र जवाफदेही विद्यालय पद्धतिको विकास गर्नु

४. अन्तर सम्बन्धित विषयवस्तुलाईएकिकृतगरीसिकाइलाई दैनिक जीवनसँग सम्बन्धित हुने गरी सिकाइसञ्चालनगर्नु

५. बालमैत्री,समावेशी र सुरक्षित भौतिक तथा शैक्षिक वातावरण विकास गर्नु

### ३.२.८ रणनीति र कार्यनीति

| रणनीति | कार्यनिति |
|---|---|
| १. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको पहुँच सर्वसुलभ बनाउने। | १. विद्यालय नक्साङ्कनका आधारमा आधारभूत विद्यालयहरूको पुनःव्यवस्थापन गरिनेछ।<br>२. प्रत्येक बालबालिकाको आधारभूत शिक्षासम्बन्धी संवैधानिक तथा कानुनी अधिकार सुनिश्चित गरिनेछ।<br>३. लक्षित कार्यक्रम सञ्चालन गरी अपाङ्ग .ता भएका, विपन्न, सीमान्तकृत तथा जोखिममा रहेका बालबालिकाको अनिवार्य तथा निःशुल्क शिक्षा पाउने अधिकार सुनिश्चित गरिनेछ।<br>४ . गैरसरकारी संस्था तथा विकास साझेदारसँग सहकार्य गरी विद्यालयबाहिर रहेका सबै विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालयको पहुँचमा ल्याइनेछ।<br>५. उपयुक्त भान्साघर तथा खाद्यान्न भण्डारणको व्यवस्था गरी स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। |

| | |
|---|---|
| २.आधारभूत शिक्षाको गुणस्तरमा सुधार | १. गुणस्तर मापदण्डका आधारमा शिक्षण—सिकाइ प्रक्रिया सञ्चालन गरी सिकाइ उपलब्धिमा सुधार गरिनेछ।<br>२. अपाङ्गता भएका बालबालिकाका लागि वैयक्तिक सिकाइ योजना (Individualized Education Plan) कार्यान्वयन गरी सिकाइमा सहजीकरण गरिनेछ।<br>३. विद्यालयमा आधारित शिक्षक सहयोग तथा विद्यार्थी सहयोग प्रणाली कार्यान्वयन गरी शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ।<br>४. निरन्तर सिकाइ मूल्याङ्कन तथा नतिजा विश्लेषणका आधारमा उपचारात्मक शिक्षण—सिकाइ सञ्चालन गरी सिकाइ उपलब्धिमा सुधार गरिनेछ।<br>**५. एक विद्यालय, एक पुस्तकालय** अवधारणा कार्यान्वयन गरिनेछ।<br>६. एकीकृत पाठ्यक्रम तथा प्रविधिमा आधारित शिक्षण—सिकाइका लागि शिक्षकको आवश्यक क्षमता विकास गरिनेछ।<br>७. बालबालिकाको अन्तरनिहित प्रतिभा प्रस्फुटनका लागि नवप्रवर्तनमा आधारित सहपाठ्य तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ।<br>८. निरन्तर मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी, सहज तथा व्यवस्थित बनाइनेछ।<br>९. स्थानीय स्रोत र साधनमा आधारित शैक्षिक सामग्रीको विकास तथा प्रयोगका लागि विद्यालयलाई जिम्मेवार बनाइनेछ।<br>१०. स्थानीय मूल्य—मान्यता, संस्कृति, परम्परागत ज्ञान, सीप तथा प्रविधिको संरक्षण र संवर्द्धनका लागि स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गरिनेछ। |
| ३. समावेशी शिक्षा सम्बन्धि | १. अपाङ्गता भएका वा सिकाइ कठिनाइ भएका बालबालिकाको पहिचान (Screening) गरिनेछ।<br>२. सबै विद्यालयमा समावेशी **सञ्चालन गर्न** शिक्षण—सिकाइका लागि आवश्यक भौतिक पूर्वाधार विकास गरिनेछ।<br>३. अपाङ्गता भएका बालबालिकाको सिकाइ अवसर अभिवृद्धि गर्न आवश्यक सिकाइ सामग्रीको विकास तथा सहज उपलब्धता सुनिश्चित गरिनेछ।<br>४. विद्यालयका बालबालिकाको वार्षिक स्वास्थ्य परीक्षण गरी आवश्यकता अनुसार रिफरल सेवा उपलब्ध गराइनेछ।<br>५. विद्यालयमा आधारित किशोरकिशोरी लक्षित यौन तथा प्रजनन स्वास्थ्य, |

| | |
|---|---|
| | सरसफाइ तथा जीवनोपयोगी सीपसम्बन्धी कार्यक्रम सञ्चालन गर्न स्थानीय स्वास्थ्यकर्मी परिचालन गरिनेछ। <br>६. प्रत्येक विद्यालयमा प्राथमिक उपचार सामग्री (First Aid Kit) को व्यवस्था गरिनेछ। <br>७. शिक्षकलाई प्राथमिक उपचार सामग्रीको उचित प्रयोगसम्बन्धी आवश्यक सीप विकास तालिम प्रदान गरिनेछ। |
| ४. आपत्कालीन अवस्थामा सिकाइको निरन्तरता सुनिश्चित गर्ने। | १ विद्यालयमा आपत्कालीन शिक्षा योजना तयार गरी कार्यान्वयन . गरिनेछ। <br>२ . आपत्कालीन अवस्थामा सिकाइको निरन्तरताका लागि सिकाइ पोर्टल, अनलाइन माध्यम तथा अन्य वैकल्पिक शिक्षण विधिको प्रयोग गर्न गैरसरकारी संस्था तथा सम्बन्धित निकायसँग सहकार्य गरिनेछ। <br>३ आपत्कालीन अवस्थामासमेत घरमा सिकाइ वातावरण निर्माणका लागि . अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। |
| ५. शैक्षिक सुशासन कायम गर्ने। | १. प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि प्रधानाध्यापक तथा विद्यालय . व्यवस्थापन समितिका पदाधिकारीहरूको क्षमता विकास गरिनेछ। <br>२. विद्यालयमा नियमित सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ . कार्यक्रम सञ्चालन गरी पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरिनेछ। <br>३. अभिभावक संघलाई प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि —शिक्षक . सक्रिय र सशक्त बनाइनेछ। <br>४. कार्यसम्पादनमा आधारित व्यवस्थापन क .रार प्रणालीमार्फत प्रधानाध्यापकको व्यवस्थापन गरी शैक्षिक नेतृत्वलाई प्रभावकारी बनाइनेछ। <br>५. विद्यालयको शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढ र . प्रविधिमैत्री बनाइनेछ। <br>६. विद्यालय सुधार योजनालाई व्यवस्थित रूपमा कार्यान्वयन गरी शैक्षिक . सुशासन तथा प्रभावकारी व्यवस्थापन सुनिश्चित गरिनेछ। |

### ३.२.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्यः

**क. उपलब्धिः**

अनिवार्य र निःशुल्क आधारभूत शिक्षामा पहुँच तथा सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्ध हुने।

**ख. मूख्य नतिजाहरूः**

१. सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भई सहभागी भएको हुने,
२. सबै विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गरी न्यूनतम भौतिक पूर्वाधार, सिकाइ सामग्रीर सक्रिय एवम् उत्प्रेरित शिक्षकको व्यवस्थामार्फत बालमैत्री र समावेशी सिकाइ वातावरणमा सिकाइ हुने ।
३. पौष्टिक र स्वस्थकर दिवा खाजाको प्रबन्धबाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुने ।
४. आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाले अपेक्षित सिकाइ उपलब्धि हासिल गरेको हुने ।
५. भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक समता सूचकमा सुधार भएको हुने ।
६. विविध प्रकोप, सङ्कट र महामारीको परिस्थितिप्रति विद्यालय शिक्षा प्रणाली उत्थानशील हुने ।
७. सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार भई सिकाइलाई सहयोग पुग्ने ।
८. कार्यरत जनशक्तिको क्षमता विकास भई गुणस्तरीय सेवा प्रवाह र सुशासन कायम हुने
९. बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने,
१०. विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने,
११. सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने,

**ग. प्रमुख क्रियाकलाप तथा लक्ष्यहरुः**

१. विद्यालय नक्साङ्कन, समायोजन र दरबन्दी पुनर्वितरण
२. शिक्षक योग्यता मापदण्ड कार्यान्वयन
३. मापदण्डअनुसार शिक्षक व्यवस्था
४. उमेर समूहका सबै बालबालिकाको विद्यालय भर्ना
५. विद्यालय भवन, कक्षाकोठा, फर्निचर, खानेपानी, शौचालय, घेरावारा, खाजा घर जस्ता न्यूनतम भौतिक पूर्वाधार विकास
६. विद्यार्थी सिकाइ उपलब्धि परीक्षण
७. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुरूप तहगत पाठ्यक्रमको पूर्ण कार्यान्वयन
८. व्यवहारकुशल सिप तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धमा शिक्षकहरूको क्षमता विकास
९. आपतकालमा शिक्षासम्बन्धी योजना तर्जुमा र कार्यान्वयन

१०. सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा आवश्यक सामग्री तथा क्षमता विकास
११. शिक्षकको पेसागत  विकास सहायता प्रणालीको स्थापना
१२. स्वस्थ कर र पौष्टिक आहारसहितको दिवा खाजाको प्रबन्ध
१३. निःशुल्क शिक्षाको लागि पाठ्यपुस्तक, छात्रवृत्ति र सिकाइ सामग्री व्यवस्था
१४. सुधारात्मक र निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति कार्यान्वयन
१५. शिक्षकले शिक्षणमा विताउने समय सुधार कार्यान्वयन कार्यविधि कार्यान्वयन
१६. विव्यस र शिअसंका पदाधिकारीको क्षमता विकास र अभिभावक सचेतना
१७. नमुना विद्यालय विकास
१८. घर दैलो कार्यक्रम, स्वागत, प्रोत्साहन र शिक्षासम्बधी भर्ना अभियानकासाथ जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।
१९. विशिष्टीकरण तालिका बमोजिम दैनिक , साप्ताहिक र वार्षिक, कार्ययोजना निर्माण गरी कार्यन्वयन गर्ने ।
२०. अभिभावक दिवस, अभिन्दन, सम्मान, अभिमुखीकरण र अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गर्ने।
२१. स्थानीय तहमा पाइने कम मूल्यका बस्तुहरुको अधिकतम प्रयोगमुखी क्रियाकलाप सञ्चालन गर्ने।

## आधारभूत तहका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | घर दैलो कार्यक्रम, स्वागत, प्रोत्साहन र शिक्षासम्बधी भर्ना अभियानका साथ जनचेतना कार्यक्रम सञ्चालन गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | विद्यालय नक्साङ्कन दरबन्दी पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | आधारभूत तहका शिक्षकको तलब भत्ता | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ४ | सबै बालबालिकालाई विद्यालय भर्ना | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ६ | आधारभूत तहका छात्रालाई स्यानिटरी प्याड | छात्रा | सबै | सबै | सबै | सबै | सबै | | | |
| ७ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | | १० | १० | १० | १० | ४० | ४९ | |
| ८ | प्रारम्भिक कक्षाको न्यूनतम प्याकेज व्यवस्थापन र संचालनका लागि विद्यालयलाई अनुदान | आवश्यकता अनुसार | | | | | | | | |
| ९ | शिक्षक विकास तथा सहायता प्रणालीको पुनर्संरचना | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | दिवा खाजाको प्रबन्ध | | | | | | | | | |
| १२ | पाठ्यपुस्तक व्यवस्था | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १३ | सन्दर्भ सामग्रीको व्यवस्था | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १४ | कक्षाकोठामा आधारित मूल्याङ्कन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १५ | व्यवस्थित परीक्षा प्रणाली | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १६ | शैक्षिक सूचना प्रणाली स्थापना तथा व्यवस्थापन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| १७ | विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १८ | अभिभावक अभिमुखीकरण र सहभागीता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १९ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| २० | कक्षा १ देखि ३ मा बालमैत्री र छापायुक्त कक्षाकोठाको व्यवस्था | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | ४९ | |
| २१ | कक्षा पुस्तकालयको वा बुक कर्नरको स्थापना गरी बालबालिकालाई भरपुर पढाइको अवसर प्रदान | सबै विद्यालयमा | √ | √ | √ | √ | √ | √ | √ | |
| २२ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टर्नेट लगायतको व्यवस्थापन | विद्यालय | | | | | | | ४९ | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपाल सरकारले कक्षा ९-१२ सम्मकोशिक्षालाई माध्यमिक शिक्षाका रूपमा परिभाषित गरेको छ । कक्षा ९-१० र ११ र १२ गरी दुई समूहमा माध्यमिक शिक्षाको व्यवस्थापन हुँदै आएको छ । त्यसै गरी कक्षा ९-१२ मा साधारण विद्यालयमा प्राविधिक धारमका शैक्षिक कार्यक्रम सञ्चालन हुँदै आएका छन् । यसरी साधारण तथा प्राविधिक धारका माध्यमिक शिक्षा पद्दतिमार्फत देशले चाहेअनुसारको विकासका लागि सक्षम नागरिक तयार गर्ने प्रयास हुँदै आएका छन् ।

माध्यमिक शिक्षा उच्च शिक्षा अध्ययनको आधारका रूपमा रहन्छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा हुने प्रतिस्पर्धामा सक्षम मानवस्रोत विकासका लागि शिक्षाले महत्वपूर्ण भूमिका खेल्नु पर्छ । माध्यमिक तहको शिक्षाले उच्च शिक्षाका लागि आवश्यक व्यक्ति तयार गर्नु पर्ने भएकाले माध्यमिक शिक्षालाई उच्च शिक्षासँग सहसम्बन्धित गराउनु पर्छ । साथै माध्यमिक तह सम्मको निःशुल्क शिक्षामा अपाङ्गता भएका बालबालिकाको शैक्षिक अधिकारसमेत सुनिश्चित गर्नु पर्ने अवस्था विद्यमान रहेको छ ।

नेपालको संविधान बमोजिम आधारभूत तथा माध्यमिक शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहमा रहेको छ । विद्यालय शिक्षालाई थप व्यवस्थित गर्न नेपाल सरकारले राष्ट्रिय पाठ्यक्रम प्रारूप विकास गरी कार्यान्वयनमा ल्याएकोछ । यस अन्तर्गत माध्यमिक तहको शिक्षाको सक्षमताहरू तय गरिएका छन् । हालै नेपाल सरकारले समग्र शिक्षा पद्दतिलाई राष्ट्रिय योग्यता प्रारूपका आधारमा व्यवस्थित गर्ने गरी कार्यहरू प्रारम्भ गरेको छ । माध्यमिक शिक्षामा प्राविधिक धारको पाठ्यक्रम पनि पठनपाठनमा रहेको छ । माध्यमिक तहमा संस्कृत धारको पाठ्यक्रममा आधारित विद्यालयहरू पनि सञ्चालन हुँदै आएका छन् ।

### ३.३.२विद्यमानअवस्था

यस थुलुङ दुधकोशी गाँउपालिका भित्र साधारण र प्राविधिक तथा व्यावसायिक धारका १० ओटा सामुदायिक माध्यमिक विद्यालय सञ्चालनमा रहेकाछन् । कक्षा १० सम्म सञ्चालित २ र १२ कक्षा सम्म सञ्चालित ८ ओटा विद्यालयहरु छन् । शैक्षिक सत्र २०७८ को तथ्याङ्कअनुसार कक्षा ९-१० मा ६८० र कक्षा ११-१२ मा ३७९ विद्यार्थीमध्ये दलित विद्यार्थी क्रमश: ५२ र ३९ जना रहेका छन् ।छात्रा सहभागिता क्रमश: ४९.७र ४३.० प्रतिशत रहेको देखिन्छ । माध्यमिक तहमा विद्यार्थीको पहुँचमा क्रमिक सुधार आएको छ । कक्षा ९-१२को खुद भर्नादर ४२.३ पुगेको देखिए तापनि कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा १० र १२ सम्म पुग्ने दर क्रमशः ५४ र १९ मात्र रहेको छ । विशेषगरी दलित र आर्थिक एवम् सामाजिक रूपमा पिछडिएका समुदायका बालबालिकाहरू विद्यालयबाहिर रहेका वा कक्षा छाड्ने बढी देखिन्छन् ।

सामुदायिक विद्यालयको कक्षा ९-१० मा स्वीकृत दरबन्दी २३ र राहत १२ तथा कक्षा ११-१२ मा स्वीकृत दरबन्दी १० मा शिक्षकहरू कार्यरत छन् । कक्षा ९ र १० तथा ११-१२ मा शिक्षक अपर्याप्त छन् ।

यसले गर्दा पनि माध्यमिक शिक्षामा गुणस्तर सुधार हुनसकेको छैन । बहुवञ्चितिमा परेका समुदायका बालबालिकाहरूको पहुँच कम देखिन्छ । कक्षा १०, ११ र १२ का परीक्षाहरूको नतिजाले ठूलो सङ्ख्यामा विद्यार्थीहरू न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न नसकेको कारणले उच्च शिक्षाबाट समेत बञ्चित छन् । शिक्षकलाई नयाँ ज्ञान, सिप र प्रविधिमा अद्यावधिक गराई सिकाइ सुधार जरूरी देखिन्छ ।

गाँउपालिकामा शिक्षाका कर्मचारी व्यवस्था भएपनि प्रशासनिक कार्य कै बोझ बढी भएकोले विद्यालयको अनुगमन तथा सुपरिवेक्षण र शिक्षक सहायता प्रणालीकमजोर देखिएको छ ।

### ३.३.३ समस्या

(क) भवन तथा कक्षाकोठा पर्याप्त नहुनु

(ख) सबै विद्यालय भवन भूकम्प प्रतिरोधी नहुनु

(ग) शैचालयको अवस्था कमजोर हुनु र छात्रा अपाङ्ग मैत्री शौचालयको अभाव हुनु

(घ) खानेपानीको अवस्था कमजोर हुनु र भएकामा पनि बालमैत्री पक्षलाई ध्यान नदिइनु

(ङ) विद्यालयमा सूचना र सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइका लागि आवश्यक कम्प्युटर ल्याब नहुनु

(च) विज्ञान ल्याब नहुनु र भएको पनि उचित मात्रामा प्रयोगमा नआउनु

(छ) सिकाइका लागि पुस्तकालय र आवश्यक पुस्तकहरूको अभाव हुनु

(ज) विद्यालयमा घेरबारको व्यवस्था नहुनु

(झ) विद्यालयका उपयुक्त खेल मैदानको व्यवस्था नहुनु

(ञ) प्राविधिक धार सञ्चालन भएका विद्यालयमा प्रयोगशालाको व्यवस्थापन प्रभावकारी नहुनु

(ट) माध्यमिक तहमा विषयगत शिक्षकहरूको अवस्था अपर्याप्त रहनु

(ठ) विद्यालय वातावरण तथा भौतिक संरचना बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा प्रविधिमैत्री नहनु

(ड) शिक्षकमा प्रविधि मैत्री शिक्षण सिकाइका लागि अत्यावश्यक सक्षमता विकास नहुनु

(ढ) अभिभावकको शिक्षा सुधार तथा विकास प्रति कम चासो हुनु

(ण) विद्यालयमा सुपरीवेक्षण तथा अनुगमन गर्ने पद्दति विकास हुन नसक्नु

(त) अपाङ्गता भएका तथा अन्य सिमान्तकृत समुदायमन बालबालिकाका लागि पर्याप्त छात्रवृत्ति तथा अन्य शैक्षिक सहयोगका कार्यक्रमहरू सञ्चालन नहुनु

(थ) विद्यालयमा शैक्षिक व्यवस्थापनको पक्ष कमजोर हुनु

### ३.३.४ चुनौती

गाउँपालिकाका माध्यमिक शिक्षाका प्रमुख शैक्षिक चूनौतीहरू देहाय बमोजिम रहेका छन्:

(क) नक्शाङ्कनका आधारमा विद्यालयलाई व्यवस्थित गर्नु,

(ख) विद्यालय भौतिक संचनामा सुधार गरी विद्यालयलाई अपाङ्ग मैत्री बालमैत्री, लैङ्गिकमैत्री र प्रविधिमैत्री बनाउनु

(ग) विद्यालयमा सामाजिक समावेशीकरण र समतामूलक पहुँच सुनिश्चित गर्नु,

(घ) माध्यमिक शिक्षामा गुणस्तर सुधार गर्नु

(ङ) माध्यमिक शिक्षामा व्यवस्थापन प्रभावकारिता सुनिश्चित गर्नु

### ३.३.५अवसर

(क) विद्यमान ऐन कानुन तथा नियमावलीले माध्यमिक शिक्षाको विकासका लागि कार्यक्रम तय गरी कार्यान्वयनमा जाने पर्याप्त कानुनी आधार हुनु

(ख) पालिकालाई कानुन बनाइ शिक्षा विकास योजना तथा कार्यक्रम सञ्चालन गर्ने अधिकार हुनु

(ग) स्थानीय सरकारले शिक्षा क्षेत्रको विकासका लागि वृहत योजना तयार गरी कार्यान्वयनमा जाने प्रतिवद्धता जाहेर गर्नु

(घ) शिक्षक तथा विद्यार्थीमा सूचना, सञ्चार तथा प्रविधिमा आधारित शैक्षिक क्रियाकालाप सञ्चालन गर्नु पर्छ भन्ने मान्यता विकास हुँदै जानु

### ३.३.६ उद्देश्य

(क) माध्यमिक शिक्षाकोसमतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्नु ।

(ख) माध्यमिक शिक्षामा अभिभावको शैक्षिक सहभागिता अभिवृद्धि गर्नु ।

(ग) शैक्षिक व्यवस्थापनमा सुधार गर्नु ।

(घ) सुरक्षित विद्यालय वातावरणमा प्रविधिमा आधारित सिकाइलाई संस्थागत गरी विपत् तथा संकटपूर्ण अवस्थामा शैक्षिक निरन्तरता प्रदान गर्नु ।

## ३.३.७ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीती |
|---|---|
| १. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने | १. विद्यालय नक्साङ्कनका आधारमा विद्यालयको पुनःव्यवस्थापन गरिनेछ।<br>२. सबै बालबालिकाका लागि समावेशी तथा गुणस्तरीय माध्यमिक शिक्षामा पहुँच र अवसर सुनिश्चित गरिनेछ।<br>३. विद्यालयसँगको सहकार्यमा विद्यालयबाहिर रहेका विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालय भर्ना गराइनेछ।<br>४. साधारण माध्यमिक शिक्षाअन्तर्गत सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षालाई स्थानीय आवश्यकता तथा सम्भाव्यताका आधारमा विस्तार गरिनेछ।<br>५ . अपाङ्गता भएका, गरिब, विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकालाई निःशुल्क पोशाक, शैक्षिक सामग्री तथा आवश्यक सहयोग उपलब्ध गराई माध्यमिक शिक्षामा समान शैक्षिक अवसर सुनिश्चित गरिनेछ। |
| २. सहजकारी सिकाइ वातावरणमार्फत शिक्षाको गुणस्तर सुधार गर्ने। | १) विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्न आवश्यक भौतिक पूर्वाधारको विकास गरिनेछ।<br>२) विद्यालयलाई बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री, प्रविधिमैत्री तथा उत्थानशील बनाइनेछ।<br>३) उपचारात्मक .Remedial) शिक्षणसिकाइ कार्यक्रम सञ्चालन गरी सिकाइ — उपलब्धि कमजोर भएका विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार गरिनेछ।<br>४) विद्यालयमा विज्ञान तथा सूचनासञ्चार प्रविधिसम्बन्धी प्रयोगशालाको — स्थापना तथा सुदृढीकरण गरिनेछ।<br>५) विद्यालयमा भय , हिंसा, विभेदरहित, सुरक्षित तथा जोखिममुक्त शैक्षिक वातावरण निर्माण गरिनेछ। ६) प्रभावकारी शिक्षक व्यवस्थापन तथा आवश्यकता र क्षमतामा आधारित शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालन गरिनेछ।<br>७ ) छात्रालाई निःशुल्क सेनिटरी प्याड वितरण गरिनेछ तथा स्वास्थ्यकर्मी परिचालन गरी किशोरकिशोरीलाई स्वास्थ्य, सरसफाइ, प्रजनन स्वास्थ्य तथा सुरक्षित व्यवहारसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।<br>८ विद्यार्थी सङ्ख्या तथा विषयगत आवश्यकताका आधारमा शिक्षक .दरबन्दी व्यवस्थापन गरिनेछ।<br>क) शिक्षक विद्यार्थी अनुपातलाई सन्तुलित र व्यवस्थित बनाइनेछ<br>ख) सिकाइ मूल्याङ्कन प्रणालीलाई भरपर्दो , वस्तुनिष्ठ तथा व्यावहारिक |

| | |
|---|---|
| | बनाइनेछ।<br>९) विद्यालयको भौतिक संरचनालाई बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री, प्रविधिमैत्री तथा उत्थानशील बनाइनेछ।<br>१०) प्रत्येक विद्यालयमा प्राथमिक उपचार सामग्री .First Aid Kit) को व्यवस्था गरिनेछ। |
| ३. शैक्षिक व्यवस्थापनलाई जिम्मेवार, पारदर्शी तथा जवाफदेही बनाउने। | १) अनलाइन तथा अफलाइन पाठ्यसामग्रीको विकास तथा प्रयोगमार्फत विपद्को अवस्थामा पनि शिक्षण सिकाइ कार्यलाई निरन्तरता दिइनेछ।<br>२) अनुसन्धानमा आधारित शिक्षण सिकाइलाई प्रवर्द्धन गर्न शिक्षकलाई प्रोत्साहन गरिनेछ।<br>३) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको नेतृत्व तथा व्यवस्थापकीय क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।<br>४) विद्यालय सुधारयोजनामा आधारित शैक्षिक कार्यक्रमको विकास तथा कार्यान्वयनलाई प्राथमिकता दिइनेछ।<br>५) विद्यालयबाहिर रहेका बालबालिकाको वास्तविक तथ्याङ्क तयार गरी तथ्याङ्कमा आधारित शैक्षिक कार्यक्रम विकास तथा कार्यान्वयन गरिनेछ।<br>६) विद्यालयमा नियमित रूपमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गरिनेछ।<br>७) विद्यार्थी प्रगति प्रतिवेदनको प्रभावकारी व्यवस्था गरी शिक्षक तथा अभिभावकलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाइनेछ।<br>८) शिक्षक प्रोत्साहन कार्यक्रमका माध्यमबाट प्रभावकारी शिक्षण सिकाइप्रति उत्प्रेरणा र आकर्षण अभिवृद्धि गरिनेछ। |
| ४ . शैक्षिक विकास तथा सिकाइ सुधारमा अभिभावकको सक्रिय सहभागिता अभिवृद्धि गर्ने। | १) अभिभावक नियमित अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।—विद्यालय<br>२) अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरी शैक्षिक गतिविधिमा उनीहरूको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ। |

## ३.३.८ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

## क. उपलब्धि

निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन तथा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

## ख. नतिजा

१. सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई सिकाइ उपलब्धि  स्तर, खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने,
२. सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गरेको हुने,
३. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने,
४. पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुने,
५. माध्यमिक शिक्षा पुरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने,
६. माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने,
७. माध्यमिक विद्यालयहरू प्रकोप, संकट तथा महामारीलगायतका परिस्थिति प्रति उत्थानशील हुने,
८. सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने,
९. माध्यमिक तहको शिक्षामा सुशासन कायम हुने,
१०. माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह हुने ।

## ग. प्रमुख क्रियाकलाप

- विषयगत शिक्षक दरबन्दी मिलान
- पूर्ण निःशुल्क माध्यामिक शिक्षा बनाउन गाउँ गाउँपालिकाबाट अनुदान व्यवस्था
- आवश्यकताका आधारमा थप शिक्षक दरबन्दी, व्यवस्थापन
- शैक्षिक सत्रको शुरुमा वार्षिक कार्यतालिका निर्माण, प्रयोग र अनुगमन
- गाउँपालिका स्तरीय शैक्षिक क्यालेण्डर निर्माण तथा कार्यान्वयन
- हरेक विद्यालयमा लगबुक  प्रयोग
- प्रत्येक माध्यामिक विद्यालयमा इन्टरनेट जडान, कम्प्युटर ल्याब प्रत्येक कक्षामा स्मार्ट बोर्ड र सूचना तथा सञ्चार प्रविधि शिक्षकको व्यवस्था
- अतिरिक्त क्रियाकलाप खर्च व्यवस्थापन र खेल प्रशिक्षकको व्यवस्था
- निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयनको लागि आवश्यक कानुन र मापदण्ड तर्जुमा
- अंग्रेजी, गणितर विज्ञान विषयमा किट्स व्यवस्थापन
- अंग्रेजी, गणितर विज्ञान विषयको शिक्षण सहयोग अनुदान व्यवस्था
- न्यूनतम भौतिक पूर्वाधार विकास
- विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण
- शिक्षण सिकाइ र मूल्याङ्कन प्रणालीको एकीकरण
- आवधिक परीक्षाको नतिजा विश्लेषण तथा प्रबोधीकरण

- वि.व्य.स/शि.अ.संघ पदाधिकारीहरूको क्षमता विकास
- प्रकोप, सङ्कट तथा महामारीप्रति उत्थानशील बनाउने आकस्मिक योजना निर्माण र कार्यान्वयन
- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला व्यवस्था र सूचना तथा सञ्चार प्रविधिको प्रयोगको लागि आवश्यक सामग्री र क्षमता विकास
- पाठ्यपुस्तक, छात्रवृत्ति लगायत प्रोत्साहन कार्यक्रम
- सबै विद्यालयमा विज्ञान प्रयोगशाला व्यवस्था

## माध्यमिक शिक्षाका प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी गर्ने | पटक | | १ | | | | १ | १ | सङ्घ, प्रदेश र स्थानीय तह |
| २ | विद्यालय सेवा क्षेत्रको सिमांकन गरी हरेक माध्यमिक विद्यालयको सेवा क्षेत्र एकिन गर्ने र सीमाङ्कन भित्रका बालबालिकाहरू भर्नाको सुनिश्चितताको लागि विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन र स्थापना | पटक | १ | | | | | १ | १ | स्थानीय तह |
| ३ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, खानेपानी, खेलमैदान, घेराबार, शौचालय) | माध्यमिक विद्यालय | | १ | १ | १ | १ | ४ | ५ | सङ्घ र स्थानीय तह |
| ४ | प्रविधि तथा व्यवहारकुशल सिपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास | शिक्षक प्रतिशत | | २० | २० | ३० | ३० | १०० | | सङ्घ, प्रदेश र स्थानीय तह |
| ७ | विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने आकस्मिक व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन | स्थानीय तह | १ | | | | | १ | १ | स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय प्रतिशत | २० | २० | २० | २० | २० | १०० | | सङ्घ र स्थानीय तह |
| ९ | विभिन्न किसिममा अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | सङ्घ तथा स्थानीय तह |
| १० | निःशुल्क शिक्षाको सुनिश्चितताको लागि पाठ्यपुस्तक | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ११ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस तथा स्टेशनरी सहयोग र छात्रवृत्ति | विद्यार्थी सङ्ख्या | १०० | १०० | १०० | १०० | १०० | ५०० | १००० | |
| १२ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | माध्यमिक विद्यालय | १० | १० | १० | १० | १० | १० | १० | |
| १३ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | विद्यालय | | १० | १० | १० | १० | १० | १० | |

## ३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम

### ३.४.१ परिचय

प्राविधिक तथा व्यावसायिक शिक्षा आर्थिक र सामाजिक विकासको मेरुदण्डका रूपमा रहन्छ । आधारभूत विद्यालय शिक्षापश्चात् प्राविधिक तथा व्यावसायिक शिक्षा पढ्नेको दर उच्च हुने गरेको अवस्था विश्व परिवेशमा पाइन्छ ।प्राविधिक तथा व्यावसायिक शिक्षाबाट उत्पादित जनशक्तिको स्थानीय श्रमबजारमा हुने प्रवेश र प्रतिफलका रूपमा आर्जन हुने आर्थिक स्रोत नै गाउँ पालिकाको विकास तथा समृद्धिको आधार हुने गर्छ । प्राविधिक शिक्षाले रोजगारीका अवसरहरूको सिर्जना गर्छ । आर्थिक विकासका लागि प्राविधिक आवश्यक जनशक्ति उत्पादन र आपूर्ति गर्ने काम प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासबाट हुन्छ । यसका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको सहज पहँच,समन्वयात्मक एवं गुणस्तरीय प्रणाली विकास र दिगो लगानीको सुनिश्चितता अत्यावश्यक हुन्छ ।

नेपालमा हाल सञ्चालनमा रहेका प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रम मागमुखी हुन नसकेको भन्ने जनगुनासाहरू आउने गरेका छन् । परम्परागत रूपमा पाठ्यक्रम विकास हुने र शिक्षण सिकाइमा पनि आधुनिकीकरण हुन अझै नसकेको अवस्था वेला वेलामा अध्ययन तथा अनुसन्धानले औंल्याउने गरेको अवस्था देखिन्छ । प्रविधि, नवीनतम सिप , नैतिक शिक्षा, सूचना एवं समन्वय र उद्यमशीलता जस्ता ज्ञान एवं सिप विकासको सुनिश्चित गर्ने गरी प्राविधिका शिक्षा तथा व्यावसायिक सिप विकासका कार्यक्रम सञ्चालन हुने गरेको अवस्था सुनिश्तचत हुन सकेको छैन । यसका कारण नेपाली विद्यार्थीले स्वदेशी तथा विदेशी श्रमबजारमा खरो रूपमा प्रतिस्पर्धा गर्न नसकेको अवस्था पनि देखिएका छन् ।

### ३.४.२ विद्यमान अवस्था

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) ऐन, २०४५ अन्तर्गत गठित संरचनाले प्राविधिक शिक्षाको नीतिगत र कार्यकारी व्यवस्थापन गर्दै आएको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीको अध्यक्षतामा रहने २३ सदस्यीय 'प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सभा' र ९ सदस्यीय परिषद्मार्फत सञ्चालित यसको केन्द्रीय कार्यालय भक्तपुरको सानोठिमीमा अवस्थित छ। परिषद्ले आफ्ना ९ महाशाखा, ७ प्रदेश कार्यालय र ३ अर्ध-स्वायत्त संस्थाहरूमार्फत देशभरि आङ्गिक, साझेदारी, सामुदायिक र निजी शिक्षालयहरूको सञ्जाल विस्तार गरेको छ। हाल यस परिषद्अन्तर्गत विभिन्न आङ्गिक, साझेदारी, सामुदायिक र निजी शिक्षालयहरू तथा तालिम प्रदायक संस्थाहरू क्रियाशील छन्। साथै, राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीलगायतका विभिन्न परियोजनामार्फत सिप परीक्षण र रोजगारी प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन भइरहेका छन्।

थुलुङ दुधकोशी गाउँपालिकाले पनि प्राविधिक शिक्षाको महत्त्वलाई आत्मसात गर्दै आफ्ना शिक्षालयहरूमा कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। हाल यहाँ CTEVT बाट सम्बन्धन प्राप्त सामुदायिक विद्यालयमा तीन वर्षे 'कृषि' विषय र थुलुङ दुधकोशी बहुप्राविधिक शिक्षालयमा प्रदेश सरकारको साझेदारीमा तीन वर्षे 'सिभिल इन्जिनियरिङ' विषयको पठनपाठन भइरहेको छ।

शिक्षालयहरूको विद्यार्थी भर्ना अवस्थालाई हेर्दा, थुलुङ बहुप्राविधिक शिक्षालयमा प्रथम वर्षको प्रथम सेमेष्टरमा ३८ जना (१७ छात्र र २१ छात्रा), प्रथम वर्षको दोस्रो सेमेष्टरमा ७ जना (४ छात्र र ३ छात्रा) तथा तेस्रो वर्षमा २६ जना (१३ छात्र र १३ छात्रा) गरी कुल ७१ जना विद्यार्थी अध्ययनरत छन्। त्यसैगरी, जनता माध्यमिक विद्यालयमा प्रथम वर्षको प्रथम सेमेष्टरमा १३ जना (३ छात्र र १० छात्रा), प्रथम वर्षको दोस्रो सेमेष्टरमा २८ जना (८ छात्र र २० छात्रा) तथा तेस्रो वर्षमा २१ जना (७ छात्र र १४ छात्रा) गरी कुल ६२ जना विद्यार्थीले प्राविधिक शिक्षा हासिल गरिरहेका छन्। यसरी दुवै शिक्षालयमा गरी कुल १३३ जना विद्यार्थीहरू प्राविधिक शिक्षामा संलग्न रहनुले गाउँपालिकामा प्राविधिक जनशक्ति उत्पादनको आधार बलियो बन्दै गएको देखिन्छ। प्राविधिक शिक्षालायमा विद्यार्थीहरु न्यूनमात्रामा रहेका छन् ।

### ३.४.३ समस्या

१. **विद्यार्थीको आकर्षण र भर्ना अवस्थाः** अभिभावकको चासो र चाहना भएता पनि विद्यार्थीहरूमा प्राविधिक शिक्षाप्रतिको रुचि र आवश्यक क्षमताको कमी देखिन्छ, जसले गर्दा तोकिएको सिट (Quota) पूर्ण रूपमा भरिन सकिरहेको छैन।

२. **प्रशिक्षकको अभाव र उत्प्रेरणाः** प्राविधिक विषयका लागि दक्ष प्रशिक्षकहरूको अभाव एक प्रमुख समस्याका रूपमा रहेको छ। त्यसमाथि सरकारले निर्धारण गरेको तलब र सुविधामा योग्य प्रशिक्षकहरूलाई टिकाउन र आकर्षित गर्न कठिन भइरहेको छ।

३. **सिकाइ विधिमा विविधताको कमीः** प्राविधिक शिक्षा अनिवार्य रूपमा प्रयोगात्मक (Practical) हुनुपर्नेमा अझै पनि सैद्धान्तिक (Theoretical) पक्षमै बढी केन्द्रित देखिन्छ, जसले गर्दा सिकाइको गुणस्तर र व्यावहारिक सिप मा प्रभावकारिता आउन सकेको छैन।

४. **आर्थिक दिगोपनः** प्राविधिक शिक्षालयहरूको दीर्घकालीन सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक पर्ने आर्थिक स्रोत र सुनिश्चितताको अभाव छ, जसले गर्दा कार्यक्रमहरूको स्थायित्वमा जोखिम देखिएको छ।

५. **समान पहुँचको अभावः** साधारण शिक्षाको तुलनामा प्राविधिक शिक्षाको लागत बढी हुने भएकाले आर्थिक रूपमा कमजोर परिवारका विद्यार्थीहरूको पहुँच र सहभागिता सुनिश्चित गर्न चुनौतीपूर्ण बनेको छ।

६. **बजार र रुचिअनुसारको पाठ्यक्रमः** हाल उपलब्ध प्राविधिक विषयहरू विद्यार्थीको रुचि र स्थानीय बजारको आवश्यकतासँग पूर्ण रूपमा मेल खान नसक्नुले पनि शिक्षालाई जीवनोपयोगी बनाउन कठिनाइ भइरहेको छ।

### ३.४.४ चुनौती

थुलुङ दुधकोशी गाउँपालिकाले प्राविधिक शिक्षालाई पहुँचयोग्य, गुणस्तरीय र समावेशी बनाउने उद्देश्य राखे तापनि हाल यस क्षेत्रमा केही महत्त्वपूर्ण चुनौतीहरू विद्यमान छन्। गुणस्तरीय पूर्वाधारको विकास, प्रभावकारी समन्वय र दिगो लगानीको सुनिश्चितता गर्न अझै पनि निम्न समस्याहरू प्रमुख अवरोधका रूपमा देखिएका छन्:

१. विद्यार्थीको रुचि र पहुँचको खाडलःप्राविधिक शिक्षातर्फ अभिभावकको उच्च चासो रहे पनि विद्यार्थीहरूमा विषयगत रुचि, क्षमता र पूर्वतयारीको कमीका कारण तोकिएको कोटा (Quota) समेत पूरा हुन सकिरहेको छैन। साथै, साधारण शिक्षाको तुलनामा प्राविधिक शिक्षाको लागत बढी हुनुले गरिब, विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकाको पहुँचलाई संकुचित बनाएको छ।

२. दक्ष जनशक्ति र प्रशिक्षकको अभावःप्राविधिक शिक्षाका लागि अत्यावश्यक दक्ष प्रशिक्षकहरूको अभाव छ। विशेषगरी, सरकारले निर्धारण गरेको हालको तलब तथा सुविधाको संरचनामा योग्य र अनुभवी प्रशिक्षकहरूलाई आकर्षित गर्न र टिकाउन गाउँपालिकालाई कठिन भइरहेको छ।

३. सिकाइको गुणस्तर र प्रयोगात्मक अभ्यासको कमीःप्राविधिक शिक्षाको मर्म भनेकै 'प्रयोगात्मक' सिकाइ हो। तथापि, हालका कार्यक्रमहरू अधिक सैद्धान्तिक (Theoretical) छन्, जसले गर्दा विद्यार्थीहरूले व्यावहारिक सिप आर्जन गर्न सकिरहेका छैनन्। यसले गर्दा सिपको गुणस्तर अभिवृद्धिमा प्रश्नचिह्न खडा भएको छ।

४. विषय छनोटमा सीमितताःबजारको माग र स्थानीय आवश्यकताअनुसार नयाँ तथा प्राविधिक विषयहरूको विविधता नहुँदा विद्यार्थीहरूको रुचि र आवश्यकतालाई सम्बोधन गर्न कठिन छ।

५. आर्थिक दिगोपन र समन्वयको अभावःप्राविधिक शिक्षालयहरूको सञ्चालन र व्यवस्थापनका लागि दीर्घकालीन आर्थिक स्रोतको सुनिश्चितता हुन सकेको छैन। साथै, विभिन्न सरोकारवाला

निकायहरूबीच नीतिगत तहमा उचित समन्वय र सहकार्यको वातावरण अझै सुदृढ हुन बाँकी छ, जसले गर्दा स्रोत र साधनको प्रभावकारी उपयोगमा चुनौती थपिएको छ।

**३.४.५अवसर**

थुलुङ दुधकोशी गाउँपालिकामा प्राविधिक शिक्षाको विकास र विस्तारका लागि विद्यमान अवसरहरूलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छः

- स्थानीय सरकारको नीतिगत प्राथमिकताःस्थानीय सरकारको वार्षिक नीति, बजेट तथा कार्यक्रममा प्राविधिक शिक्षा र सिप  विकासका अवसरहरूलाई उच्च प्राथमिकतामा राख्नु गाउँपालिकाको शैक्षिक विकासको लागि एक प्रमुख आधार हो। यसले आवश्यक स्रोत र योजनाको सुनिश्चितता गर्दछ।

- श्रम बजारमा बढ्दो मागःराष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा दक्ष प्राविधिक जनशक्तिको माग बढ्दै जानुले हाम्रा विद्यार्थीहरूका लागि थप रोजगारीका अवसरहरू सिर्जना गरेको छ। यसले प्राविधिक शिक्षा अध्ययन गर्ने युवाहरूका लागि भविष्यको सुनौलो मार्ग प्रशस्त गरेको छ।

- संघीय नीति र बजेटमा प्राथमिकताःप्राविधिक जनशक्ति उत्पादन तथा रोजगारमुखी शिक्षालाई संघीय सरकारको बजेट तथा कार्यक्रममा उच्च प्राथमिकता दिइएको छ। यसबाट प्राप्त हुने अनुदान, सहयोग र कार्यक्रमहरूको लाभ लिँदै गाउँपालिकाको प्राविधिक शिक्षाको गुणस्तर सुधार गर्न सकिने प्रशस्त अवसर छ।

- प्रदेश सरकारसँगको साझेदारीःथुलुङ दुधकोशी बहुप्राविधिक शिक्षालयको सञ्चालनमा प्रदेश सरकारसँगको सहकार्यले संस्थागत विकास, पूर्वाधार निर्माण र आर्थिक स्रोत जुटाउन थप बल पुऱ्याएको छ।

- सिप  प्रमाणीकरणको अवसरःराष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (NVQS) र विभिन्न सरकारी/गैर-सरकारी परियोजनामार्फत प्राप्त हुने सिप  परीक्षणको सुविधाले यहाँका विद्यार्थीहरूलाई औपचारिक योग्यता र सम्मानित रोजगारीको अवसर दिलाएको छ।

- समुदाय र अभिभावकको सकारात्मक दृष्टिकोणःप्राविधिक शिक्षाप्रति समुदायमा बढेको आकर्षण र अभिभावकहरूको सकारात्मक चासोलाई उपयोग गर्दै विद्यार्थी भर्नादर बढाउन र कार्यक्रमलाई जनस्तरसम्म विस्तार गर्न सकिने प्रशस्त आधारहरू छन्।

- कार्यस्थलमा आधारित सिकाइ (Work-based Learning): स्थानीय स्तरका कृषि, निर्माण र अन्य प्राविधिक क्षेत्रहरूसँगको समन्वयमा 'पढ्दै र कमाउँदै' को अवधारणालाई कार्यान्वयन गर्न सकिने अवसर हाम्रासामु छ।

### ३.४.६उद्देश्य

१. प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासको पहुँच सुनिश्चित गर्नु

२. प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासको गुणस्तर अभिवृद्धि गर्नु

३. स्थानीय तहमा सिपमूलक रोजगारीका अवसर वृद्धि गर्नु

### ३.४.७ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासका समतामूलक अवसर सुनिश्चित गर्ने।** | १. नक्साङ्कनका आधारमा प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासका लागि विद्यालय तथा शिक्षालयहरूको विस्तार गरिनेछ।<br>२. प्राविधिक विद्यालयहरूको भौतिक पूर्वाधार विकास गरिनेछ।<br>३. गाउँपालिकामा एक बहुप्राविधिक शिक्षालय सञ्चालन गरिनेछ।<br>४. स्थानीय उद्योग तथा यससँग सम्बन्धित कार्य गर्ने निकायहरूसँग समन्वय र सहकार्य गरी प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासका अवसरहरू विस्तार गरिनेछ।<br>५. दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको पहुँच सुनिश्चित गर्न छात्रवृत्ति, शैक्षिक सामग्री लगायतका प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>६. अनौपचारिक रूपमा हासिल भएका ज्ञान तथा सीपको प्रमाणीकरण गरी समकक्षता प्रदान गर्न प्रदेश तथा संघ सरकारसँग समन्वय गरी परीक्षण तथा प्रमाणीकरण गरिनेछ। |
| **प्राविधिक शिक्षा तथा व्यावसायिक सीपको गुणस्तर अभिवृद्धि गर्ने।** | १. प्राविधिक धार सञ्चालन भएका सामुदायिक विद्यालयहरूमा गुणस्तरीय शिक्षण–सिकाइ वातावरण निर्माण गरिनेछ।<br>२. प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासको गुणस्तर सुधारका लागि प्रयोगशाला तथा कार्यशाला कक्षहरूको विकास गरिनेछ।<br>३. प्राविधिक धारमा कार्यरत प्रशिक्षकहरूको क्षमता विकास गरी प्रभावकारी शिक्षण–सिकाइका लागि आवश्यक सहजीकरण गरिनेछ।<br>४. शिक्षण–सिकाइ प्रक्रियालाई सूचना तथा सञ्चार प्रविधि (आईसीटी) मैत्री बनाई आधुनिकीकरण गरिनेछ। |
| सीपयुक्त, रोजगारमूलक | १. मागमा आधारित छोटो तथा लामो अवधिका सीपमूलक एवं उद्यमशीलता तालिमहरू सञ्चालन गरिनेछ। |

| | |
|---|---|
| एवं प्रतिस्पर्धी जनशक्ति तयार गर्न विद्यालयमा आधारित सीप विकासका अवसरहरूको सिर्जना गर्ने। | २. स्वरोजगारमुखी जनशक्ति विकासका लागि **'पढ्दै कमाउँदै'** कार्यक्रम सञ्चालन गरिनेछ।<br>३. निजी क्षेत्रसँग सहकार्य गरी विद्यालय तथा समुदायमा आधारित सीप विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>४. परम्परागत ज्ञान तथा सीपको संरक्षण, प्रवर्द्धन र उद्यमीकरण गरिनेछ। |

### ३.४.८ उपलब्धि, नतिजा, मुख्य क्रियाकलाप र लक्ष्य

### क उपलब्धि

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम मार्फत सिप युक्त जनशक्तिको उत्पादन भई उत्पादन, उत्पादकत्व, रोजगारी तथा स्वोरोजगारी मार्फत जीवनस्तरमा सुधार हुने ।

### ख नतिजा

१. थप बहुप्राविधिक शिक्षालय-प्राविधक धारका माध्यमिक विद्यालयहरूको सञ्चालन हुने
२. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा सञ्चालित कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने
३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूलाई उत्पादन र आर्थिक उपार्जनसँग जोडिने
४. परम्परागत सिपहरूको पहिचान, प्रमाणिकरण तथा प्रवद्र्धन हुने
५. वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणिकरण तथा उपयोग हुने वातावरण सृजना हुने
६. खोज, नवप्रवर्तन तथा उद्यमशीलतामा अभिवृद्धि भएको हुने
७. उत्पादनशील, रोजगारी, स्वरोजगारी र जीविको पार्जनका अवसरमा वृद्धि हुने

### ग प्रमुख क्रियाकलाप

१. गाउँपालिकाले प्राविधिक शिक्षा अध्ययनको लागि अनुदान र छात्रवृत्तिको व्यवस्था गर्ने ।
२. न्युन विद्यार्थी भर्ना दर वृद्धि, सुधार गर्न विज्ञापन, अभियान सञ्चालन गर्ने ।
३. सम्वन्धित निकायबाट नियमित अनुगमन, मूल्याङ्कन गर्ने ।

४. पढदैं कमाउदै कार्यक्रम सञ्चालन गरी विद्यार्थीलाई आयआर्जन तर्फ आकर्षित गर्ने ।५. प्रशिक्षकलाई प्राविधिक भत्ताको साथै थप आय आर्जनको लागि अवसर सिर्जना गर्ने ।

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | विज्ञान प्रयोगशाला, ICT व्यवस्थापन र इ-पुस्तकालय समेत जडान | विद्यालय | १ | २ | ४ | ६ | ८ | २० | २० | सङ्घ र प्रदेशसँगको समन्वय र सहकार्यमा |
| २ | विद्यालयमा प्राविधिक शिक्षा (बाली विज्ञान, पशु विज्ञान, सिभिल इञ्जिनियरिङ इत्यादि) कार्यक्रम सञ्चालन | विद्यालय | २ | २ | २ | २ | २ | २ | ३ | सङ्घ र प्रदेशसँगको समन्वय र सहकार्यमा |
| ३ | छोटो अवधिका सिपमूलक तालिमहरू सञ्चालन | ओटा | | १ | १ | १ | १ | ४ | १० | |
| ४ | प्राविधिक र व्यावसायिक शिक्षा सम्बन्धी पालिका स्तरीय नीतिको तर्जुमा | पटक | | १ | | | | १ | १ | |
| ५ | युवालाई खोज र नवप्रवर्तनका लागि प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन | सङ्ख्या | | १० | १० | १० | १० | ४० | १०० | |
| ६ | प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरूलाई उद्यमशीलता विकासको लागि सहयोग | सङ्ख्या | | ५ | ५ | ५ | ५ | २० | ४० | |
| ७ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन, नियमन र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |

# ३.५ अनौपचारिक तथा जीवनपर्यन्त सिकाइ

### ३.५.१ परिचय

व्यक्तिमा संस्कार तथा संस्कृतिको विकास शिक्षाबाट हुन्छ । रीतिरिवाज, चालचलन, मानव सभ्यताको विकास र संरक्षणमासमेत शिक्षाले मद्त गर्छ । त्यसैगरी शिक्षाको माध्यमबाट सामाजिक रुपान्तरणका लागि औपचारिक तथा अनौपचारिक शिक्षा अपरिहार्य हुन्छ । शिक्षा प्राप्त गर्ने विभिन्न विधि, प्रक्रिया तथा मोडेलहरू हुन्छन् । विद्यालय तथा विश्वविद्यालयबाट योग्यता अभिवृद्धिका उद्देश्यबाट दिइने शिक्षा औपचारिक तथा नियमित शिक्षाका रूपमा रहन्छ । त्यसै गरी औपचारिक वा नियमित शिक्षा पद्धति भन्दा बाहिरबाट व्यक्तिले सिकाइ गरिरहेको हुन्छ । यसरी हुने शिक्षा अनौपचारिक शिक्षाका रूपमा रहन्छ ।

अनौपचारिक तरिका बाट सिक्ने सिकाइआजीवन वा जीवनपर्यन्त हुन्छ । नेपाल संविधानले सबै नागरिकलाई शिक्षा पाउने अधिकार सुनिश्चित गरेको छ । यसो भए तापनि विभिन्न कारणबाट सबै नागरिकले औपचारिक शिक्षामा निरन्तरता गर्न सक्ने अवस्था हुँदैन । सरकारले सबै नागरिकको शैक्षिक अधिकार सुनिश्चित गर्न अनौपचारिक शिक्षाको व्यवस्था कार्यान्वयनमा ल्याएको छ । नेपाललाई साक्षर नेपाल घोषणा गर्ने उद्देश्यका साथ अनौपचारिक शिक्षालाई उच्च प्राथमिकता दिँदै आएको छ । साक्षरता शिक्षा, निरन्तर शिक्षा, साक्षरोत्तर शिक्षा, खुला विद्यालय शिक्षा, राष्ट्रिय योग्यता प्रारूप अनुसारका शैक्षिक कार्यक्रम लगायतका विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् ।

### ३.५.२ विद्यमान अवस्था

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार थुलुङ दुधकोशी गाउँपालिकामा ५ वर्ष वा सोभन्दा माथिको उमेर समूहको साक्षरता दर (पढ्न र लेख्न जान्ने) ६९.७ प्रतिशत रहेको छ। तथ्याङ्कले अझै पनि ३०.९ प्रतिशत जनसङ्ख्या आधारभूत साक्षरताको पहुँचभन्दा बाहिर रहेको देखाउँछ, जसमा पुरुषको अनुपात १४.४ र महिलाको ४२.५ प्रतिशत छ। यसले निरक्षरता न्यूनीकरण र साक्षरताको निरन्तरताका लागि अनौपचारिक तथा वैकल्पिक शिक्षाको थप विस्तार अपरिहार्य रहेको स्पष्ट पारेको छ।

यद्यपि, भौगोलिक तथा शैक्षिक दृष्टिले विकट रहेको यस गाउँपालिकामा पछिल्लो समय स्थानीय सरकारले शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राखी गाउँ शिक्षा योजना कार्यान्वयनमा ल्याएको छ। यसको फलस्वरुप गाउँपालिकालाई 'पूर्ण साक्षर गाउँपालिका' घोषणा गर्न सफल भइएको छ।

औपचारिक शिक्षाको अवसरबाट वञ्चित नागरिकका लागि जीवनपर्यन्त सिकाइ सुनिश्चित गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्मबमोजिम पालिकाले वाचनालय, पुस्तकालय, डिजिटल साक्षरता र वैकल्पिक खुल्ला सिकाइका कार्यक्रमहरूलाई प्राथमिकतामा राखेको छ। हाल गाउँपालिकाको नेले, मुक्ली, देउसा र जुबु गरी ४ स्थानमा सामुदायिक सिकाइ केन्द्रहरू क्रियाशील छन्, जहाँ प्रौढ शिक्षाका अतिरिक्त सिप मूलक

तालिमहरू सञ्चालित छन्। यी केन्द्रमार्फत समूह गठन गरी चक्रीय प्रणालीमा आधारित व्यावसायिक लगानीका माध्यमबाट स्थानीय नागरिकको जीविकोपार्जनमा सहयोग पुग्दै आएको छ।

साथै, वडा नं. ५ जुबुमा सामुदायिक सिकाइ केन्द्रको नयाँ भवन निर्माणाधीन अवस्थामा रहेको छ। शिक्षाका अतिरिक्त यी केन्द्रहरूले कर्मचारीको व्यवस्थापन गर्दै गाउँबस्तीमा सरसफाइ अभियान सञ्चालन गर्ने तथा प्राकृतिक प्रकोपमा परेका नागरिकहरूलाई उद्धार र सहयोग उपलब्ध गराउँदै सामाजिक उत्तरदायित्व निर्वाह गर्ने कार्यमा समेत महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्।

### ३.५.३ समस्या

१. साक्षरता दिगोपनको चुनौतीःगाउँपालिका 'पूर्ण साक्षर' घोषित भए तापनि साक्षरता दरलाई दिगो रूपमा कायम राख्न आवश्यक पर्ने निरन्तर शिक्षा र साक्षरोत्तर कार्यक्रमहरूको अभाव छ।

२. सिकाइ स्रोतको कमीःपालिकामा वाचनालय, पुस्तकालय, वैकल्पिक शिक्षा र खुला सिकाइका अवसरहरूको संस्थागत व्यवस्थापन हुन सकेको छैन।

३. डिजिटल साक्षरताको अभावःबदलिँदो सूचना प्रविधिको युगमा नागरिकहरूलाई आवश्यक पर्ने 'डिजिटल साक्षरता' सम्बन्धी कार्यक्रमहरूको पहुँच शून्यप्रायः छ।

४. सामुदायिक सिकाइ केन्द्रको अवस्थाःप्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्रको विस्तार हुन सकेको छैन, साथै हाल सञ्चालित केन्द्रहरूले पनि आफ्नो स्पष्ट कार्यक्षेत्र, जिम्मेवारी र उत्तरदायित्वअनुसार प्रभावकारी भूमिका निर्वाह गर्न सकेका छैनन्।

५. रोजगारी र सिप को असम्बन्धःसञ्चालित अनौपचारिक शिक्षाका कार्यक्रमहरू सैद्धान्तिक मात्र रहेकाले नागरिकको जीविकोपार्जनमा सुधार ल्याउने गरी व्यावहारिक सिप र ज्ञान प्रदान गर्न असमर्थ देखिएका छन्।

### ३.५.४ चुनौती

१. साक्षरताको दिगोपनाः 'पूर्ण साक्षर गाउँपालिका' घोषणा भइसकेको अवस्थामा प्राप्त साक्षरतालाई निरन्तरता दिन र साक्षरता दरलाई दिगो बनाइराख्न निरन्तर शिक्षाका कार्यक्रमहरूको अभाव हुनु।

२. स्रोतकेन्द्रको अपर्याप्तताःवाचनालय, पुस्तकालय र वैकल्पिक/खुला सिकाइका केन्द्रहरूको स्थापना र व्यवस्थापन गर्न नसक्नु, जसले नागरिकको सिकाइको अवसरलाई सीमित पारेको छ।

३. डिजिटल साक्षरताको चुनौतीःआधुनिक युगको आवश्यकता 'डिजिटल साक्षरता' का सन्दर्भमा कुनै पनि औपचारिक कार्यक्रमहरू सञ्चालन नहुनु, जसले नागरिकलाई प्रविधिमैत्री बनाउन चुनौती थपेको छ।

४. सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरणःप्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्रको पहुँच विस्तार गर्न नसक्नु र हाल भएका केन्द्रहरूले पनि आफ्नो स्पष्ट भूमिका, कर्तव्य र जिम्मेवारी बोध गरी प्रभावकारी रूपमा कार्य गर्न नसक्नु।

५. जीवनोपयोगी शिक्षाको अभावःअनौपचारिक शिक्षाका कार्यक्रमहरू व्यवहारमुखी र आयआर्जनसँग सम्बन्धित हुन नसक्नु, जसले गर्दा यी कार्यक्रमहरू नागरिकको जीविकोपार्जनमा प्रत्यक्ष रूपमा सहयोगी बन्न नसक्नु।

### ३.५.५अवसर

१. स्थानीय स्तरमा रहेका प्राकृतिक स्रोत, साधन र बजारको सम्भावनालाई सिप  विकाससँग जोडेर उद्यमशीलता प्रवर्द्धन गर्ने र नागरिकको आर्थिक स्तर उकास्ने अवसर विद्यमान छ।

२. समुदायमा बढ्दो शैक्षिक जागरण र शिक्षाप्रतिको सकारात्मक दृष्टिकोणले गर्दा पालिकाद्वारा सञ्चालित सिप मूलक तथा व्यावसायिक तालिमहरूमा नागरिकको सक्रिय सहभागिता सुनिश्चित गर्न सकिने बलियो आधार तयार भएको छ।

३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्राविधिक शिक्षा, सिप  विकास र स्वरोजगारका कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गर्न प्रदान गरेको अधिकारले नीतिगत र कानुनी सहजता प्रदान गरेको छ।

४. 'पूर्ण साक्षर गाउँपालिका' घोषणा भइसकेको सन्दर्भमा गाउँ शिक्षा योजनाको कार्यान्वयन गर्दै सामुदायिक सिकाइ केन्द्रहरूलाई सुदृढ गरी डिजिटल साक्षरता र जीवनपर्यन्त सिकाइका माध्यमबाट रोजगारमुखी वातावरण निर्माण गर्ने अनुकूल अवसर प्राप्त भएको छ।

### ३.५.६ उद्देश्य

यस गाउँपालिकाको अनौपचारिक तथा निरन्तर शिक्षाको उद्देश्य देहाय बमोजिम हुनेछ -:

१. निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ, खुला शिक्षा तथा आयमूलक सिप  विकास कार्यक्रमहरूको सञ्चालनमार्फत नागरिकको दैनिक जीवनमा आवश्यक पर्ने व्यावहारिक ज्ञान र व्यावसायिक सिप को सुनिश्चितता गर्ने।

२. सामुदायिक सिकाइ केन्द्रहरूको संस्थागत क्षमता सुदृढीकरण गर्दै तिनलाई स्थानीय स्तरमा गुणस्तरीय सिकाइ, सूचना र स्रोत केन्द्रका रूपमा प्रभावकारी रूपमा परिचालन गर्ने।

३. समाजका सम्पूर्ण नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसरहरू सुनिश्चित गरी पूर्ण साक्षर गाउँपालिकाको अवधारणालाई व्यवहारमा उतार्ने।

४. औपचारिक, अनौपचारिक र वैकल्पिक शिक्षाका पद्धतिहरूबीच प्रभावकारी समन्वय र अन्तरसम्बन्ध स्थापित गरी सिकाइलाई रोजगारी र उत्पादनसँग आबद्ध गर्ने एकीकृत शैक्षिक प्रणालीको विकास गर्ने।

### ३.५.७ रणनीतितथाकार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| साक्षरता र जीवनपर्यन्त सिकाइको सुदृढीकरण | १. निरक्षर व्यक्तिको वडागत तथ्याङ्क संकलन गरी लक्षित समूहका लागि साक्षरता र साक्षरोत्तर कक्षा सञ्चालन गर्ने।<br>२. 'पूर्ण साक्षर गाउँपालिका' को अवस्थालाई निरन्तरता दिन डिजिटल र परम्परागत (रेडियो, टिभी, अनलाइन) माध्यमबाट व्यापक जनचेतना फैलाउने।<br>३. सरकारी र गैरसरकारी संस्थाहरूसँग समन्वय गरी समावेशी तथा समतामूलक शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने। |
| सामुदायिक सिकाइ केन्द्रलाई सिकाइको 'हब' (केन्द्र) को रूपमा विकास गर्ने | १. एक वडा, एक सामुदायिक सिकाइ केन्द्र' को अवधारणा कार्यान्वयन गरी भौतिक तथा संस्थागत क्षमता सुदृढ गर्ने।<br>२. केन्द्रहरूलाई पुस्तकालय, वाचनालय, र सूचना केन्द्रको रूपमा विकास गरी स्थानीय स्तरमा स्रोत केन्द्र बनाउने।<br>३. केन्द्रको व्यवस्थापनमा स्पष्ट कार्य जिम्मेवारी तोकी उत्तरदायित्व सुनिश्चित गर्ने। |
| सिप, शिक्षा र रोजगारीको आबद्धता | १. विपन्न र सीमान्तकृत समुदायलाई प्राथमिकतामा राखी बजारको मागअनुसारका छोटो अवधिका व्यावसायिक सिप मूलक तालिमहरू सञ्चालन गर्ने।<br>२. स्थानीय स्तरका सिप  र प्रविधिलाई उद्यमीकरण गर्न निजी क्षेत्र र श्रम बजारसँग सहकार्य गर्ने।<br>३. सिप  विकास कार्यक्रमहरूलाई जीविकोपार्जनसँग जोड्न निरन्तर अनुगमन र पृष्ठपोषण प्रणाली लागू गर्ने। |
| गुणस्तरीय र परिवेश अनुकूल सिकाइ पद्धति | १. सिकारूको आवश्यकता र भाषिक विविधता अनुरूप तहगत पाठ्यक्रम, सिकाइ मोडुल र शैक्षिक सामग्रीहरूको विकास एवं प्रयोग गर्ने।<br>२. अनौपचारिक, वैकल्पिक र औपचारिक शिक्षा प्रणालीबीच समन्वय गरी एकीकृत सिकाइ ढाँचा तयार गर्ने। |

| | |
|---|---|
| | ३.सामुदायिक सिकाइ केन्द्रमार्फत सञ्चालित कार्यक्रमहरूको प्रभावकारिता मापन गर्न आवधिक समीक्षा बैठक आयोजना गर्ने। |

**३.५.८ उपलब्धि , नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य,**

**क. उपलब्धि**

सबैका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित हुने

**ख. नतिजा**

१. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुने,
२. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन हुने, सिकारूको आवश्यकतानुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन हुने,
३. सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइको केन्द्रका रूपमा विकास हुने,
४. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एवम् प्रमाणीकरण गरी समकक्षता प्रदान हुने

**ग. क्रियाकलाप**

१. साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन
२. सामुदायिक सिकाइ केन्द्र सञ्चालन
३. सामुदायिक सिकाइ केन्दरलाई सामुदायिक पुस्तकालयका रूपमा सञ्चालन
४. सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण
५. सरकारी तथा गैर सरकारीनिकायसँग साझेदारी र सहकार्य
६. मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामग्री विकास
७. सूचना तथा सञ्चार प्रविधिको प्रयोग
८. सिकाइ सामग्री र सिकाइको प्रमाणीकरण

अनौपचारिक शिक्षा र आजीवन सिकाइका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ र यसका आगामी मार्ग सम्बन्धमा अवधारणागत स्पष्टताका लागि विज्ञ समूहबाट अवधारणा पत्र तयार गराई अभिमुखीकरण गर्ने | पटक | | १ | | | | १ | १ | |
| २ | निरक्षरहरूको विवरण सङ्कलन र आजीवन सिकाइका सरोकारवालाहरूको खण्डीकृत तथ्याङ्कहरूको डाटाबेस तयार गर्ने | पटक | | १ | | | | १ | १ | सामुदायिक सिकाइ केन्द्र |
| ३ | सामुदायिक पुस्कालयको व्यवस्थापन गरी सामुदायिक सिकाइ केन्द्रसँग आवद्ध गर्ने | सङ्ख्या | | | १ | | | १ | १ | सङ्घ |
| ४ | सामुदायिक केन्द्रमा सूचना तथा सञ्चार प्रविधिमैत्री उपकरणको व्यवस्था गर्ने | पटक | | १ | | | | १ | १ | |
| ५ | कम्तिमा बाल कक्षा देखि कक्षा ३ सम्म अपाङ्गताको प्रारम्भिक पहिचान गर्ने | विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| ६ | सङ्घ, प्रदेश र स्थानीय तहमा समन्वय संयन्त्र विकास गर्ने | तह | १ | | | | | १ | १ | |
| ७ | सरकारी तथा गैर सरकारी निकाय तथा स्थानीय तहमा रहेका समुदायमा आधारित संस्थासँग साझेदारी र सहकार्य गर्ने | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| ८ | अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय लगायतका संस्थाहरूको स्थापना, संस्थागत विकास र सञ्चालनका लागि अनुदान उपलब्ध गराउने | ओटा | | १ | १ | | | २ | ४ | सङ्घ |
| ९ | जेष्ठ नागरिक, श्रमिक, गृहणी महिलाहरूका लागि आवश्यकतामा आधारित निरन्तर सिकाइ प्रवर्धन गर्ने | स्थानीय तह | | | | | | | | |

# परिच्छेद ४ :अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु

शिक्षा क्षेत्रका विभिन्न पक्षहरू एक-आपसमा अन्तरसम्बन्धित हुन्छन्। यस परिच्छेदमा नेपाल सरकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई स्थानीय तहमा कार्यान्वयन गर्न आवश्यक पर्ने महत्वपूर्ण विषय क्षेत्रहरू समावेश गरिएको छ। पाठ्यक्रम तथा पाठ्यसामग्री, समतामूलक पहुँच तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा सरसफाइ, आपतकालीन तथा विपद्मा शिक्षा, भौतिक पूर्वाधार, सूचना तथा सञ्चार प्रविधि, र शिक्षक व्यवस्थापन जस्ता विषयहरू यसमा समेटिएका छन्।

यद्यपि यी विषयहरू अघिल्ला परिच्छेदहरूमा पनि चर्चा गरिएका छन्, तर यिनको छुट्टै र विस्तृत विश्लेषण गरी योजनामा उच्च प्राथमिकता प्रदान गर्न यस खण्डलाई विशेष स्थान दिइएको हो। यसअन्तर्गत प्रत्येक विषयको अवधारणा, वर्तमान अवस्था र विद्यमान चुनौतीहरूको विश्लेषण गरिएको छ। साथै, प्रत्येक क्षेत्रका लागि निर्धारित उद्देश्य, अपेक्षित नतिजा र योजना अवधिभर सञ्चालन गरिने मुख्य क्रियाकलापहरूलाई व्यवस्थित रूपमा प्रस्तुत गरिएको छ।

## ४१.पाठ्यक्रम, पाठ्यपसुतक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय

पाठ्यक्रमका आधारमा शैक्षिक कार्यक्रमहरू सञ्चालन हुन्छन् । बालबालिकाहरूलाई प्रदान गरिने ज्ञान ,सिप , अभिवृत्ति विकासका लागि पाठ्यक्रमअत्यावश्यक हुन्छ । शिक्षण सिकाइ क्रियाकलापको सञ्चालन तथा व्यवस्थापन कार्य पाठ्यक्रमका आधारमा गरिन्छ । पाठ्यक्रममा सिकारुले के कति ज्ञान तथा सिप हासिल गर्ने यसकालागि केकस्तो विषय आवश्यक हुने शिक्षण सिकाइ क्रियाकलाप के कसरी सञ्चालन गर्ने र सिकाइको मूल्याङ्कन के कसरी गर्ने भनेर निर्दिष्ट गरिएको हुन्छ । पाठ्यक्रमको कार्यान्वयनका लागि विभिन्न पक्षहरू जिम्मेवार हुन्छन् । विद्यालय व्यवस्थापन, विद्यालयको भौतिक पूर्वाधार, शिक्षक तथा शिक्षकको सक्षमता, शिक्षण सिकाइ वातावरण, उपलब्ध स्रोत तथा साधन आदिले पाठ्यक्रम कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेल्ने गर्नछन् । पाठ्यक्रमको कार्यान्वयमा शिक्षक तथा विद्यार्थीको महत्वपूर्ण भूमिका रहन्छ । त्यसका पनि विद्यालय व्यवस्थापन र शिक्षक बढी जिम्मेवार हुनु पर्छ । विषयगत ज्ञान तथा शैक्षणिक कलाकौशल भएका शिक्षकको व्यवस्थापन अत्यावश्यक हुन्छ । शिक्षकलाई पाठ्यक्रममा आधारित शिक्षण सिकाइका लागि शिक्षक तालिम अत्यावश्यक हुन्छ । पर्याप्त सिकाइ सामग्रीहरूको विकास तथा उपयोग गर्नु पर्ने हुन्छ । । शैक्षिक सुपरीवेक्षण, सिकाइको मूल्याङ्कन र सुधार जस्ता कार्य पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनसँग सम्बन्धित हुन्छन् ।

### ४.१.२ विद्यमान अवस्था

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ शैक्षिक सत्र २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन शुरू भइ शै.स. २०८३ सम्ममा पाठ्यक्रम कार्यान्वयन योजना अनुसार सबै कक्षामा कार्यान्वयन हुनेछ ।पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-३ मा अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी व्यवहारकुशल र जीवनोपयोगी सिप हरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गरी सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने गरी एकीकृत पाठ्यक्रमको व्यवस्था गरिएको छ। विद्यालय शिक्षाको समग्र पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाई विकास तथा कार्यान्वयन गरिएको छ भने विषयवस्तु र सिकाइ क्रियाकलापको भार पाठ्य घण्टा (Credit Hour) मा निर्धारण गरिएको छ ।विद्यार्थी मूल्याङ्कनको नतिजालाई अक्षराङ्कन पद्धतिमा आधारित गरी व्याख्या गर्ने व्यवस्था छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ अनुसार आधारभूत तह कक्षा १-३,४-५ र ६-८लाई तह १,२ र ३ तथा माध्यमिक तहका ९-१०र ११-१२ लाई तह ४ र ५ गरी ५ ओटा सिकाइ क्षमता स्तरमा विभाजन गरिएको छ ।

विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्नअङ्गको रूपमा स्थापित गर्न नसकिनु गुणस्तर सुधारको निमित्त प्रमुख समस्याको रूपमा रहिआएको छ । निरन्तर विद्यार्थी मूल्याङ्कन गरी कक्षोन्नति गर्ने नीति (Liberal Promotion Policy) लाई विद्यार्थीलाई कुनै पनि हालतमा अनुत्तीर्ण गर्न नहुने मात्रको बुझाइले यथार्थ धरातलमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिले सार्थकता पाएको छैन । त्रैमासिक,अर्धवार्षिक र वार्षिक लिखित परीक्षाजस्ता औपचारिक मूल्याङ्कनमा क्रमश:सुधार गरी आधारभूत तहमा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन, आन्तरिक र बाह्य मूल्याङ्कनको व्यवस्था,केही कक्षाका केही विषयमा स्तरीकृत परीक्षाको प्रारम्भ,अक्षराङ्कन मूल्याङ्कन पद्धतिअनुसार नतिजा प्रकाशन गर्ने परिपाटीको सुरूवात भई परीक्षण र मूल्याङ्कनमा सुधारको प्रयास नभएको होइन । तापनि मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा सिकाइमा निरन्तर पृष्ठपोषण प्रदान गरी सिकाइ सुधार गर्ने कार्य तथा परीक्षालगायत मूल्याङ्कनका साधन र विधिहरूलाई प्रभावकारी बनाउने कार्यमा सुधारको खाँचो रहेको छ । कक्षा ८,१०,११ र १२ मा सञ्चालन हुने बाह्य परीक्षालाई थप व्यवस्थित,वैध र विश्वसनीय बनाउनुपर्ने आवश्यक छ ।विद्यालयमा आधारित मूल्याङ्कनको नतिजा विश्लेषण र प्रबोधीकरणको कार्यलाई सुदृढ,व्यवस्थित र अनिवार्य गर्न सकिएको छैन । जसले गर्दा मूल्याङ्कन औपचारिकतामा मात्र सीमित छ ।

कक्षा १-३ मा एकीकृत पाठ्यक्रम, आधारभूत तह ४-५, ६-८(कक्षा ९-१० र ११ -१२) माध्यमिक तहमा समेतसक्षमतामा आधारित पाठ्यक्रमविषयगत पाठ्यक्रमको व्यवस्था रहेको छ । आधारभूत तह (कक्षा१-८) मा स्थानीय पाठ्यक्रम वा मातृभाषामा शिक्षा दिन सकिने व्यवस्था छ भने विभिन्न डिजिटल सामग्रीहरु, **Learning Portal** CEHRD, CDC को Website मा उपलब्ध छन् ।

परियोजना कार्य जस्ता बाल केन्द्रित क्रियाकलाप तथा गरेर सिक्ने क्रियाकलापमा पाठ्यक्रमले जोड दिएको छ । निर्माणात्मक तथा निर्णयात्मक दुबै प्रकारका मूल्याङ्न पद्धतिको माध्यमबाट विद्यार्थी मूल्याङ्कन गरिने व्यवस्था रहेको छ । कक्षा ८ को स्थानीय तह स्तरीय र कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय स्तरको सञ्चालन भइरहेको छ ।

### ४.१.३ समस्या

१. शिक्षक सक्षमताःपाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने शिक्षक प्रबोधीकरण र तालिमको अभाव।

२. सिकाइ मूल्याङ्कनःविद्यार्थीको सिकाइ मूल्याङ्कन प्रक्रिया र लेटर ग्रेडिङ प्रणाली सबै विद्यालयमा प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु।

३. भौतिक तथा प्राविधिक पहुँचःइन्टरनेटको सहज पहुँच नहुँदा डिजिटल सिकाइ सामग्रीहरूको प्रयोगमा समस्या।

४. शैक्षिक सामग्री र स्रोतःसमयमै पाठ्यपुस्तक उपलब्ध नहुनु र बहु-पाठ्यपुस्तक नीति व्यवहारमा कार्यान्वयन हुन नसक्नु।

५. पाठ्यक्रमको तादात्म्यताःपाठ्यक्रमहरूका बीचमा तहगत तथा विषयगत समन्वय र तादात्म्यता कमजोर हुनु।

६. शिक्षण विधिःविद्यार्थी केन्द्रित सिकाइ गतिविधिहरूको अभ्यासमा कमी हुनु।

७. स्थानीय पाठ्यक्रमःकक्षा १ देखि ३ सम्मको थुलुङ भाषाको पाठ्यक्रमको पहुँच सीमित विद्यालयमा मात्र हुनु।

### ४.१.४ चुनौती

१. पाठ्यक्रम प्रबोधीकरण र कार्यान्वयनःसमयसापेक्ष पाठ्यक्रम निर्माण भए पनि विद्यालय तहसम्म त्यसको पर्याप्त प्रबोधीकरण हुन नसक्दा कार्यान्वयनमा जटिलता देखिएको छ। विशेषगरी, एकीकृत पाठ्यक्रमको मर्मअनुसार शिक्षण गर्न आवश्यक पर्ने दक्ष जनशक्ति र शिक्षक प्रबोधीकरणको अभाव छ।

२. सिकाइ मूल्याङ्कनको सीमितताःविद्यार्थीको सिकाइ मूल्याङ्कनका लागि पाठ्यक्रमले निर्दिष्ट गरेका साधनहरूको उपलब्धता नहुनु र परीक्षा (लिखित) बाहेकका अन्य मूल्याङ्कनका साधनहरूको प्रयोग तथा व्यवस्थित अभिलेखीकरण हुन नसक्नु मुख्य चुनौतीका रूपमा रहेको छ।

३. प्रयोगात्मक तथा अनुसन्धानात्मक सिकाइमा कमीःलिखित परीक्षालाई नै बढी प्राथमिकता दिने परम्परागत सोचका कारण परियोजना कार्य, अनुसन्धानात्मक कार्य र प्रयोगात्मक अभ्यासहरू व्यावहारिक रूपमा कार्यान्वयन हुन सकेका छैनन्।

४. डिजिटल पहुँच र स्रोतको अभावः विद्यालयमा इन्टरनेटको सहज पहुँच नहुँदा डिजिटल सिकाइ सामग्रीहरूको प्रभावकारी उपयोग हुन सकेको छैन।

५. नीतिगत र व्यावहारिक खाडलःपाठ्यघण्टा (Credit Hours) को व्यवस्था भए तापनि मूल्याङ्कनमा अझै पनि पुरानै पूर्णाङ्क प्रणाली हाबी हुनु र ICT को प्रयोगमा जोड दिने नीति व्यवहारमा रूपान्तरण हुन नसक्नु थप चुनौती बनेको छ।

### ४.१.५ अवसर

१. स्थानीय पाठ्यक्रमको अधिकारःस्थानीय पाठ्यक्रम निर्माण, विकास र कार्यान्वयनमा पूर्ण संवैधानिक तथा नीतिगत अधिकार स्थानीय तहमा निहित रहनु।

२. सिप मूलक तथा स्थानीय सामग्री विकासःस्थानीय आवश्यकता, परिवेश र स्रोतमा आधारित सिकाइ सामग्रीहरू आफैं तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिने अनुकूल वातावरण।

३. परीक्षा तथा मूल्याङ्कनको स्वायत्तताःआधारभूत तह (कक्षा ८ सम्म) को सिकाइ मूल्याङ्कन, परीक्षा सञ्चालन र नतिजा व्यवस्थापनको अधिकार स्थानीय तहमा रहनु, जसले गुणस्तरीय र विश्वसनीय परीक्षा प्रणाली स्थापना गर्ने अवसर प्रदान गरेको छ।

### ४.१.

१. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन, विकास तथा परिमार्जनका लागि पृष्ठपोषण प्रणालीलाई संस्थागत गर्नु।

२. स्थानीय परिवेश र आधुनिक विश्वको आवश्यकताअनुरूप सिकारुमा ज्ञान,सिप र सकारात्मक व्यवहारको विकास गर्न पाठ्यक्रममा आधारित शिक्षण सिकाइलाई दैनिक जीवनसँग जोड्नु।

३. सिकारुका समस्या समाधानमा केन्द्रित भई निरन्तर, आवधिक र स्तरीकृत मूल्याङ्कन पद्धतिको प्रभावकारी कार्यान्वयन गर्नु।

४. स्थानीय पाठ्यक्रम र शिक्षण सिकाइ सामग्रीको निर्माण तथा व्यावहारिक कार्यान्वयनलाई प्रोत्साहन गर्नु।

### ४.१.७ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| पाठ्यक्रम कार्यान्वयनको सुनिश्चितता र पृष्ठपोषण संयन्त्र | १. सबै शिक्षकहरूका लागि पाठ्यक्रम प्रबोधीकरण कार्यक्रम सञ्चालन गर्ने।<br>२. विद्यालय तहमा पाठ्यक्रम कार्यान्वयनको निरन्तर अनुगमन र सुपरीवेक्षण गर्ने।<br>३. शिक्षक तथा विद्यालयहरूबाट प्राप्त पृष्ठपोषणलाई संस्थागत गरी पाठ्यक्रम विकास केन्द्रमा पेस गर्ने। |
| शिक्षण सिकाइको आधुनिकीकरण र जीवनोपयोगिता | १.सबै विद्यालयमा अनिवार्य रूपमा विद्यार्थी केन्द्रित र बालमैत्री क्रियाकलाप सञ्चालन गर्ने।<br>२.विद्यालयमा ICT को पहुँच विस्तार गरी डिजिटल सामग्रीको प्रयोगलाई प्रोत्साहन गर्ने।<br>३.शिक्षण सिकाइलाई प्रयोगात्मक, अनुसन्धानात्मक र दैनिक जीवनसँग जोडिने परियोजना कार्यमा आधारित बनाउने। |
| मूल्याङ्कन पद्धतिको सुदृढीकरण | १.मूल्याङ्कनको नतिजालाई पूर्णतः अक्षराङ्कन (लेटर ग्रेडिङ) पद्धतिमा कार्यान्वयन गर्ने।<br>२.आवधिक परीक्षाको नतिजा विश्लेषण, प्रकाशन र अभिभावकलाई प्रगति विवरण उपलब्ध गराउने कार्यलाई अनिवार्य गर्ने।<br>३. लेटर ग्रेडिङ र मूल्याङ्कनका नयाँ साधनहरूबारे शिक्षकहरूलाई कार्यशाला सञ्चालन गर्ने। |
| स्थानीय पाठ्यक्रम र सामग्री व्यवस्थापन | १.स्थानीय पाठ्यक्रमको विकास, निर्माण र व्यावहारिक कार्यान्वयन गर्ने।<br>२. स्थानीय स्रोत र साधनमा आधारित सिकाइ सामग्रीको उत्पादन र प्रयोग गर्ने।<br>३. प्रारम्भिक कक्षाहरूमा बहुभाषाको प्रयोगलाई प्राथमिकता दिँदै पाठ्यसामग्रीको सहज उपलब्धता सुनिश्चित गर्ने। |

### ४.१.८ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क. उपलब्धि**

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट सृजनशील, सक्षम र जीवनोपयोगी सिप युक्त आत्मनिर्भर नागरिक तयार हुने।

**ख. नतिजा**

१. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन सुनिश्चित हुनेछ।
२. पाठ्यक्रम विकास तथा परिमार्जनका लागि नियमित पृष्ठपोषण प्रणाली स्थापना हुनेछ।
३. शिक्षण सिकाइ प्रक्रिया दैनिक जीवनसँग प्रत्यक्ष रूपमा जोडिनेछ।

४. स्थानीय परिवेश र आधुनिक विश्वव्यापी आवश्यकताअनुसार विद्यार्थीमा ज्ञान, सिप र सकारात्मक व्यवहारको विकास हुनेछ।

५. सिकाइ समस्याको पहिचान र समाधानमा केन्द्रित निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको अभ्यास हुनेछ।

६. स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम र शैक्षिक सामग्रीको निर्माण तथा प्रभावकारी कार्यान्वयन हुनेछ।

## ग. प्रमुख क्रियाकलाप र लक्ष्य

१. सबै विद्यालयका १/१ शिक्षकका लागि पाठ्यक्रम प्रबोधिकरण तालिम
२. प्रश्नपत्र निर्माण कार्यशाला
३. निरन्तर विद्यार्थी मूल्याङ्कन अभिमूखिकरण
४. स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धि कार्यशाला
५. शिक्षकको स्वमूल्याङ्कनको लागि प्रत्येक वर्ष कम्तिमा तीन ओटा अनुसन्धानात्मक कार्य
६. समयमै पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीको उपलब्धता
७. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ र त्यसअनुरूप निर्मित तहगत पाठ्यक्रमहरूकोकार्यान्वयनर अनुगमन/निरीक्षण
८. कक्षागत र विषयगत शिक्षक निर्देशिका उपयोगको अनुगमन
९. कक्षा शिक्षणमा आधारित परीक्षण तथा मूल्याङ्कनसम्बन्धी नमुना विकास र प्रबोधीकरण
१०. बहुपाठ्यपुस्तक नीति कार्यान्वयन
११. निःशुल्क पाठ्यपुस्तकको समयमै उपलब्धता
१२. स्थानीय विज्ञ सम्मिलित प्राविधिक सयन्त्र विकास
१३. नयाँ पाठ्यक्रममा आधारित शिक्षक तालिम
१४. सिकाइ उपलब्धिलाई शिक्षकको वृत्तिविकाससँग आवद्ध गर्ने
१५. आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालन. व्यवस्थापन र नियमन
१६. कक्षा १० र १२ को परीक्षा सञ्चालनमा सहजीकरण तथा अनुगमन
१७. शिक्षण सिकाइमा बहुभाषिक नीतिको कार्यान्वयन
१८. आवधिक परीक्षाको नतिजा विश्लेषण, प्रकाशन र प्रबोधीकरण
१९. निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति कार्यान्वयन

पाठ्यक्रम र पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कनका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | पाठ्यक्रम अभिमुखीकरण | सङ्ख्या | ४९ | ४९ | | | | ९८ | १२० | स्थानीय तह,शिविसइ र गैरसरकारी सघ संस्था |
| २ | शिक्षक तालिम र पुनर्ताजगी तालिम | सङ्ख्या | ४९ | ४९ | ४९ | ४९ | ४९ | २४५ | २९० | स्थानीय तह, शिक्षा तालिम केन्द्र |
| ३ | शिक्षक पेसागतसहयोग | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | स्थानीय तह,मानव संसाधन केन्द्र |
| ४ | कक्षाकोठामाआधारित विद्यार्थी मूल्याङ्कन | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | विद्यालय |
| ५ | आवधिक मूल्याङ्कन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | विद्यालय |
| ६ | डिजिटल सामग्रीको प्रयोग | ओटा | ६ | ५ | ७ | ८ | ८ | ३२ | ६० | विद्यालय |
| ७ | सूचना प्रविधिको प्रयोग | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | विद्यालय |
| ८ | निःशुल्क पाठ्यपुस्तक | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | विद्यालय |
| ९ | स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | स्थानीय तह, विद्यालय |
| १० | कक्षा १-५ निरन्तर मूल्यांकन | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | विद्यालय |
| ११ | सुपरिवेक्षण तथा अनुगमन | | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | पालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| १२ | पढाइ मैत्री शैक्षणिक सामग्री खरिद, सङ्कलन, निर्माण तथा प्रयोग जस्तैः विसङ्केतन किताब, ठूलो किताब, बाह्रखरी चार्ट, वर्ण तथा झ्याले पत्ती, शब्द चित्र पत्ती र अन्य सामग्रीको व्यवस्था | सबै विद्यालयका कक्षा १ देखि ३ | ४९ | ४९ | ४९ | ४९ | ४९ | | | |
| १३ | सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास/कार्य पुस्तिकाको उपलब्धता | विद्यार्थी | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| १४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| १५ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै : पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामग्रीको उपलब्धता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

# ४२.शिक्षक व्यवस्थापन र विकास

### ४.२.१परिचय

प्रभावकारी शिक्षक व्यवस्थापन र पेसागत विकासबाट मात्र गुणस्तरीय शिक्षण सिकाइ सुनिश्चित गर्न सकिन्छ ।शिक्षकको पेसागत विकासलाई मागमा आधारित गराउनु पर्छ । कार्य सम्पादनमामा आधारित मूल्याङ्कन पद्दतिलाई संस्थागत गर्न सकेमा शिक्षण सिकाइमा उल्लेख्य सुधार गर्न सकिन्छ । उत्तरदायी शिक्षक व्यवस्थापनबाट मात्र गुणस्तरीय शिक्षाको लक्ष्य हासिल गर्न सकिन्छ । शिक्षकको पेसागत विकास र व्यवस्थापनशिक्षामा गुणस्तर सुधारको प्रमुख कारकका रूफमा रहने गर्छ । संघीयता कार्यान्वयन पश्चात् विद्यालय शिक्षाको व्यवस्थापन अधिकार स्थानीय तहमा रहेको छ । शिक्षक व्यवस्थापनको पक्ष भने संघ मातहत नै रहेको छ । यसबाट शिक्षक व्यवस्थापन पक्ष झन पेचिलो बन्न पुगेको छ ।

शिक्षकवस्थापनका सन्दर्भमा संघीय तहका शिक्षक सेवा आयोगले शिक्षकको लागि शिक्षण अनुमती पत्र, शिक्षक छनोट, नियुक्ति, तथा पदोन्नतिका कार्यहरू गर्दै आएको छ । यी कार्यमा स्थानीय तह जिम्मेवार देखिदैन । तर स्थानीय तहमा शिक्षक दरबन्दी मिलान कार्य, शिक्षकको सरुवा तथा स्थानीय स्रोतमा आधारित शिक्षक छनोट तथा व्यवस्थापन कार्य हुँदै आएका छन् । स्थानीय तहमा शिक्षकको व्यवस्थापनको हकमा पालिकाको स्रोतबाट तथा संघीय सरकारबाट स्वीकृत दरबन्दीमा रिक्त हुँदाका अवस्थामा तिनको आपूर्ति स्थानीय तह वा विद्यालय तहबाट हुने गरेको छ । त्यसै गरी शिक्षकको सरुवाको हकमा जिल्लास्थित शिक्षा विकास तथा समन्वय एकाइ र दरवन्दी मिलानको क्रममा भने स्थानीय तहले पनि शिक्षकको सरुवा तथा मिलान गर्ने अभ्यास हुँदै आएको छ ।

### ४.२.२ विद्यमान अवस्था

राष्ट्रिय मापदण्डअनुसार प्रत्येक बाल विकास केन्द्रमा एक जना सहयोगी कार्यकर्ताको व्यवस्था गरिएको छ। आधारभूत तह (कक्षा १-५) मा कम्तीमा ३ जना, कक्षा ६-८ मा कम्तीमा ४ जना, कक्षा ६-१० मा कम्तीमा ९ जना र कक्षा ९-१२ सञ्चालित विद्यालयमा कम्तीमा ८ जना शिक्षक रहने व्यवस्था छ। साथै, शिक्षकविद्यार्थी अनुपात हिमालमा १:४०, पहाडमा १:४५ र तराईमा १:५० कायम गर्ने नीति रहेको छ। थुलुङ दुधकोशी गाउँपालिकाले यी राष्ट्रिय मापदण्डहरूको पालना गर्दै गुणस्तरीय शैक्षिक वातावरण निर्माण गर्ने लक्ष्य राखेको छ।

गाउँपालिकाको वर्तमान शिक्षक व्यवस्थापनको अवस्थालाई केलाउँदा केही चुनौतीहरू विद्यमान छन्। ५१ वटा विद्यालयमध्ये ४७ वटामा मात्र सहयोगी कार्यकर्ताको दरबन्दी रहेको छ र बाल विकासमा एसएलसी/एसईई उत्तीर्ण जनशक्ति कार्यरत छन्। कक्षा १-५ मा ३ जना शिक्षक मात्र हुँदा विषयगत शिक्षण प्रभावकारी हुन सकेको छैन भने कक्षा ६-८ मा दरबन्दीको पुनरावलोकन नहुँदा विषयगत शिक्षकको अभाव

छ। कक्षा ११ र १२ सञ्चालित विद्यालयहरूमा स्वीकृत दरबन्दीको कमीले गर्दा तल्लो तहका शिक्षकहरूले नै उच्च तहको कक्षा पढाउनुपर्ने बाध्यता छ, जसले विद्यार्थी संख्या र शिक्षक संख्याको सन्तुलन बिगारी समग्र शैक्षिक गुणस्तरमा प्रत्यक्ष प्रतिकूल असर पारेको छ।

शिक्षकको प्राप्ति, वितरण, प्रयोग र अभिप्रेरणा शैक्षिक गुणस्तरका प्रमुख आधारस्तम्भ हुन्। गाउँपालिकाले सीमित स्रोतका बाबजुद केही व्यवस्थापन प्रयास गरे तापनि शिक्षक व्यवस्थापनलाई थप चुस्त बनाउनु आवश्यक छ। भविष्यमा शैक्षिक गुणस्तर वृद्धिका लागि वैज्ञानिक दरबन्दी मिलान, अपुग स्थानमा थप शिक्षकको व्यवस्था, सुदृढ पेसागत सहयोग प्रणालीको विकास र शिक्षकको वृत्ति विकासका अवसरहरूलाई योजनाको प्राथमिकतामा राख्नु अपरिहार्य देखिन्छ। यी पक्षहरूको उचित सम्बोधनले मात्र विद्यालयको शैक्षिक वातावरणलाई सुदृढ तुल्याउन र सिकाइ उपलब्धिमा सुधार ल्याउन मद्दत पुग्नेछ।

### ४.२.३ समस्या

१. शिक्षण सिकाइ प्रक्रिया परम्परागत र शिक्षक-केन्द्रित हुनु।
२. स्थानीय स्रोत र साधनमा आधारित शैक्षिक सामग्रीको विकास र उपयोगमा कमी हुनु।
३. पाठ्यक्रमको मर्मअनुरूप शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न शिक्षकहरूको तयारी तथा तत्परतामा कमी हुनु।
४. शिक्षण पेसा अपेक्षाकृत रूपमा आकर्षक हुन नसक्नु।
५. विद्यार्थी सङ्ख्या तथा विषयगत आवश्यकताका आधारमा शिक्षक दरबन्दीको वैज्ञानिक मिलान र व्यवस्थापन हुन नसक्नु।
६. तालिमबाट प्राप्त ज्ञान र सिप को कक्षाकोठामा व्यावहारिक प्रयोग (Implementation)पक्ष कमजोर हुनु।
७. शिक्षकलाई आवश्यक शैक्षणिक सहयोग (Academic Support)र पृष्ठपोषण प्रदान गर्ने प्रणाली संस्थागत हुन नसक्नु।
८. कक्षाकोठाको भौतिक वातावरण आधुनिक तथा प्रविधिमैत्री शिक्षणका लागि अनुकूल नहुनु।
९. तालिमको प्रभावकारिता र कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन पक्ष कमजोर रहनु।
१०. शिक्षकहरूको मनोबल उच्च राख्नका लागि प्रोत्साहनमूलक कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन नहुनु।

### ४.२.४ चुनौती

१. तीन ओटै तहका सरकारबिच समन्वय तथा सहकार्यमा शिक्षक व्यवस्थापन गर्नु
२. शिक्षण पेसालाई आकर्षित बनाउनु
३. सबै शिक्षकलाई तालिम उपलब्ध गराउनु ,
४. विद्यार्थी सङ्ख्या र विद्यालयमा पठनपाठन हुने विषयका आधारमा शिक्षक दरबन्दी मिलान गर्नु
५. शिक्षकलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउनु

६. प्रविधिमा आधारित शिक्षण सिकाइ क्रियाकलापका लागि शिक्षक तयार गर्नु
७. विद्यालयमा आधारित शिक्षक सहयोग पद्दति विकास गरी शिक्षकलाई प्राविधिक सहयोग प्रदान गर्नु

### ४.२.५ अवसर

१. स्थानीय तहलाई शिक्षक व्यवस्थापन अधिकार हुनु
२. स्थानीय स्रोत परिचालन गरी शिक्षक प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गर्न सक्ने आधार हुनु
३. अतिरिक्त शिक्षक व्यवस्थापन गरी उपयुक्त सिकाइ वातावरण विकास तथा प्रयोग गर्ने अवसर रहनु

### ४.२.६ उद्देश्य

१. प्रभावकारी शिक्षक व्यवस्थापन गर्नु
२. शिक्षकको पेसागत क्षमता विकास गर्नु

### ४.२.८ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. विद्यार्थी संख्या तथा विषयगत आवश्यकताका आधारमा शिक्षक दरबन्दी मिलान गर्ने | १. प्रदेश तथा सङ्घ सरकारसँग आवश्यक समन्वय र सहकार्य गरी शिक्षक दरबन्दी मिलान गरिनेछ।<br>२. पालिकाको स्रोत परिचालन गरी आवश्यकताका आधारमा विद्यालयमा विषयगत शिक्षकको व्यवस्था गरिनेछ।<br>३. विद्यालयमा प्रधानाध्यापकको पद व्यवस्थापन गरी शैक्षिक नेतृत्व तथा व्यवस्थापनमा थप सुधार गरिनेछ। |
| २. शिक्षकको पेसागत विकास गर्ने | १. विषयगत विभाग गठन गरी शिक्षकहरूलाई शिक्षण पेसागत विकासका गतिविधिमा सक्रिय गराइनेछ।<br>२. पाठ्यक्रमले माग गरेअनुसार आवश्यकता पहिचानमा आधारित शिक्षक तालिम सञ्चालनका लागि प्रदेश तालिम केन्द्रसँग समन्वय गरिनेछ।<br>३. शिक्षण सिकाइ प्रक्रियालाई प्रविधिमैत्री , बालमैत्री, एकीकृत पाठ्यक्रममा आधारित तथा बहुभाषिक शिक्षण विधिको प्रयोगमार्फत आधुनिकीकरण गरिनेछ।<br>४. कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणाली विकास गरी उत्कृष्ट कार्य गर्ने शिक्षकलाई प्रोत्साहनसँग आबद्ध गरिनेछ।<br>५. अंग्रेजी, विज्ञान र गणित विषयको शिक्षण विधिमा केन्द्रित पेसागत विकास कार्यक्रम सञ्चालन गरिनेछ। |

| | |
|---|---|
| ३. शिक्षक सहयोग प्रणाली विकास गरी आवश्यक पेसागत सहयोग प्रदान गर्ने | १. शिक्षक सहयोग प्रणाली विकास गरी शिक्षकलाई आवश्यक पेसागत सहयोग उपलब्ध गराइने छ<br>२. शिक्षक समुदायबीच निरन्तर पेसागत सहयोग आदान-प्रदानका लागि शिक्षक सञ्जाल विकास गरी परिचालन गरिनेछ।<br>३. प्रविधिमैत्री शिक्षक समुदायको सहकार्यमा आधुनिक शिक्षण सिकाइका लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन समन्वयगरिने छ।<br>४. गैरसरकारी निकायसँगको सहकार्यमा शिक्षकको पेसागत विकास शैक्षणिक सहयोग तथा प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>५. अनलाइन तथा अफलाइन माध्यमबाट पेसागत विकासका तालिम कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ।<br>६स्थानीय तहमा विषय विज्ञहरूको समूह गठन गरी विद्यालयमा आधारित . शिक्षक सहयोग प्रणाली विकास गरिनेछ।<br>७ . शिक्षकहरुबीच पेसागत छलफल तथा अनुभव आदान-प्रदान कार्यक्रम आयोजना गरी सिकाइ समस्या समाधानका अवसरहरू प्रदानगरिनेछ।<br>८ . उत्कृष्ट कार्य गर्ने शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा गाउँपालिकामा कार्यरत कर्मचारीलाई कार्यसम्पादन मूल्याङ्कनका आधारमा पुरस्कार तथा सम्मान प्रदान गरिनेछ।<br>९. शिक्षकहरूलाई अनुसन्धानमूलक कार्यमा उत्प्रेरित गर्न शिक्षक जर्नलको विकास तथा प्रकाशन गरिनेछ। |

### ४.२.८ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप

### क. उपलब्धि

दक्ष, योग्य, समर्पित र अभिप्रेरित शिक्षकको व्यवस्था भई शिक्षण सिकाइमा सुधार हुने

### ख .नतिजा

१. शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने,
२. पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने,
३. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने,
४. शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने,

५. शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान–पुनर्वितरण हुने,
६. शिक्षकको आपूर्ति नियमित रूपमा हुने,
७. शिक्षकको वृत्ति विकासका लागि पारदर्शी, र वस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने

## ग. क्रियाकलाप

१. शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण
२. शिक्षक अभाव पूर्तिको लागि स्वयंसेवक शिक्षक परिचालन
३. पाठ्यक्रम सम्बन्धी अभिमुखीकरण
४. अस्थायी/राहत शिक्षक नियुक्तिमा एकरूपता कायम गर्न प्रश्नपत्र बैंक निर्माण
५. नवनियुक्त शिक्षकको लागि सेवा प्रवेश तालिम
६. शिक्षकले शिक्षण सिकाइमा बिताउने समय कार्यान्वयन कार्यविधि कार्यान्वयनमा प्रधानाध्यापकको सक्रियता
७. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्न नियमित अनुगमन तथा पृष्ठपोषण आदान प्रदान
८. प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री व्यवस्थापन अनुदानबाट आवश्यक शिक्षण सामग्रीको व्यवस्था
९. विषयगत शिक्षक समूह गठन र परिचालन
१०. अनुभवी शिक्षक वा समकक्षी शिक्षकबाट सुपरिवेक्षण र मेन्टरिङ
११. शिक्षकहरूबाट शिक्षण सिकाइसँग सम्बन्धित विषयमा कार्यमूलक अनुसन्धान
१२. विद्यालयका प्रधानाध्यापकबाट प्रत्येक महिना प्रत्येक शिक्षकको कम्तीमा एक पटक कक्षा अवलोकन
१३. गाउँपालिकाका कर्मचारी, विभिन्न समितिका पदाधिकारी, अनुभवी शिक्षक वा समकक्षी शिक्षकहरूबाट प्रत्येक विद्यालयको प्रत्येक महिना कक्षा अवलोकन

शिक्षक व्यवस्थापन र विकासका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | असल अभ्यासको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय |
| २ | कार्य सम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा दिने । | जना | ५ | ५ | ५ | ५ | ५ | ५० | ८० | स्थानीय |
| ३ | शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्त गर्न परीक्षाको नतिजा विश्लेषण गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय |
| ४ | शिक्षक पेसागत सहयोग कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकको इ सञ्जाल बनाउने | ओटा | | १ | | | | | १ | |
| ५ | शिक्षकलाई परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन, सुपिरवेक्षणको लागि विज्ञ समूह परिचालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घ, स्थानीय तह र गैरसरकारी संस्थाहरुसँगसाझेदारीमा |
| ६ | शिक्षक मेन्टरिङ/कोचिङका लागि कार्यक्रम सञ्चालनका गरेर शिक्षक पेसागत सहयोग विकास गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | सङ्घ, स्थानीय तह र गैरसरकारी संस्थाको साझेदारीमा |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | विद्यालय तथा पालिका स्तरमा प्रारम्भिक कक्षाका शिक्षकलाई पेसागत सहयोग गर्न शिक्षण सिकाइ समूह बैठक/घुम्ती बैठक सञ्चालन गर्ने | पटक | १० | १० | १० | १० | १० | ५० | ८० | स्थानीय तह तथा अन्य निकाय |
| ८ | आवश्यकताका आधारमा शिक्षक पेसागत सहयोग तालिम सञ्चालन गर्ने | जना | ५० | ५० | ५० | ५० | ५० | १५० | १५० | सङ्घ, स्थानीय तह र गैरसरकारी संस्थाको साझेदारीमा |
| ९ | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | | १ | | | | १ | १ | |
| १० | पालिकाले प्रअ र प्रअले शिक्षकहरूसँग करार सम्झौतामार्फत् सिकाइ उपलब्धिमा सुधार ल्याउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| ११ | विद्यालय तथा पालिका स्तरमा प्रारम्भिक कक्षाका शिक्षकलाई पेसागत सहयोग गर्न शिक्षण सिकाइ समूह बैठक/घुम्ती बैठक सञ्चालन गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | २० | सङ्घ, स्थानीय तह र गैरसरकारी संस्थाको साझेदारीमा |
| १२ | कक्षा १ देखि ३ सम्म क्रमिक सिकाइ रणनीतिमा आधारित शिक्षण सिकाइ कार्य सञ्चालनका लागितालिमको व्यवस्था | पटक | १ | १ | | | | २ | ४ | सङ्घ, स्थानीय तह र गैरसरकारी संस्थाको साझेदारीमा |
| १३ | एकीकृत पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि कक्षा १ देखि ३ सम्मका शिक्षकहरूलाई साक्षरता तथा | जना | ४९ | ४९ | | ४९ | | १४७ | २०० | सङ्घ, स्थानीय तह र गैरसरकारी संस्थाको साझेदारीमा |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गणितीय सिप एकीकृत तालिमको व्यवस्था | | | | | | | | | |
| १४ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माणका लागि तालिम वा कार्यशालाको व्यवस्था | ओटा | | १ | | १ | | २ | ४ | सङ्घ, स्थानीय तह र गैरसरकारी संस्थाको साझेदारीमा |
| १५ | कक्षा १-५ को मूल्यांकन सम्बन्धी प्रवोधीकरण | पटक | १ | १ | | | १ | १ | | |
| १६ | प्रविधिमैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायत प्रयोगका लागि तालिमको व्यवस्था | पटक | | | १ | | | १ | | |
| १७ | शिक्षक पेसागत सहयोग प्रणाली विकास र कार्यान्वयन | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| १८ | शिक्षक पेसागत सहयोगसम्बन्धी प्रावधान कार्यान्वयन गर्नका लागि प्रणाली विकास गर्ने (जस्तै)प्रधानाध्यापक/ आधारभूत संयोजक/अनुभवी शिक्षक परिचालन<br>विज्ञ समूह गठन र परिचालन<br>शिक्षक सिकाइ समूह गठन र परिचालन<br>वैकल्पिक विधिको प्रयोग | सबै विद्यालय र पालिकामा/ पटक | १ | | १ | | १ | ३ | ५ | सङ्घ, स्थानीय तह र गैरसरकारी संस्थाको साझेदारीमा |
| १९ | शिक्षक पेसागत सहयोग प्रणाली कार्यान्वयन गर्ने र निरन्तरताका लागि निम्न काम गर्नेशिक्षकलाई शिक्षण कार्य प्रभावकारी बनाउन प्राज्ञिक तथा प्राविधिक सहयोग पुऱ्याउने प्राविधिक सहयोगकर्ताका लागितालिमको व्यवस्था गर्नेप्राविधिक | सबै विद्यालयमा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | सङ्घ, स्थानीय तह र गैरसरकारी संस्थाको साझेदारीमा |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सहयोगकर्ताबाट नियमित कक्षा अवलोकनको व्यवस्था गर्ने<br>शिक्षकहरूको नियमित समीक्षा बैठक सञ्चालन, अन्तरक्रिया र छलफलको व्यवस्था गर्नेदिगो र प्रभावकारी रूपमा शिक्षकलाई पेसागत सहयोग प्रदान गर्नेप्रणाली विकास र निरन्तरताको सुनिश्चितता गर्ने | | | | | | | | | |

## ४.३ शिक्षामा समता र समावेशीकरण

### ४.३.१ परिचय

नेपालको संविधानले समानुपातिक समावेशिताको सुनिश्चितता गरेको छ । शिक्षालाई नागरिकको मौलिक हकको रूपमा उल्लेख गर्दै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकले कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रूपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्वारा निःशुल्क रूपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ ।

विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचकसहितको एकीकृत समता रणनीति, २०७१ कार्यान्वयनबाट बहुबञ्चितीकरणमा परेका बालबालिकाहरूलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ । अपाङ्गता भएका बालबालिका, छात्रा, दलित तथा जनजाति समुदायका बालबालिकाहरूलाई छात्रवृत्ति र प्राविधिक तथा व्यावसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षण कोटाको व्यवस्थाले यस समूहका बालबालिकाको शिक्षामा पहुँच र सहभागिता बढेको तथ्याङ्कले देखाए तापनि पहुँचमा सुधारका साथै सहभागिता र गुणस्तर सुधारमा अझै थुप्रै कार्यहरू गर्नुपर्ने देखिन्छ ।

### ४.३.२ वर्तमान अवस्था

नेपालको संविधानले आधारभूत र माध्यमिक शिक्षामा निःशुल्क पहुँच तथा सीमान्तकृत र अपाङ्गता भएका बालबालिकाको अधिकारलाई सुनिश्चित गरेको छ। यसैको आलोकमा थुलुङ दुधकोशी गाउँपालिकाले विद्यालयमा लैङ्गिक समतामूलक वातावरण कायम गर्न, छात्र-छात्राको अनुपात समदरको नजिक पुऱ्याउन, छात्रवृत्ति वितरण गर्न तथा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई समावेशी बनाउन सक्रिय भूमिका निर्वाह गरिरहेको छ। गाउँपालिकामा हाल विद्यालयका हरेक क्रियाकलापमा बालबालिकाको सहभागिता सुनिश्चित गरिएको छ, ७ वटा विद्यालयमा मातृभाषा शिक्षकको व्यवस्था गरिएको छ र केही विद्यालयमा छात्रामैत्री शौचालयको निर्माण समेत गरिएको छ।

विद्यालय नेतृत्वमा समावेशिताको अवस्थालाई विश्लेषण गर्दा, १० वटा माध्यमिक विद्यालयमा हाल सबै प्रधानाध्यापक पुरुष रहेका छन् भने आधारभूत तहका ४० विद्यालयमध्ये २४ जना पुरुष र १६ जना महिला प्रधानाध्यापक कार्यरत छन्। नेतृत्व तहमा दलित समुदायबाट ३ जना पुरुष र एक जना महिला

प्रधानाध्यापक रहेका छन्। जनजातिको बाहुल्यता रहेको यस क्षेत्रमा ५० प्रतिशतभन्दा बढी प्रधानाध्यापकहरू जनजाति समुदायबाटै प्रतिनिधित्व गर्दछन्। शिक्षक व्यवस्थापनका सन्दर्भमा विद्यालयहरूमा राष्ट्रिय मापदण्डको पालना गर्ने प्रयास गरिए तापनि करारमा नियुक्ति गर्दा कतिपय अवस्थामा मापदण्डको पूर्ण पालना हुन बाँकी देखिन्छ। साथै, ५१ वटा विद्यालयमध्ये ५० वटामा मात्र सहयोगी कार्यकर्ताको उपलब्धता रहेको छ।

यी सबल पक्षका बाबजुद शिक्षाको गुणस्तर र समावेशीकरणका क्षेत्रमा केही महत्त्वपूर्ण चुनौतीहरू विद्यमान छन्। विशेष सुविधाको आवश्यकता पर्ने तथा सबै प्रकारका अपाङ्गता भएका बालबालिकाका लागि विशेष शिक्षाको सुनिश्चितता गर्नु र स्रोत कक्षाको सञ्चालनमा प्रभावकारिता ल्याउनु अहिलेको आवश्यकता हो। विद्यालयका भौतिक पूर्वाधारहरूलाई अपाङ्गमैत्री बनाउनु, विद्यार्थी अनुपात अनुसार पर्याप्त कक्षाकोठा र विद्यालय भवनको व्यवस्था गर्नु तथा विद्यालयको सुरक्षित घेराबार निर्माण गर्ने कार्य थप चुनौतीपूर्ण बनेका छन्। अतः बालमैत्री विद्यालयको अवधारणालाई व्यवहारमा उतार्दै विद्यालयको भौतिक र शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु नै गाउँपालिकाको आगामी कार्यदिशा हुनुपर्ने देखिन्छ।

**समस्या**

१. स्वैच्छिक बाल विवाह गरि विद्यालय छाड्ने, अवस्था समस्याको रुपमा रहेको ।
२. भौतिक व्यवस्थापनमा बालमैत्री, अपाङ्गमैत्री र छात्रामैत्री संरचना निर्माणमा आर्थिक अभाव तथा सो अनुसार नक्साङ्कन हुन नसक्नु ।
३. वि.व्य. स. र शि.अ.संघले आफ्नो भूमिका पूर्ण रुपमा निर्वाह नगर्नु ।
४. जिम्मेवार निकायबाट समता र समावेशीकरण सम्बन्धमा सहजीकरण नहुनु ।
५. शैक्षिक क्षेत्रमा भन्दा भौतिक पक्षमा बढी जोड दिनु ।
६. तालिम, गोष्ठी, जनचेतनामूलक कार्यक्रमहरु लक्षित वर्गमा हुन नसक्नु ।
७. जानकार व्यक्तिलाई जिम्मेवारी दिएर काम गर्ने वातावरण नबनाइनु ।
८. वि.व्य.स र शि.अ.संघको वैठकमा समता र समावेशीकरण विषय एजेण्डाको रुपमा नआउनु ।
९. पुरातन मान्यताहरु रहिरहनु र परिवर्तनशील नहुनु ।
१०. विद्यालयमा अभिभावले जिम्मेवार, अपनत्व नलिनु वा विद्यालय प्रति अभिभावकको चासो कम हुनु ।

## ४.३.३उद्देश्यहरु

१. लक्षित समूहका बालबालिकाहरूको शिक्षामा पहुँच तथा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु
२. विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्नु
३. शैक्षिक सुशासनका लागि विद्यमान संरचनालाई जवाफदेही बनाउनु

४. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता गर्नु
५. अभिभावक शिक्षामार्फत विद्यालय प्रति अभिभावकको चासो बढाउनु ।
६. विद्यार्थीलाई कम्तीमा स्थायी भवनमा पढ्न पाउने व्यवस्था मिलाउनु ।

### ४.३.४ रणनीतिहरु तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. सबै समुदायका बालबालिकाहरुलाई शिक्षामा पहुँच र सहभागिता सुनिश्चत गर्ने | १.१ बालबालिकाहरूको अवस्था र आवश्यकता पहिचान गरी सोअनुरूप पहुँच र सहभागिताको प्रबन्ध गर्ने ।<br>१.२ समुदायमा पछाडि परेका बालबालिकाहरुलाई विद्यालय ल्याउन अभिभावकहरुसँग सहकार्य गर्ने |
| २. बालमैत्री सिकाइ वातावरण सिर्जना गरी सबैले न्यूनतम सिकाइ उपलब्धि हासिल गर्ने वातावरण तयार गर्ने | २.१ समावेशी कक्षा कोठा व्यवस्थापन गर्ने<br>२.२ सिकाइ विविधतालाई मध्येनजर गर्दै समावेशी सिकाइ विधिको प्रयोग गर्ने<br>२.३ दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक, सिकाइ सामग्री, स्वास्थ्य तथा पोषण कार्यक्रम, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा र किशोरीलक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा प्रदान गर्ने ।<br>२.४ आधारभूत तहमा बहुभाषिक माध्यमबाट सिकाइको अवसर प्रदान गर्नुका साथै स्थानीय भाषा, संस्कृति,भूगोल, इतिहास,ज्ञान र सिप समावेश गरी स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयनमा ल्याउने |
| ३. विद्यालयका भौतिक संरचनाहरु समावेशी बनाउने | ३.१ छात्रामैत्री शौचालय निर्माण गर्ने<br>३.२ बालकालिकाको उच्चाइ वा उमेर अनुसारका हात धुने धारा, शौचालयलगायत विकास गर्ने<br>३.३ खेल सामग्रीहरु व्यवस्थापन गर्दा छात्र र छात्रा दुबैको आवश्यकता सम्बोधन हुने गरी व्यवस्था गर्ने |

### ४.३.५उपलब्धि, नतिजा, मुख्य क्रियाकलापर लक्ष्य

**क) उपलब्धि**

सबैका लागि विद्यालय शिक्षामा समतामूलक एवम समावेशी पहुँच तथा समावेशी सहभागिताको सुनिश्चितता भई  गुणस्तरीय शिक्षाप्राप्त हुने

**ख) मुख्य नतिजा**

लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि भई गुणस्तर सुधार हुने ।

विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने ।

जनशक्तिको दक्षता र सक्षमता सुधार हने ।

शैक्षिक सुशासनका लागि विद्यमान संरचनाहरू जवाफदेही हुने ।

पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि हुने ।

सबै विद्यालयहरू बालमैत्री हुने ।

**ग) प्रमुख क्रियाकलाप**

१. विद्यालयबाहिरकाबालबालिकाहरू रहेका गाउँ, टोल, वस्तीमा विव्यस, शिअसंघ,अभिभावक, शिक्षकहरूको संलग्नतामा घरदैलो कार्यक्रम सञ्चालन गर्ने ।

२. वडा, गाँउपालिका र विद्यालयको सक्रियतामा व्यक्ति वा बालबालिकाको अवस्था र सिकाइ आवश्यकता पहिचान गर्ने ।

३. निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, स्वास्थ्य तथा पोषण कार्यक्रम, सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

४. विद्यालय भवन, फर्निचर, प्रयोगशाला, शौचालय, खानेपानी जस्ता भौतिक एवम् शैक्षिक पूर्वाधारहरू अपाङ्गमैत्री, लैङ्गिकमैत्री र बालमैत्री बनाउने ।

५. विद्यालयमा बालकेन्द्रित सिकाइ, बालमैत्री सिकाइ वातावरण, सम्मानपूर्ण व्यवहार अवलम्बन गर्ने ।

६. शिक्षकको पेसागत  विकास कार्यक्रममा समावेशीकरणको अवधारणा समावेश गरिने ।

७. सिकाइ आवश्यकता अनुरूपको शैक्षिक सामग्री विकास र उपयोग गरिने ।

८. स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिपसमावेश गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गरी कार्यान्वयन गर्ने ।

९. बहुभाषिक शिक्षण पद्धति अवलम्त्रन गर्ने ।

१०. विद्यालयमा हुने सबै प्रकारको हिंसा, विभेद र दूर्व्यवहार हटाउन विद्यालय परिवारलाई जवाफदेही बनाउने ।

११. विद्यालयमा विभिन्न प्रकारका बालक्लब गठन, लैङ्गिक सम्पर्क व्यक्ति तोक्ने र जिम्मेवार बनाउने ।

१२. सबै सरोकारवालाहरुको प्रतिनिधिव हुनेगरी शैक्षिक समता र समावेशीकरणसम्बन्धी कार्यशाला आयोजना मार्फत आवश्यकता पहिचान गरी योजना बनाउने ।

१३. शैक्षिक समता र समावेशीकरण सम्बन्धमा संघीय र प्रदेशले बनाएका नीतिहरु अबलम्बन गर्दै स्थानीय आवश्यकता अनुसारको नीति निर्माण गर्ने

१४. योजना कार्यन्वयन गर्नका लागि स्थानीय सरकारले आवश्यक बजेट विनियोजन गर्ने ।

१५. योजनालाई पूर्णरुपमा कार्यन्वयन गर्नका लागि उक्त विषयसँग सम्बन्धित जानकार रहेका जनप्रतिनिधी, कर्मचारी र शिक्षकलाई जिम्मेवारी तोक्ने, तोकिएको कार्यक्षेत्रमा खटाउने ।

१६. जिम्मेवार व्यक्तिले आफ्नो कार्यक्षेत्रमा गई योजना अनुसार तथा तोकिएको जिम्मेवार अनुसार तालिम गोष्ठी वा जनचेतनामूलक कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन वा कार्यन्वयन गर्ने ।

१७. स्थानीय सरकार तथा सम्बन्धित पक्षले उक्त योजना अनुगमन गरी प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन कार्यन्वयन र यसको प्रभावकारी सम्बन्धमा मूल्याङ्कन गर्ने

## शिक्षामा समता र समावेशीकरणका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | स्थानीय तहहरूमा व्यक्तिको अवस्था, सिकाइ आवश्यकता पहिचान गर्ने संयन्त्र विकास गर्ने | पटक | | १ | | | | १ | १ | स्थानीय तह |
| २ | शिक्षाको अवसरबाट वञ्चित हुनका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन गराउने | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | सङ्घ, प्रदेश र स्थानीय तह |
| ३ | विद्यालय बाहिर रहेको सबै बालबालिकालाई विद्यालय भित्र ल्याउन तथा अध्ययनमा निरन्तरताको सुनिश्चित गर्न जनसहभागीता सहितको कार्यक्रम सञ्चालन गर्ने । | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | स्थानीय तह |
| ४ | विशेष लक्षित समूहका विद्यार्थीहरूको आवश्यकता र सामाजिक सुरक्षाका कार्यक्रम तथा अवसर लागतसँग तादाम्य गरी छात्रवृत्ति दिने व्यवस्था मिलाउने | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | सङ्घ, प्रदेश र स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, पानी, पुस्तकालय, बुक कर्नर, शौचालय जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार अपाङ्गता एवं लैङ्गिकमैत्री बनाउने । | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | सङ्घ, प्रदेश र स्थानीय तह |
| ६ | बालबालिकालाई अध्ययनको निरन्तरताका लागि दिवा खाजा व्यवस्था लगायतका विभिन्न प्रोत्साहनको व्यवस्था गर्दै बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीबिच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्दति, कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन गर्ने । | निरन्तर | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | स्थानीय तह तथा विद्यालय |
| ७ | राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुरूप पाठ्यक्रमको स्थानीयकरण गरी पाठ्यक्रममा स्थानीय आवश्यकता अनुसारका विषयवस्तु समावेश गर्न स्थानीय तहका शिक्षा अधिकृत, प्रअ, शिक्षक तथा विव्यसका पदाधिकारीलाई अभिमुखीकरण गर्ने । | पटक | | १ | | १ | | २ | ४ | स्थानीय |
| ८ | पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी बनाउदै सबै बालबालिकाको सिकाइ सुनिश्चित गर्ने । | पटक | | १ | | | | १ | १ | सङ्घ, प्रदेश र स्थानीय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | आजीवन सिकाइ तथा निरन्तर शिक्षाका सहभागीहरूको आवश्यकता अनुसारको सिकाइ सहजीकरण सामग्रीको व्यवस्था गर्ने तथा कार्यान्वयनका लागि स्थानीय तहका शैक्षिक व्यवस्थापक तथा सहजकर्ताहरूको क्षमता विकास गर्ने । | पटक | | १ | | १ | | २ | ४ | स्थानीय तह |
| १० | पाठ्यक्रमलाई स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गर्ने र सिकाइलाई जीवनोपयोगी सिपसँग आवद्ध गर्ने । | पटक | १ | १ | १ | | | ३ | ५ | सङ्घ र स्थानीय तह |
| ११ | स्थानीय तहबाट आधारभूत शिक्षाका उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाई अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा गर्ने व्यस्था मिलाउने | पटक | | | १ | | | १ | १ | स्थानीय तह |
| १२ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न यस सम्बन्धी शिक्षा तथा संयन्त्र स्थापना गर्ने | निरन्तर | | | | | | | | स्थानीय |
| १३ | पहुँचयुक्तताको लेखाजोखा र कार्यगत सीमितताको प्रारम्भिक पहिचान तथा आवश्यकता अनुसार सहायक सामग्रीहरूको उपलब्धता | पटक | १ | | | १ | | १ | १ | स्थानीय |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

स्वस्थ शरीरमा स्वस्थ मस्तिष्कको विकास नै शिक्षा हो ।न्युनतम पोषण प्राप्त गर्न नसकेका वालवालिकाहरुको सिकाइ अन्य वालवालिकाहरुको भन्दा कमजोर रहने अनुसन्धानहरुले देखाएकाछन् ।विद्यालय शिक्षा नै असल र सफल जीवन यापनका लागि आधारशिला समेत भएको हुँदा सर्वाङ्गीण विकासका लागि पोषण अत्यन्त जरुरी विषय हो ।

सरसफाई मानव सभ्यताको पहिचान हो । हाम्रो चेतना र विकासको अवस्था कस्तो छ भन्ने कुरा सरसफाईको अवस्थाले इङ्कित गर्दछ । घर पछाडी सबै भन्दा बढी समय विताउने स्थल विद्यालय भएको हुँदा स्वस्थ, स्वच्छ एवम् सरसफाईयुक्त हरियाली वातावरणले सिकारुलाई सिकाइ अनुकुल वातावरण मात्र प्रदान गर्दैन कि जीवन यात्रामा पनि अमिट छाप छोडेको हुन्छ । वातावरण र जीवनपद्धतिसँग सामिप्यता कायम राख्न अभिप्रेरित गरिरहेको हुन्छ ।

### ४.४.२ वर्तमान अवस्था

बालमैत्री सिकाइ बातवरण आजको विद्यालय शिक्षाको माग हो । अनुकुलित सिकाइ वातवरणमा सिकारुका सम्भावित क्षमताहरु प्रष्फुटन सम्भव हुन्छ। हरित विद्यालयको अवधारणाले विद्यालय शिक्षामा वातावरणमैत्री विषयलाई आत्मसात गर्दछ । यसैगरी दिवा खाजाको व्यवस्थापन मार्फत न्यूनतम पोषणको सुनिश्चितता सहित सकृय सिकाइ सम्भव हुन्छ । कक्षा दोहोर्याउने, कक्षा छाड्ने जस्ता शैक्षिक क्षतिहरुलाई न्यूनीकरण गरी आन्तरिक सक्षमता बृद्धि गर्न सकिन्छ ।

स्यानिटरी प्याड, छात्रा शौचालय, वास सुविधा सहितको शौचालय, फोहोरमैलको उचित व्यवस्थापन, विद्यार्थीहरुको नियमित स्वास्थ्य परीक्षण जस्ता विषय क्षेत्र पनि विद्यालय शिक्षासँग जोडिएर आउने विषय हुन्।यिनीहरुको उचित प्रवन्ध मार्फत स्वच्छ, सफा, हराभरा विध्यालय वातारण निर्माण गरी सिकाइ स्थलको रुपमा रुपान्तरण गर्न सकिन्छ।

थुलुङ दुधकोशीगाँउपालिकाका विद्यालय शिक्षामा स्वास्थ्य तथा पोषणको वर्तमान अवस्था विश्लेषण गर्दा निम्नानुसारको अवस्था पहिचान गरिएको छः

१. प्रत्येक विद्यालयमा प्रारम्भिक बाल बिकास देखि कक्षा ५ सम्मका विद्यार्थीहरुलाई दिवा खाजा वापतको रकम उपलब्ध भएको
२. मापदण्ड अनुरुपको स्थानीय स्वस्थकर दिवा खाजाको व्यवस्था भएको ।
३. छात्राहरुको लागि सेनेटरी प्याडको व्यवस्था भएको ।
४. केही विद्यालयमा खानेपानीको व्यवस्था नभएको ।
५. आंशिक रुपमा छात्रा छात्रका लागि छुट्छाछूटै शौचालयको व्यवस्था भएको ।

६. १० देखि १वर्ष सम्म उमेर समूहका छात्राहरुका लागि आइरन चक्कीको व्यवस्था भएको।
७. आंशिक रुपमा सफा पर्याप्त हावा तथा प्रकाश पर्ने कक्षाकोठाको व्यवस्था ।
८. जुकाको औषधि वितरण भएको ।
९. कक्षाकोठा,विद्यालय परिसर तथा शौचालय कार्यलय सहयोगी र कक्षाका विद्यार्थीहरुलाई पालैपालो कार्य तालिका बनाई सरसफाइ गर्ने व्यवस्था भएको

### ४.४.२ समस्या

१. थुलुङ दुधकोशीगाँउपालिकाका सबै विद्यालयहरुमा विद्यालय नर्सको (स्वास्थ्यसम्बन्धी) व्यवस्था नभएको
२. स्वास्थ्य चौकिहरुसँगको समन्वयमा विद्यालयहरुमा स्वास्थ्य परीक्षण हुन नसकेको ।
३. स्वच्छ खानेपानी तथा स्वच्छ लैङ्गिक मैत्री शौचालयको अभाव छ यसका मुख्य कारणहरु निम्न रहेकाछन ।
   क) लगानीको अभाव
   ख) जनचेनताको कमी
   ग) कमजोर व्यवस्थापन
   घ) खानेपानी मुहानको अभाव
   ङ) जनशक्तिको अभाव

### ४.४.३ उद्देश्यहरु

१. विद्यालय उमेर समूहका सबै वालबालिकाहरुलाई दिवा खाजाको व्यवस्था गरी न्यूनतम पोषणको सुनिश्चितता गर्नु
२. प्रत्येक विद्यालयलाई हरित विद्यालय बनाउनु
३. फोहोरमैलाको समुचित व्यवस्थापन गरी प्रदुषण रहित स्वच्छ, हराभरा विद्यालय वातावरण निर्माण गर्नु
४. सबै बालबालिकाहरुको स्वास्थ्य परीक्षण गर्नु

### ४.४.४र णनीति तथाकार्य नीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. सफा,स्वच्छ,स्वस्थ्य हरियालीयुक्त विद्यालय वातावरणको निर्माण गर्ने | १.१ विद्यार्थीहरुलाई विद्यालय परिसर सरसफाइमा परिचालन गर्ने<br>१.२ हरित विद्यालय विकास गर्न फुलबारी र बगैंचा निर्माण गर्ने<br>१.३ स्थान अभाव भएको विद्यालयमहरुमा बोटल गार्डेन तयार गर्ने |
| २. विद्यार्थीहरुलाई पोषणयुक्त खाजाको प्रबन्ध गरी | २.१ स्थानीय क्षेत्रमा उत्पादन हुने खाद्यान्नबाट दिवा खाजा तयार गर्न अभिभावक तथा उत्पादनहरुसँग सहकार्य गर्ने |

| | |
|---|---|
| विद्यालय आउने दर वृद्धि गर्ने | २.२ दिवा खाजा व्यवस्थापनका लागि प्रत्येक विद्यालयमा छुट्टै समिति बनाइ जिम्मेवारी दिने |
| ३. एक शैक्षिक बर्षमा कम्तिमा दुईपटक सबै बालबालिकाहरुको आधारभूत स्वास्थ्य परीक्षण गर्ने | ३.१ हरेक विद्यालयमा विद्यालय नर्सको व्यवस्थापन गर्दै जाने<br>३.२ बालबालिकाहरुको स्वास्थ्य परीक्षण, खोप, जुकाको औषधी तथा आइरन चक्की वितरण लगायतका कार्यहरु नियमित गर्ने |

**४.४.५उपलब्धि हरु,नतिजाहरु, मुख्यक्रियाकलापहरुरलक्ष्यनिर्धारण**

**क उपलब्धि**

पोषणयुक्त सकृय सिकारु र हरियाली स्वच्छ वातावरण सहितको सिकाइ स्थल विद्यालय हुने

**ख नतिजाहरु**

१. सबै बालबालिकाहरुलाई पोषणयुक्त दिवा खाजा प्राप्त हुने तथा नियमित र सकृय सिकाइमा सहभागिता हुने
२. सबै विद्यालयमा वाल उद्यान तथा बगैचा निर्माण हुने
३. सबै बालबालिकाहरुको नियमित स्वास्थ्य परीक्षण हुने

**ग मुख्य क्रियाकलापहरु**

१. वालउद्यान तथा बगैचा निर्माण गर्ने
२. स्वच्छ खानेपानी सफा लैङ्गिक मैत्री शौचा,लय सफा कक्षा कोठा र विद्यालय परिसर व्यवस्थापन
३. विद्यालय नर्स, औषधि उपचार तथा प्राथमिक उपचार सेवाको प्रवन्ध
४. स्थानीय तहमा उत्पादित षोषणयुक्त दिवा खाजाको व्यवस्थापन तथा नपुग रकममा लागत साझेदारी
५. प्राथमिक स्वास्थ्य सेवाको व्यवस्थापन तथा नियमित स्वास्थ्य परीक्षण ।
६. आवश्यकतानुसार जुकाको औषधी, आइरन चक्की तथा स्यानीटरी प्याडको व्यवस्थापन गर्ने।
७. नियमित स्वास्थ्य परीक्षणको व्यवस्थापन

विद्यालय स्वास्थ्य तथा पोषणका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | विद्यालय दिवा खाजा कार्यविधि अद्यावधिक र परिमार्जन | पटक | १ | | | | | १ | २ | |
| २ | एक माध्यमिक विद्यालय एक स्वास्थकर्मी | विद्यालय | ३ | १ | ४ | ५ | १ | १० | १० | |
| ३ | User Manualसमेतको प्राथमिक उपचार बाकस | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | १५ | विद्यालय |
| ४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | कक्षा | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह तथा अन्य |
| ५ | विद्यालयहरूमा सरसफाइसम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास | सङ्ख्या | | १ | | १ | | २ | ४ | |
| ६ | स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवाखाजा | निरन्तर | १ | | | | | १ | १ | |
| ७ | विद्यालयमा पोषण कर्नर निर्माण | निरन्तर | | ४९ | | | | ४९ | | |
| ८ | अभिभावक आमा समूह दिवा खाजा तथा सचेतना कार्यक्रम | विद्यालय | सबै | | | | | | | |

## ४.५विद्यालय सुरक्षा, विपतन्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

युद्ध, द्वन्द्व महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितका शैक्षिक कार्यक्रमलाई आपतकाालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको रुपमा लिने गरिन्छ । यसको मुल उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिका लगायत हिंसासFग सम्बन्धित व्यक्तिहरूको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाद रुपमा क्रियाशिल हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । आपतकालीन तथा संकटपूर्णअवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रुपमा स्वीकार गरिएको छ । यसमा प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण, महामारी, युद्ध, द्वन्द्व व्यवस्थापन आदि कुराहरू समावेश गरिन्छ । जोखिमको पूर्व तयारी (Preparedness), क्षति कम हुने गरी तत्कालको व्यवस्थापन (Response) र आपतकाल पश्चात क्षतिको आपूरण (Recovery) समेटिएको हुन्छ । विशेषगरी लामो द्वन्द्वको परिवेश, विनाशकारी भूकम्प, विभिन्न समय र स्थानमा घट्नसक्ने प्राकृतिक प्रकोप. कोभिड-१९ जस्ता महामारीको प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस योजनामा आगामी ५ वर्षका लागि उद्देश्य, रणनीति, प्राथमिकता र मुख्य क्रियाकलाप समावेश गरिएको छ ।

### ४.५.२ वर्तमान अवस्था

नेपालको संविधानले अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा,नि:शुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गता भएकाहरूलाई नि:शुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिकामाथि हुने विभेद, सजाय र दूराचारलाई निषेध गरेको छ ।

अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७ ले कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित नहुने उल्लेख गरेको छ । त्यसैगरी बालबालिकालाई शारीरिक सजाय(Corporal Punishment),शारीरिक तथा मानसिक उत्पीडन र हेपाइ (Bulling)र यौन दूराचार (Sexual Harassment)बाट मुक्त राखी सिकाइलाई निरन्तरता दिने गरी भयरहित शिक्षण सिकाइ निर्देशिका,२०६७ जारी भएको छ भने विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका,२०६८ ले विद्यालयलाईसशस्त्र गतिविधि र अन्य हिंसाबाट मुक्त राख्ने,विद्यालयलाई दलगत राजनीति तथा अन्य हस्तक्षेपबाट मुक्त राख्ने र विद्यालयलाई भेदभाव,दूर्व्यवहार,बेवास्ता र शोषणबाट मुक्त राखी सिकाइको निरन्तरताको प्रवर्द्धन गर्ने विधि तथा प्रक्रिया समावेश गरेको छ ।

यसैगरी बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप,२०६७ ले विद्यालयको प्रभावकारिता,समावेशीकरण, शिक्षामा लैङ्गिक पक्ष, बालबालिका, परिवार र समुदायको सहभागिता, स्वास्थ्य, सुरक्षा र बचावट, विद्यालयको भौतिक अवस्था,

शिक्षणसिकाइ प्रक्रिया, मातृभाषामा शिक्षणसिकाइ र विद्यालय व्यवस्थापन जस्ता ९ विशेष क्षेत्रका न्यूनतम र अपेक्षित मापदण्ड सहितको कार्यढाँचा विकास गरी विपदकालीन शिक्षाको व्यवस्थाका लागि आधार तयार पारेको छ भने विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति, २०७१ ले सामाजिक अवस्था, लैङ्गिकता, भौगोलिक अवस्थिति, अपाङ्गता, जात र जातीयता, भाषा, स्वास्थ्य र पोषण र सङ्कटापन्न समूहका विद्यालयबाहिर रहेका बालबालिकाहरूलाई विद्यालय शिक्षाको दायरामा ल्याउने, विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको सिकाइ र उपलब्धिमा सुधार ल्याउने एवम् बीचैमा विद्यालय छाड्नेदरलाई घटाउने जस्ता प्रमुख उद्देश्यहरूसहित बालबालिकाको अवस्थाअनुसार छुट्टाछुट्टै सम्बोधन गर्ने गरी सिकाइ सुनिश्चित गर्ने मार्गदर्शन गरेको छ ।

त्यस्तै बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज, २०१८ ले विपद जोखिम न्यूनीकरण र उत्थानशीलताको शिक्षाका न्यूनतम मापदण्ड तयार गरी विद्यालयमा आधारित कार्यान्वयनको परिकल्पना, बृहत् विद्यालय सुरक्षा गुरूयोजना तथा कार्यान्वयन कार्यविधि, २०१८ ले विद्यालय सुरक्षाका मापदण्डहरू कार्यान्वयन गर्ने अपेक्षा, दिगो विकास लक्ष्य ४ ले समग्र शिक्षा क्षेत्रलाई सुरक्षित राखी दिगो र अनुकूल सिकाइ वातावरण सुरक्षित गर्न सुरक्षित विद्यालय र प्रकोप व्यवस्थापनका सम्बन्धमा विभिन्न प्रावधानहरूको तय गरेको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापनसम्बन्धी सैद्धान्तिक एवम् व्यावहारिक ज्ञान दिई विपदको पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभसम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राख्ने, विद्यालयमा हुनसक्ने हेपाइ, हिंसा, असुरक्षा, भय, त्रास, गाली-बेइज्जती, विभेदलगायतका गैरसंरचनात्मक विपद तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री तथा सुरक्षित, हिंसारहित र भयरहित सिकाइ केन्द्रको रूपमा विकास गरिने उल्लेख गरिने उल्लेख गरिएको छ ।

### ४.५.३ उद्देश्यहरु

१. सम्भावित विपद्को पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु ।
२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्नु ।
३. प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु ।
४. अल्पकालीन र दीर्घकालीन पुर्नस्थापना गर्नु ।

### ४.५.४ रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. सम्भावित विपतमा पनि विद्यालय शिक्षा निरन्तर हुने अवस्थाका लागि उचित तयारी गर्ने | १.१ शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपदहरूको पूर्वानुमान र त्यसको मात्राको मूल्याङ्कन एवम् विश्लेषण गर्ने ।<br>१.२ विपत प्रतिरोधी भौतिक पूर्वाधार निर्माण तथा पुनर्स्थापना गर्ने। |
| २. बृहत विद्यालय सुरक्षाका लागि सरोकारवालाहरुसँग सहकार्य गर्ने | २.१ प्रतिकार्य योजना तयार गरी विद्यालयहरूको विद्यालय सुधार योजनामा समावेश गर्न लगाउने।<br>२.२ शिक्षक तालिम र अभिभावक सचेतना कार्यक्रममा विपत पूर्वतयारी, प्रतिकार्य र पुनर्स्थापन सम्बन्धी विषय समावेश गर्ने ।<br>२.३ गैरसरकारी संघसंस्थाहरूको सहभागिता र सहयोगको परिचालन गर्ने।<br>२.४ विपत व्यवस्थापनका परम्परागत ज्ञान, सिप र अनुभवहरूलाई प्रयोगमा ल्याउने ।<br>२.५ आवश्यक पर्ने यन्त्र, उपकरण, औषधि, खाद्यान्न, लत्ताकपडा तथा अन्य राहत सामग्री उपलब्ध गराउने। |
| ३. विपत प्रतिरोधी शिक्षा संरचना तयार गरी विपतको समयमा पनि सिकाइ निरन्तरता हुने वातावरण तयार गर्ने | ३.१ वैकल्पिक सिकाइका माध्यमहरूको प्रयोग गर्नका लागि आवश्यक पूर्वाधारको व्यवस्था गर्ने।<br>३.२ विपत व्यवस्थापनसम्बन्धी पाठ्यसामग्रीहरूको पठनपाठनलाई प्रभावकारी बनाउने |

### ४.५.५ मुख्य उलब्धि, क्रियाकलाप र लक्ष्य,

### क. मुख्य उपलब्धि

१. बिपद् व्यवस्थापन प्रतिकार्यको कार्यविधि तयार संयन्त्र र कार्यढाँचा तयारी अवस्थामा रहेको हुनेछ।

२. आवश्यक मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ।

३. बालबालिकाको सिकाइको निरन्तरताको वातावरण बनिसकेको हुनेछ।

## ख. क्रियाकलाप

१. प्रत्येक दिन विहान राष्ट्रिय विपद प्राधिकरणको website खोली मौसम सम्बन्धी जानकारी लिने, सो जानकारी विद्यार्थी, शिक्षक तथा जनसाधरणमा सूचित गर्ने ।

२. विपदबाट सुरक्षित हुनका लागि पूर्व तयारी सम्बन्धी अभिमुखरिकरण तथा अभ्यासका कार्यक्रम विद्यालयमा सञ्चालन गर्ने ।

३. भौतिक निर्माण गर्न अघि भविष्यमा हुने प्राकृतिक प्रकोप सम्बन्धी स्थान विशेष अध्ययन गर्ने र मापदण्ड अनुसार संरचना निर्माण गर्ने ।

४. प्रत्येक विद्यालयमा प्राथमिक उपचार बाकसको उपयुक्त व्यवस्थापन गर्ने ।

५. विद्यालय परिसरमा अग्ला रुखहरु हटाउने ।

६. प्रत्येक विद्यालयमा अर्थिङ गर्ने ।

७. विपद फोकल पर्शन तोक्ने ।

८. विपद जोखिम न्युनिकरणका उपायहरु सहित सरोकार वर्गमा अभिमुखिकरण कार्यक्रम गर्ने ।

९. Rescue Teamगठन गर्ने ।

१०. विपदको समयमा नभै नहुने न्युनतम उद्धार सामग्री सहितको झटपट झोला पहुँच योग्य सुरक्षित स्थानमा व्यवस्था गर्ने ।

११. विपदसम्बन्धी जनाउ घन्टी (साइरन) को व्यवस्था गर्ने ।

१२. भौतिक संरचना विपद् प्रतिरोधी निर्माण गर्ने ।

१३. विपद व्यवस्थापन समिति क्रमश गा.पा, वडा र प्रत्येक टोल र विद्यालयमा गठन गर्ने ।

१४. विपद पूर्वानुमान गरी जोखिम क्षेत्रका विद्यार्थी र अभिभावकहरुलाई जानकारी गराउने ।

१५. भौतिक संरचनाको अवस्था अवलोकन गरी पुनः निर्माण र मर्मत संभार गर्ने ।

१६. उद्धारका सामग्रीहरुको उचित तरिकाले व्यवस्थापन गर्ने र चाहिएको समयमा सजिलै उपलब्ध होस् ।

१७. प्राथमिक उपचार सम्बन्धी बक्स र तालिम सञ्चालन गर्ने ।

१८. विपद सम्बन्धी आवश्यक सन्देशमूलक सामग्री तयार तथा प्रकाशन प्रसारण गर्ने

विद्यालय सुरक्षा विपद् न्यूनीकरण तथा उत्थानशीलताका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | जलवायु उत्थानसिलताका लागिसचेतना विकास गर्ने | विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| २ | विपत जोखिम न्यूनीकरणसम्बन्धी शिक्षक तथा विव्यस तालिम | पटक | | १ | १ | १ | | | ४ | सबै विद्यालय |
| ३ | स्थानीय तहमा संकटासन्नता मूल्याङ्कनका आधारमा योजना निर्माण | पटक | | १ | १ | १ | १ | ४ | ५ | |
| ४ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन | विद्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | | ✓ | |
| ५ | स्वास्थ्य सुविधा सहितको स्वास्थ्य शिक्षक कार्यकर्ताको व्यवस्था | विद्यालय | २ | २ | २ | २ | २ | १० | २० | |
| ६ | हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्धन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ७ | आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षासँग सम्वन्धित विभिन्न मापदण्ड, निर्देशिका तथा कार्यविधि एकीकृत गर्ने | पटक | | १ | | | | १ | १ | |
| ८ | शिक्षाका सबै उपक्षेत्रमा उल्लेखित आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा गर्न सकिने विधिमा वैकल्पिक उपायसहित योजना बनाउने | पटक | | १ | | | | १ | १ | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचयः

राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार विद्यालयमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, खानेपानी, पुस्तकालय, बुक कर्नर, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष, सभाहल, कम्प्युटर कक्ष, मञ्च, बगैंचा जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउँदै सबै विद्याललाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने जस्ता नीतिगत व्यवस्था गरिएको छ ।

शिक्षा ऐन तथा नियमावलीमा तोकेको मापदण्ड अनुसार बालबालिकाको पठनपाठनको लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, दिसा-पिसाबका लागि शौचालय, सरसफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् ।

### ४.६.२ वर्तमान अवस्था

थुलुङ दुधकोशी गाउँपालिकाभित्रका विद्यालयहरूको भौतिक पूर्वाधारको अवस्था समग्र शैक्षिक गुणस्तरको तुलनामा निकै कमजोर र चुनौतीपूर्ण देखिन्छ। यहाँका अधिकांश विद्यालय भवनहरू बालमैत्री र शिक्षकमैत्री छैनन्, साथै कक्षाकोठामा आवश्यक फर्निचरको व्यवस्था पनि अत्यन्त अपर्याप्त छ। सरसफाइको दृष्टिकोणले विद्यालयहरूमा शौचालयको अवस्था नाजुक छ; शौचालयहरू पर्याप्त नहुनुका साथै महिला, पुरुष र अपाङ्गमैत्री समेत छैनन् र तिनमा पानीको सुविधाको अभाव छ। त्यस्तै, विद्यार्थीका लागि स्वच्छ खानेपानीको उपलब्धता पनि सन्तोषजनक छैन। विद्यालयको सुरक्षा र बालबालिकाको अतिरिक्त क्रियाकलापको क्षेत्रमा पनि अवस्था उस्तै छ; खेलमैदानहरू निकै साँगुरो, अपर्याप्त र जोखिमपूर्ण रहेका छन्। सुरक्षाको सवालमा गाउँपालिकाका ९०.५ प्रतिशत विद्यालयमा घेराबारको व्यवस्था नै छैन भने बाँकी रहेका थोरै विद्यालयमा पनि घेराबार असुरक्षित अवस्थामा छ। त्यस्तै, शैक्षिक गुणस्तर वृद्धिका लागि अपरिहार्य मानिने छात्रावास, पुस्तकालय र वाचनालयको अवस्था झनै दयनीय छ, जहाँ ९८.५ प्रतिशत विद्यालयमा यी सुविधाहरूको पूर्ण अभाव रहेको छ। यी भौतिक पूर्वाधारका कमजोरीहरूले गर्दा विद्यालयमा सिकाइमैत्री वातावरण निर्माण गर्न कठिन भइरहेको छ, जसलाई सुधार गर्दै पूर्वाधार विकास गर्नु गाउँपालिकाको शैक्षिक योजनाको प्रमुख प्राथमिकता बन्नुपर्ने देखिन्छ।विद्यालयत अबस्था तल उल्लेख गरिएको छ ।

**समस्याहरु**

लुङ दुधकोशी गाउँपालिकाका विद्यालयहरूको भौतिक पूर्वाधारको अवस्थालाई निम्न बुँदाहरूमा प्रस्तुत गर्न सकिन्छः

- विद्यालय भवनहरू पूर्ण रूपमा बालमैत्री र शिक्षकमैत्री छैनन्।

- खेलमैदानहरू साँघुरा, अपर्याप्त र जोखिमपूर्ण छन्, जसले गर्दा पाठ्यक्रमले तोकेका शारीरिक क्रियाकलापका उद्देश्यहरू हासिल गर्न कठिनाइ भइरहेको छ।
- शौचालयहरू अपर्याप्त र जीर्ण छन्, साथै महिला र पुरुषका लागि संयुक्त शौचालयको व्यवस्था हुँदा गोपनीयता, स्वास्थ्य र स्वच्छता (WASH) सम्बन्धी समस्या देखिएको छ।
- ९०.५ प्रतिशत विद्यालयमा सुरक्षित घेराबारको अभाव छ, जसले गर्दा जनावरहरूको डर हुनुका साथै बगैंचा निर्माण र संरक्षण कार्य प्रभावित भएको छ।
- ९८.५ प्रतिशत विद्यालयहरूमा छात्रावास, पुस्तकालय र वाचनालय जस्ता पूर्वाधारहरूको सुविधा छैन।
- कक्षाकोठामा आवश्यक फर्निचरको व्यवस्था अत्यन्त न्यून छ र विद्यार्थीका लागि पर्याप्त स्वच्छ खानेपानीको पहुँच छैन।
- सूचना तथा सञ्चार प्रविधि (ICT) को अभावका कारण वर्तमान समयसापेक्ष र आधुनिक शिक्षण सिकाइ सहजीकरण गर्न कठिन भएको छ।

### .६.३ उद्देश्यहरु

१. मापदण्ड बमोजिम विद्यालय भौतिक पूर्वाधार विकास र विस्तारका गर्नु/गराउनु,
२. संघीय सरकार,प्रदेश सरकार,स्थानीयगैससहरूसँग लागत साझेदारीको आधारमा स्रोत व्यवस्थापन गरी भौतिक पूर्वाधारको विकास गर्नु।
३. सुरक्षित विद्यालयको अवधारणाअनुरूप गुणस्तरीय विद्यालय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु,

### ४.६.४ रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. आवश्यकता र प्राथमिकताका आधारमा भौतिक संरचनामा लगानी गर्ने | १.१कक्षाकोठा अभाव भएको विद्यालयको भौतिक पूर्वधार विकासका लागि पहिलो प्राथमिकता दिने<br>१.२ न्युनतम भौतिक पूर्वाधार सुनिश्चित भएपछि विकासका मापदण्ड निर्धारण गर्ने |
| २. प्रकोप प्रतिरोधी, बालमैत्री, सिकाइमैत्री, अपाङ्गमैत्री तथा उत्थानशील भौतिक पूर्वाधार विकास गर्ने | २.१ जोखिमयुक्त संरचनाहरु पहिचान गरी पुनर्निर्माण तथा पुनस्र्थापना गर्ने<br>२.२ नयाँ बनाइने संरचनाहरु प्रकोप प्रतिरोधी, बालमैत्री, सिकाइमैत्री, तथा अपाङ्गमैत्री बनाउने |

### ४.६.५उपलब्धि, नतिजा, प्रमुखक्रियाकलापरलक्ष्य

**क. उपलब्धि**

सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरण सहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त हुने।

**ख. नतिजा**

१. आवश्यता पहिचान तथा प्राथमिकीकरणको आधारमा  विद्यालयहरुको भौतिक पूर्वाधार विकास भएको हुने
२. राज्य तथा गैर राज्यबीचमा पूर्वाधार विकासका लागि लागत साझेदारी भएको हुने
३. तोकिएको मापदण्ड बमोजिम पूर्वाधार निर्माण भई सुरक्षित वातावरणमा सिकाइ भएको हुने

**ग. क्रियाकलाप**

१. विज्ञ टोली सहितको विद्यालयगत अभिभावक भेला गराई संस्थागत, व्यक्तिगत र प्रणालीगत समस्या पहिचान, विश्लेषण गरी आवश्यकता पहिचान तथा प्राथमिकीकरण गर्ने
२. मापदण्ड बमोजिम भौतिक पुर्वाधार विकासको सुनिश्चितता गर्ने
३. राज्य तथा गैर राज्य निकाय समेतको लागत साझेदारी गर्ने
४. स्थानीय प्राविधिक, प्रविधि विज्ञहरुलाई विद्यालयको भौतिक निर्माण कार्यान्वयन एवम् मूल्यांकनको समिक्षात्मक टिप्पणी सहित पृष्ठपोषण अदान प्रदान गर्ने वातावरण सिर्जना गर्ने।

## विद्यालय भौतिक पूर्वाधार विकासका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य( ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | पूर्वाधार विकासका लागि मापदण्ड एवं सूचकको तयारी | पटक | | १ | | | | १ | २ | सङ्घ, स्थानीय तह र विद्यालय |
| २ | पूर्वाधार विकास एवं विस्तारका लागि १० वर्षे गुरुयोजना तयार | पटक | | १ | | | | | १ | विद्यालय, स्थानीय तह |
| ३ | विद्यालयको मर्मत सम्भार र संवर्द्धन | निरन्तर | √ | √ | √ | √ | √ | | | विद्यालय |
| ४ | पूर्वाधार विकासको लागि स्रोत व्यवस्था र जिम्मेवारी | निरन्तर | √ | √ | √ | √ | √ | | | स्थानीय तह, विव्यस |
| ५ | अपाङगता मैत्री, लैङगिक मैत्री संरचनाको विकास | विद्यालय | निरन्तर | | | | | | | विद्यालय |
| ६ | विद्यालय भवन मर्मत | आवश्यक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |
| ७ | माध्यमिक विद्यालयमा SMART&ICT FRIENDLY CLASS ROOM MANAGEMENT | संख्या | | १ | २ | ३ | ३ | ९ | | |
| ८ | आधारभूत विद्यालयमा SMART&ICT FRIENDLY CLASS ROOM MANAGEMENT | | | १ | २ | २ | २ | ७ | | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीतिगत व्यवस्था गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ ।

डिजिटल नेपालको कार्य ढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने, सबैका लागि सूचना प्रविधि सम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ मा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्तिको संरचना तयार गर्ने विषय उल्लेख गरिएको छ ।

त्यसैगरी विद्यालय क्षेत्र विकास कार्यक्रममा शिक्षणसिकाइमा सूचना प्रविधिको प्रयोगको लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान/गणित/अंग्रेवी विषयमा विद्युतीय सामग्री निर्माण गर्ने, पूर्वाधार विकास र शिक्षणसिकाइ सामग्री प्रदान गर्ने, नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकीकृत लेखा सफ्टवेयर (CGAS) कार्यान्वयन गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास गर्ने मुख्य क्रियाकलापहरू रहेका थिए ।

एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली वेवमा आधारित बनाइए पनि धेरैजसो विद्यालयमा कम्प्युटर लगायत सूचना प्रविधिसम्बन्धी सामग्री वा इन्टर्नेट कनेक्टिभिटीको अभावले पूर्णरूपमा विद्यालयमा आधारित बनाउन सकिएको छैन ।

### ४.७.२ वर्तमान अवस्था

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास र समुचित प्रयोगले विद्यार्थीहरूबीच विद्यमान डिजिटल डिभाइड (Digital Divide) कम गर्न, शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउन तथा शैक्षिक व्यवस्थापन र शासन पद्धतिमा सुधार ल्याउन महत्त्वपूर्ण भूमिका खेल्दछ। थुलुङ दुधकोशी गाउँपालिकाअन्तर्गतका विद्यालयहरूमा प्रविधिको पूर्वाधार, जनशक्ति र प्रयोगको अवस्थालाई विश्लेषण गर्दा मिश्रित परिणाम देखिएका छन्। हाल सबै विद्यालयमा इन्टरनेटको पहुँच रहे पनि द्रुत गतिको इन्टरनेटको सुविधा र यसका लागि प्राप्त बजेट अपर्याप्त छ। माध्यमिक तहका विद्यालयहरूमा कम्प्युटर ल्याबको व्यवस्था भए पनि आधारभूत तहका विद्यालयहरूमा

यस्तो सुविधा छैन। अधिकांश विद्यालयमा स्मार्ट बोर्डको अभाव छ र फोटोकपी मेसिन माध्यमिक तथा कक्षा १-८ सम्म सञ्चालित विद्यालयहरूमा मात्र उपलब्ध छन्।

प्रविधिको प्रयोग र जनशक्तिको क्षमताका दृष्टिले हेर्दा, ICT उपकरणहरू प्रायः प्रशासनिक कार्य र परीक्षा सञ्चालनमा मात्र सीमित छन्, जसको प्रयोग विद्यार्थीको सिकाइमा अत्यन्त न्यून छ। कक्षा ६-८ मा कम्प्युटर विषयको पठनपाठन भइरहे पनि झन्डै ६०.५ प्रतिशत शिक्षकहरू प्रविधिमैत्री नहुनु र यस क्षेत्रमा दक्ष जनशक्ति तथा तालिमको व्यवस्था नहुनु ठूलो चुनौतीका रूपमा रहेको छ। IEMIS अपडेट गर्ने कार्यमा माध्यमिक विद्यालयहरू सक्षम देखिए पनि आधारभूत तहका विद्यालयहरूले अझै पनि बाह्य जनशक्तिमा निर्भर हुनुपरेको छ। साथै, उपलब्ध ICT उपकरणहरूको मर्मत सम्भारका लागि कुनै पनि स्रोत वा बजेटको व्यवस्था नहुँदा थुप्रै उपकरणहरू प्रयोगविहीन अवस्थामा थन्किएका छन्। यसरी प्रविधिको भौतिक उपस्थिति रहे तापनि पर्याप्त तालिम, मर्मतसम्भारको व्यवस्था र व्यावहारिक प्रयोगको अभावमा प्रविधिमैत्री सिकाइ वातावरण निर्माण गर्ने कार्य अपेक्षित रूपमा अघि बढ्न सकेको छैन।

### ४.७.३ उद्देश्यहरु

१. सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गरी शिक्षण सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउनु।

२. शिक्षाको समग्र व्यवस्थापनलाई प्रविधिमैत्री बनाउँदै कार्यसम्पादनमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्नु।

३. शिक्षक तथा सरोकारवालाहरूको क्षमता विकास गर्दै उपलब्ध प्रविधिको दिगो व्यवस्थापन र नियमित मर्मतसम्भार सुनिश्चित गर्नु।

### ४.७.४ रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. सबै विद्यालयमासूचना तथा सञ्चार प्रविधिपूर्वाधार विकास गर्ने | १.१ विद्यालयको आवश्यकता अनुसार कम्प्युटर, इन्टरनेट, फोटोकपि, प्रिन्टर लगायतका क्ष्ऋत् साधनहरु उपलब्ध गराउने<br>१.२ ICTसाधनहरुको समुचित प्रयोग गर्न क्रमशः प्रशासनिक कार्यहरु कागजविहिन (Paperless) बनाउँदैलैजाने<br>१.३ विद्यालयलाई ICT साधनहरु को मर्मत गर्न प्राविधिक जनशक्ति गाउँपालिकाले उपलब्ध गराउने<br>१.४ इन्टरनेट प्रदायक संस्थाहरुसँग सहकार्य गरी विद्यालयहरुमा उच्च गतिको इन्टरनेट सेवा प्रदान गने |

| | |
|---|---|
| २. प्रविधिमैत्री शिक्षणसिकाइमा जोड दिने | २.१ शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने।<br>२.२ शिक्षणसिकाइमा प्रविधिको प्रयोग सम्बन्धी शिक्षकहरुको क्षमता विकास तालिम सञ्चालन गर्ने<br>२.३ विद्यालयहरूमा विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्री उपलब्ध गराई उचित प्रयोग गर्ने व्यवस्था मिलाउने । |
| ३. IEMIS प्रयोग प्रभावकारी बनाउने | ३.१ प्रत्येक विद्यालयलाई समयमा नै IEMIS अध्यावधिक गर्न प्रोत्साहित गर्ने<br>३.२ IEMIS तथ्याङ्कलाई शैक्षिक नीति, योजना, कार्यक्रम तथा बजेट निर्माणमा प्रयोग गर्ने |

### ४.७.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### क. उपलब्धि

सबै विद्यालयमा सूचना तथा संचार प्रविधिको पहुँच र प्रयोगमा विस्तार भई शिक्षण सिकाइ सान्दर्भिक, उद्देश्यमूलक एवम गुणस्तरीय हुने तथा विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सुशासन प्रवर्धन हुने

### ख. नतिजा

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने,
- अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने,
- विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको हुने,
- सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने,
- सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार आउने,
- अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आउने ।

### ग. प्रमुख क्रियाकलाप

- हरेक वर्ष पुर्नताजगि तालिमको व्यवस्था गर्ने ।
- एक शिक्षक एक ल्यापटपको व्यवस्था गर्ने ।
- कक्षकोठामा प्रविधिको प्रयोग गरी शिक्षण गर्न प्रोत्साहन गर्ने ।
- विद्यालय समय बाहिर कम्प्युटर कक्षा सञ्चालन गरी आर्थिक स्रोत जुटाउने ।
- गा.पा मा एक जना (कम्तिमा) दक्ष ICTप्राविधिकको व्यवस्था गरी महिनामा एक पटक घुम्ती सेवा सेवा विद्यालयमा) उपलब्ध गराउने ।
- विद्यालयहरूमा ICT in Educationको सुविधा विस्तार गर्ने ।
- प्रत्येक विद्यालयमा इन्टरनेट सेवा विस्तार गर्ने ।

- विभिन्न कक्षा र विषयको अन्तरक्रियात्मक डिजिटल सामग्री उपलब्ध गराउने ।
- सबै विद्यालयको IEMIS Excel-based Software प्रणाली सुदृढीकरण गर्ने ।
- सूचना प्रविधिमा आधारित विद्यार्थी प्रगति विवरण र प्रमाणीकरणको व्यवस्था मिलाउने ।
- विद्यालय शिक्षा सम्बन्धी सबै गतिविधि वेबसाइटमा प्रकाशन गर्ने व्यवस्था मिलाउने ( गाउँपालिका र क्रमशः सबै विद्यालय) ।
- शिक्षणसिकाइमा Online रOfflineप्रविधिको प्रयोगमा जोड दिने ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | ओटा | | ३ | ३ | ३ | ३ | १२ | ३० | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | ओटा | ३० | ११ | ० | ० | ० | ४१ | ४९ | सङ्घ र स्थानीय तह |
| ३ | शिक्षकहरूको क्षमता विकास | जना | | ४९ | ४९ | ४९ | ४९ | १९६ | २०० | |
| ४ | स्मार्ट बोर्ड डिजिटल सामग्रीको व्यवस्था | विद्यालय | | १ | २ | ४ | ४ | ११ | २५ | |
| ५ | IEMIS व्यवस्थापन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास | पटक | | १ | | | | १ | १ | |
| ७ | विद्यालमा इ | निरन्तर | १० | १५ | बाँकी | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | हाजिरी व्यवस्थापन | | | | सबै | | | | | |
| ८ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टर्नेट लगायतप्रयोगका लागितालिमको व्यवस्था | जना | | २० | २० | २० | २० | ८० | १६० | |

## परिच्छेद ५:अन्य उप क्षेत्र

शिक्षाको गुणस्तर अभिवृद्धि र दायरालाई फराकिलो बनाउने सन्दर्भमा विद्यालय शिक्षाका आधारभूत पक्षबाहेक मन्टेसरी कार्यक्रमको सञ्चालन, प्राविधिक तथा व्यावसायिक सिप मूलक तालिम, उच्च शिक्षाको सुव्यवस्थित व्यवस्थापन, सार्वजनिक पुस्तकालय वा वाचनालयको स्थापना, मातृभाषामा शिक्षण तथा विविधताको प्रभावकारी सम्बोधन जस्ता विषयहरू अत्यन्त सान्दर्भिक र भविष्यका लागि महत्त्वपूर्ण उपक्षेत्रहरू हुन्। यी क्षेत्रहरूले विद्यार्थीको सर्वाङ्गीण विकास, जीवनोपयोगी सिप को हस्तान्तरण र शैक्षिक पहुँचलाई व्यापक बनाउन उल्लेख्य भूमिका खेल्दछन्।

यद्यपि, थुलुङ दुधकोशी गाउँपालिकाको वर्तमान शैक्षिक अवस्था, विद्यमान भौतिक पूर्वाधारको अवस्था, उपलब्ध स्रोत-साधनको सीमितता र हालको प्राथमिकतालाई दृष्टिगत गर्दा, यस रणनीतिक योजनामा तत्कालका लागि यी उपक्षेत्रहरूलाई मुख्य कार्यक्रमका रूपमा समावेश गरिएको छैन। हाम्रो वर्तमान प्राथमिकता आधारभूत र माध्यमिक शिक्षाको गुणस्तर सुधार, विद्यालयको भौतिक सुदृढीकरण र सबै वर्गको पहुँच सुनिश्चित गर्ने कार्यमा केन्द्रित छ।

तथापि, यो योजना एक गतिशील र समयानुकूल परिमार्जन गर्न सकिने दस्तावेज हो। भविष्यमा स्थानीय स्तरमा शैक्षिक आवश्यकताको माग बढ्दै गएमा, उपलब्ध स्रोत र साधनको उपलब्धता सुनिश्चित भएमा र सरोकारवालाहरूको सुझावका आधारमा यस्ता थप उपक्षेत्रहरूलाई योजनाको अभिन्न अङ्गका रूपमा समावेश गर्न सकिनेछ। गाउँपालिकाले दिगो शैक्षिक विकासको लक्ष्य राखेकाले भविष्यमा आवश्यकता र औचित्यका आधारमा मन्टेसरी शिक्षादेखि प्राविधिक तथा व्यावसायिक शिक्षासम्मका कार्यक्रमहरू विस्तार गर्दै लैजाने नीति लिएको छ। तसर्थ, हाललाई यी विषयहरूलाई कार्ययोजनाबाट बाहिर राखिए पनि भविष्यमा आवश्यकतानुसार यिनलाई योजनामा थपघट गरी थप परिष्कृत गर्दै लैजान सकिने व्यवस्था गरिएको छ।

# परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

शिक्षा पद्धतिमा निर्णय तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई जनाउँदछ । यसमा संरचना र प्रक्रिया दुवै पर्दछन्। योजनाको प्रभावकारी र कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न संरचना, भूमिका र कार्यप्रक्रिया आवश्यक हुन्छन् ।

विद्यालय सञ्चालनार्थ लिइने निर्णय, निर्णयको कार्यान्वयन, कार्य एवम् नतिजा प्रतिको जवाफदेहिता, समग्र प्रक्रियामा हुने सरोकारित पक्षको सहभागिता, स्वीकारोक्ति एवम् अपनत्वले विद्यालय शासनको अवस्था र व्यवस्थाको झल्को दिने गर्दछ। विद्यालय सञ्चालनमा अधिकारको निरुपण, विन्यास, र प्रयोग एवम् उत्तरदायित्वलाई कसरी विभिन्न सरोकारवालाहरु बीचमा पुनवितरण गर्ने भन्ने विषय मुख्य सरोकार हो । संरचना स्वरुप र शक्तिको अभ्यासले विद्यालय सञ्चालन र नियन्त्रणमा भूमीका खेल्दछ ।

राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यास समेतलाई बिश्लेषण गर्ने हो भने विद्यालय शासन बिकेन्द्रीकरण तथा असल शासनकै मान्यतासँग आवद्धता भएको भेटिन्छ । विद्यालयले तोकिएको मानक बमोजिमको विद्यार्थी उपलब्धि प्रति जबाफदेही बन्नु पर्दछ । निर्णय प्रक्रियामा, शिक्षण सिकाइ क्रियाकलाप, स्रोत र साधनको प्रयोगमा र शिक्षक व्यवस्थापनमा स्वायत्तता, स्रोत पहिचान, प्राप्ति, विनियोजन र खर्चमा, पाठ्यक्रम विकास, पाठ्यपुस्तकको छनौट, विकास र प्रयोग, विद्यालयको कार्यकारी कार्य, कानूनी कार्य, शैक्षिक व्यवस्थापन सम्बन्धी कार्य, सुपरिवेक्षण र अनुगमन सम्बन्धी कार्य विद्यालय शासनसँग जोडिएर आउँछन् ।

यस परिच्छेदमा योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संरचना, क्षमता विकास, योजना कार्यान्व र अनुगमन तथा मूल्याङ्कन प्रणालीका सम्बन्धमा समीक्षा गरिएको छ । वर्तमान समीक्षाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ ।

## ६.१. शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१ परिचय

शिक्षामा तीनै तहका सरकार, विद्यालय, समुदाय तथा गैरसरकारी संघसंस्थाहरूको भूमिकाबाट मात्र सुशासन कायम गर्न सकिन्छ । शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, कार्य जिम्मेवारी र अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ हुनुपर्दछ ।नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध र व्यवस्थापन हुने व्यवस्था गरेको छ । यस सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपूरक वा सम्पूरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनुका साथै शिक्षामा विशिष्ट

प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकता पर्छ । त्यसैगरी योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्द्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्त्वजस्ता पक्षहरूलाई प्राथमिकता दिनुपर्दछ ।

## ६.१.२ वर्तमान अवस्था

केन्द्रमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, शिक्षा तथा मानवस्रोत विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, प्रदेश स्तरमा रहेका मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र, स्थानीय स्तरमा रहेका शिक्षा, युवा तथा खेलकुद शाखा, विद्यालयहरु विद्यालय शिक्षाको सेवा प्रवाह गर्ने संगठनात्मक संरचनाहरु हुन् ।यसैगरी स्थानीय तहमा रहने शिक्षा समिति, सामाजिक विकास समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ लगायतका संस्थागत व्यवस्थाहरु रहेकाछन् ।यी सबै संगठन तथा संरचनामा आवद्ध जनशक्तिहरुको क्षमता विकास तथा क्षमताको समुचित उपयोग मार्फत शैक्षिक सेवा प्रवाह गुणस्तरीय एवम् प्रभावकारी बन्न सक्छ । संस्थागत क्षमताको सुदृढीकरणले अपेक्षित उद्देश्य प्राप्ति सम्भव हुन्छ। थुलुङ गाउँपालिकाको शैक्षिक सेवा प्रवाह सम्बन्धमा वर्तमान अवस्थाको विश्लेषण गर्दा निम्न अवस्था विद्यमान देखिन्छ ।

- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र बाल क्लब नियमानुसार गठन भएको साथै क्रियाशिल रहेका।
- लेखापरिक्षण, सार्वजानिक सुनुवाई समयमै भएकोतथा आर्थिक पारदर्शिता भएको
- गाउँपालिका लगाएतका निकायबाट नियमित अनुगमन भएको ।
- विदालय र समुदाय बीच सुमधुर सम्बन्ध कायम भएको ।
- शिक्षक तथा विद्यार्थीले आचारसंहिता पालना गरेको ।
- शिक्षक, विद्यार्थी, प्र.अ. आ आफ्नो क्षेत्रका लागि जवाफदेही रहेको ।
- अधिकारको मिश्रित बाँडफाँड ।
- सूचना तथा संचार प्रविधिको प्रयोग हुन नसकि सुशासन तथा व्यवस्थापन कमजोर भएको ।
- विविधतायुक्त समाजमा एकै किसिमको सेवा प्रवाहले शैक्षिक राजनैतिक नेतृत्व प्रति कम विश्वास ।
- वि.व्य.स, शि.अ.संघ तथा प्रधानाध्यापकको नियुक्तमा राजनैतिक हस्तक्षेप
- शैक्षिक सुधार सुशासन तथा व्यवस्थापनका लागि दलहरुसँग स्पष्ट खाका, दुरदर्शिता नहुनु ।
- राजनैतिक हस्तक्षेपका कारण क्षमतावान् नेतृत्व समितिमाआउन नसक्नु ।

## ६.१.३ उद्देश्यहरु

- विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सुचना तथा सञ्चार प्रविधिको प्रयोग गरी पारदर्शिता, प्रभावकारिता, कार्यकुशलता एवम् जवाफदेहिता सुनिश्चित गरी सुशासन अभिवृद्धि गर्नु

- कार्यसम्पादनमा उत्तरदायी र नतिजाप्रति जवाफदेही संयन्त्रको सुदृढीकरण गर्नु,
- आवश्यक कानुन तर्जुमा र कार्यान्वयन गरी संस्थागत संरचना मजवुत बनाउनु,
- विद्यालयका शिक्षक, प्रधानाध्यापक र विभिन्न समितिका पदाधिकारीहरूको क्षमता अभिवृद्धि गर्नु,
- प्रधानाध्यापकको छनौट र नियुक्ति प्रक्रियामा कार्यसम्पादन करार गरी विद्यालयको व्यवस्थापकीय पक्षमा सुधार ल्याउनु,

### ६.१.४ रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. आगामी २ वर्षभित्र शिक्षा क्षेत्रमा आवश्यक ऐन, नीति तथा कानुनहरु निर्माण गर्ने | १.१ शिक्षा ऐन, नीति तथा कानुन तयार गर्न सरोकारवालाहरुसँग सहकार्य गर्ने<br>१.२ शिक्षा नीति तथा कानुन तयार गर्दा संघीय तथा प्रादेशिक नीति तथा कानुनी प्रावधानहरुसँग उचित सहसम्बन्ध कायम गरी स्थानीय आवश्यकतालाई प्राथमिकता दिने |
| २. वित्तिय सुशासनका लागि सुचना तथा सञ्चार प्रविधिको प्रयोग र संस्थागत क्षमता विकास गर्ने | २.१ विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा जोड दिने<br>२.२ शैक्षिक सुचनाहरु तथा महत्वपूर्ण जानकारी नियमित वेवसाइटमा अध्यावधिक गरी पारदर्शिता कायम गर्ने |
| ३. विद्यालय तथा गाउँपालिकाको शैक्षिक सेवा सञ्चालन र व्यवस्थापनमा सुधार ल्याउने | ३.१ प्रधानध्यापक तथा शिक्षकहरुसँग कार्यसम्पादन करार सम्झौता गर्ने,<br>३.२ कार्यसम्पादन तथा नतिजाको आधारमा पुरस्कृत तथा दण्डित हुने व्यवस्था लागु गर्ने,<br>३.३ प्रधानध्यापक, शिक्षक, कर्मचारी तथा विभिन्न समितिका पदाधिकारीहरुलाई क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने,<br>३.४ प्रत्येक पदाधिकारीहरुको आचार संहिता बनाई कार्यान्वयन गर्ने |

### ६.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### क. उपलब्धि

सूचना तथा सञ्चार प्रविधिको प्रयोग तथा संस्थागत क्षमता अभिबृद्धि भई विद्यालय सञ्चलनमा पारदर्शिता, निष्पक्षता, प्रभावकारिता एवम् जबाफदेहिता प्रवर्धन मार्फत सुशासन कायम भएको हुने

## ख. मुख्य नतिजा

- विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भई गुणस्तरीय एवम् प्रभावकारी सेवा प्रवाह हुने
- सबै प्रधानध्यापक तथा शिक्षहरुसँग कार्यसम्पादन करार सम्झौत भएको हुने
- आचार संहिता तयार भई कार्यान्वयन भएको हुने
- कार्यसम्पादन तथा नतिजाको आधारमा पुरस्कार तथा दण्ड दिने प्रणाली कार्यान्वयन भएको हुने

## ग. क्रियाकलाप

- प्रधानाध्यापक तथा शिक्षकसँग कार्यसम्पादन करार गरी नतिजाप्रति उत्तरदायी र जिम्मेवार बनाउने
- शिक्षक सहायता प्रणाली विकास तथा परिचालन
- विद्यालय शिक्षा सम्बद्ध निकाय तथा पदाधिकारीहरूको क्षमता विकास
- आवश्यकता, क्षमता र व्यापक सहभागितामा विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन
- अधिकार, जिम्मेवारी र कामको बाँडफाँड

संस्थागत संरचना र क्षमता विकासका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | सङ्ख्या | | १ | | | | १ | १ | सङ्घ, प्रदेश तथा स्थानीय तह |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| ४ | कार्यसम्पादन करार गरी सबैलाई नतिजाप्रति जिम्मेवार बनाउने | पटक | | १ | १ | १ | १ | ४ | ९ | |
| ५ | स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना तथा सञ्चालन | सङ्ख्या | १ | | | | | १ | १ | |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास गर्ने | सङ्ख्या | | १ | | | | १ | १ | |
| ७ | विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाइ तथा स्वच्छता, विपद् तथा महामारी सम्बन्धी सेवा तथा समन्वयका लागि संयन्त्र विकास गर्ने | सङ्ख्या | | १ | | | | १ | १ | |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध

### ६.२.१ परिचय

सङ्घमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालयसँग समन्वय तथा सहकार्य गर्दछ । त्यसैगरी विकास साझेदारहरूसँग सहकार्य तथा समन्वय गर्ने र योजना तथा कार्यक्रमको समग्र अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको रहेको छ । मन्त्रालय अन्तर्गत समग्र विद्यालय क्षेत्रका रणनीतिक योजना विकास, समन्वय, मापदण्ड विकास, अनुगमन तथा शैक्षिक सूचनाको व्यवस्थापन, शिक्षक तालिमका कोर्सहरू विकास तथा शिक्षा सेवाका कर्मचारीहरूको क्षमता विकास गर्नका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम तथा पाठ्यसाग्री विकासका लागि पाठ्यक्रम  विकास केन्द्र र शैक्षिक पद्दती, नीति तथा कार्यक्रमको उपलब्धि तथा प्रभाव अध्ययन गरी सुधारका लागि मार्ग पहिचान गर्न सघाउने कार्यका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र गरी तीनओटा विभागीय निकायहरू रहेका छन् ।

शिक्षक छनौट, बढुवा तथा अध्यापन अनुमति पत्रसम्बन्धी कार्य गर्न शिक्षक सेवा आयोग र शिक्षक अभिलेख तथा निवृत्तिभरण लगायतका निवृत्त शिक्षकको सेवाका लागि सङ्घिय मामला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत शिक्षक किताबखाना रहेको छ । राष्ट्रिय परीक्षा बोर्डले कक्षा १० र कक्षा १२ मा सार्वजनिक परीक्षा सञ्चालन गरीरहेको छ । प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र अन्तर्गत एकएकऔटा शिक्षा तथा मानवस्रोत विकास केन्द्रर एकएकओटा शिक्षा तालिम केन्द्र रहेका छन्  । स्थानीय तहमा शिक्षा युवा तथा खेलकुद शाखाले स्थानीय तहको शिक्षा सम्बन्धी काम गरिरहेको अवस्था छ । यसका अत्तिरिक्त सङ्घिय शिक्षा मन्त्रालय अन्तर्गत प्रत्येक जिल्लामा एकओटाका दरले ७७ ओटा जिल्लामा शिक्षा विकास तथा समन्वय इकाईहरू रहेका छन् ।

सङ्घीय संरचना अनुसार कार्यसम्पादन गर्नका लागि तत्काल परिवर्तन गरिएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थपान विद्यालय शिक्षामा सुशासन कायम गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको अवस्था छ । शिक्षका कतिपय ससर्त अनुदानका बजेट र कार्यक्रमहरू स्पष्ट बुझाइको अभावमा विद्यालयलाई नदिएर फ्रिज हुने, विद्यालयलाई दिएपनि समयमा नदिने जस्ता समस्याहरू सबैतिर बल्झिएका छन् । आर्थिक वर्ष २०७७/०७८ देखि सबै विद्यालयका बालविकास कक्षादेखि कक्षा ५ सम्मका बालबालिकाको  दिवा खाजा वापतको रकम दिन थालिएको अवस्था रहेको छ । कक्षा १० परीक्षासम्बन्धी कामका लागि सेवाग्राहीहरू परीक्षाबोर्डको शाखा र प्रदेश कार्यालयहरूमा आउने गर्दछन् जबकि त्यो कामको बारेमा शाखा र प्रदेश कार्यालयहरू अनभिज्ञ छन् । त्यसैले यतिवेला योजना र कार्यक्रमको कार्यान्वयनको सवालमा केही द्विविधाहरू देखिएको अवस्था छ ।  गाँउपालिकाहरूमा प्राप्त हुने योजना कार्यान्वयनको आवश्यक बजेट समेत समयमा फुकुवा नहुनाले तोकिएको समयमा योजना कार्यान्वयन हुन सकिरहेको छैन । कतिपय योजनाको बजेट आर्थिक वर्षको अन्तमा मात्र निकास हुने हुँदा सोही आर्थिक वर्षमा काम हुन सकेको छैन ।

### ६.२.२ वर्तमान अवस्था

कुनै पनि  योजनाको सफलता तब मात्र हुन्छ जब योजना प्रभावकारी ढंगले कार्यान्वयन भएको हुन्छ । योजनाको प्रभावकारिताका लागि संस्थागत संरचना ,सिप युक्त मानव संसाधन,आवश्यक वित्तिय तथा अन्य स्रोत साधनको समुचित प्रवन्ध गरिएको हुन्छ ।योजना बास्तविक आवश्यकतामा आधारित भएर तर्जुमा गरिएमा मात्र अपेक्षित लक्ष्य प्राप्ति सम्भव हुन्छ । थुलुङ दुधकोशी गाँउपालिकाले शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ले आफ्नो क्षेत्राधिकार भित्रका क्षेत्रगत योजना तर्जुमा तथा कार्यान्वयन गर्ने अधिकार प्रदान गरे सँगै स्थानीय शिक्षा ऐन तथा कार्यविधि तर्जुमा तथा कार्यान्वयन गरी शैक्षिक सुधारमा अगाडी बढेको छ ।यो शिक्षा क्षेत्रको योजना निर्माण पनि सोही प्राथमिकताको उपज हो ।

विद्यालय शिक्षाको अधिकार स्थानीय सरकारलाई प्रदान गरिएसँगै यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनाको सुदृढीकरण तथा जनशक्तिको क्षमता, उत्प्रेरणा, मनोबल र दक्ष उपयोगमा वृद्धि गर्नु आजको आवश्यकता हो। विशेषगरी गाउँपालिकाको कार्यालय, शिक्षा, युवा तथा खेलकुद शाखा, सामाजिक विकास समिति, गाउँ शिक्षा समिति, वडा कार्यालय, वडा शिक्षा समिति, विद्यालय, विद्यालय व्यवस्थापन समिति, शिक्षक-अभिभावक संघ तथा प्रधानाध्यापकलगायत सम्बन्धित निकायहरूको संस्थागत तथा कार्यगत क्षमता अभिवृद्धि गरी उनीहरूलाई आफ्नो काम, कर्तव्य, जिम्मेवारी तथा प्राप्त नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउन सकेमा मात्र योजनाको प्रभावकारी कार्यान्वयन सम्भव हुन्छ।

योजना निर्माण, कार्यान्वयन तथा प्रतिफल वितरणका सम्पूर्ण चरणहरूमा सरोकारवाला पक्षहरूको सक्रिय सहभागिता सुनिश्चित गर्न सकेमा स्वामित्व र अपनत्वको भावना अभिवृद्धि भई योजनाको दिगोपना कायम रहन्छ। विद्यालय, प्रधानाध्यापक, शिक्षक, अभिभावक, शिक्षा प्रशासन तथा जनप्रतिनिधिहरूको समन्वित र संयुक्त प्रयासबाट मात्र विद्यालय शिक्षामा अपेक्षित सुधार हासिल गर्न सकिन्छ। यही भावना (स्पिरिट) लाई आत्मसात गर्दै प्रस्तुत योजना तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने लक्ष्य लिइएको छ।

### ६.२.३ उद्देश्यहरु

१. शिक्षा क्षेत्रको योजनाको प्रभावकारी कार्यान्वयन गरी विद्यालय शिक्षाको पहुँचगु ,णस्तर र सान्दर्भिकता अभिवृद्धि गर्नु
२. गाँउपालिका क्षेत्र भित्र रहेका शिक्षासँग सम्बन्धित संस्थागत संरचनाहरुको सुदृढीकरण गर्नु
३. शिक्षा क्षेत्रको योजना कार्यान्वयनमा सम्बद्ध जनशक्तिको क्षमता विकास गर्नु
४. कार्यान्वयनका चरणमा देखा पर्ने समस्याहरुको समयमै पहिचान गरी समाधान गर्नु

## ६.२.४ रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
| --- | --- |
| १. शिक्षा क्षेत्रको योजनाको प्रभावकारी कार्यान्वयन गर्ने | १.१ योजना कार्यान्वयन योजना तयार पार्ने<br>१.२ सरोकारवालमाझ योजनाको प्रवोधिकरण गर्ने<br>१.३ कार्यान्वयन संयन्त्रको संस्थागत क्षमताको सुदृढीकरण गर्ने |

## ६.२.५उपलब्धि ,नतिजा ,प्रमुख क्रियाकलापरलक्ष्य

क) उपलब्धि

दश वर्षको योजनाका आधारमा पाँच वर्षे शिक्षा क्षेत्रको कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन भई विद्यालय शिक्षाको गुणस्तर अभिबृद्धि भएको हुने

ख) प्रमुख नतिजा

- योजना कार्यानव्यन गर्ने संयन्त्रहरुको संस्थागत क्षमतामा अभिवृद्धि भई शिक्षा क्षेत्रको योजना प्रभावकारी रुपमा कार्यान्वयन् भएको हुने
- कार्यन्वयन योजना तयार भएको हुने
- अनुगमन सूचक सहित अनुगमन तथा मूल्याङन भएको हुने
- कार्यरत जनशक्तिको क्षमता विकास भई शैक्षिक सेवा प्रवाह छिटोछरि ,तोगुणस्तरीय एवम् , प्रभावकारी भएको हुने
- समयमै प्रतिवेदन प्राप्त भई पृष्ठपोषण प्रदान भएको हुने

ग) प्रमुख क्रियाकलाप

- गाँउ शिक्षा समितिशिक्षक अभिभावक ,विद्यालय व्यवस्थापन समिति ,शिक्षा शाखा ,सामाजिक समिति , शिक्षकहरुको क्षमता विकास ,प्रअ ,संघ
- आचार संहिता निर्माण गरी कार्यान्वयन
- उपलब्धि को सार्वजनिकीकरण सामाजिक परीक्षण ,
- अर्धवार्षिक प्रगति समीक्षा पृष्ठपोषण ,

संस्थागत संरचना र क्षमता विकासका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | निरन्तर | | | | | | | | सङ्घ, प्रदेश तथा स्थानीय तह |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | | |
| ४ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | सङ्ख्या | | १ | | | | १ | १ | |
| ५ | कानुन निर्देशिका मापदण्डको प्रबोधीकरण | सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | | | |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धि कार्यक्रम सञ्चालन | सङ्ख्या | | १ | | | | १ | १ | |
| ७ | सामाजिक परीक्षणको प्रतिवेदनका आधारमा विद्यालयहरूलाई थप सहजीकरण | सङ्ख्या | | १ | | | | १ | १ | |

# परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन

## ७.१ परिचय

शिक्षामा लगानीले प्रमुख तीन पक्षहरू; सबै बालबालिका र नागरिकलाई शैक्षिक अवसर र सहभागिता, सहभागी सबैलाई गुणस्तरीय शिक्षाको सुनिश्चितता र स्रोतको समतामूलक वितरण र उपयोगमा ध्यान दिने गरेको पाइन्छ ।आधारभूत शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक शिक्षा निःशुल्क सबै नागरिकहरूलाई उपलब्ध गराउने संवैधानिक प्रावधान रहेको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाई केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका ट्युसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेकोछ । कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलब्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व गाँउपालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्ययी, नियमित, प्रभावकारी र पारदर्शी ढँगले व्यवस्थापन गर्नुपर्नेछ ।

वित्तीय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा संघीय सरकारबाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पु¥याइ तोकिए वमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ ।

सीमित स्रोतसाधन र असिमित आवश्यकताको सम्बोधन गर्नु प्रमुख चुनौती रहेको छ । कम्जोर पूर्वाधारको विस्थापन गरी सुविधासम्पन्न पूर्वाधारको निर्माण गर्नु पनि चुनौती रहेको छ । कार्यान्वयन संयन्त्रको क्षमता विकास र सबलीकरण गर्नु पनि अर्को चुनौतीका रूपमा देखापरेको छ ।

## ७.२ वर्तमान अवस्था

शिक्षामा राज्यको पर्याप्त लगानी समतामूलक र न्यायपूर्ण सामाजिक व्यवस्थाका लागि हुने गर्दछ । एकातिर संवैधानिक प्रावधानले मुलुकले समता र न्यायमा आधारित समाजवाद उन्मुख राज्य परिकल्पना गर्नु, अर्कोतिर शिक्षा क्षेत्रको लगानी र निजी क्षेत्रको संलग्नता क्रमशः बढ्दै जानुले शिक्षामा लगानीका सम्बन्धमा चुनौती थपिएको छ ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकत्रित गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्ध गर्दा ध्यान दिनुपर्ने महत्त्वपूर्ण पक्ष हुन् । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन-कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयमा जति ध्यान पुग्दछ, शैक्षिक लगानीको पक्ष उत्तिनै सक्षम र व्यवस्थित हुन्छ । यो योजना कार्यान्वयनका लागि लगानी र स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरिएको छ ।

। शिक्षाका सबै तहमा गुणस्तर र पहुँच अभिवृद्धिका विभिन्न कार्यक्रमहरू सञ्चालनका लागि समन्वयात्मक रूपमा स्रोतको खोजी र व्यवस्थापन गर्ने जस्ता प्रयास निरन्तर रूपमा भइरहेका छन् । विद्यालय उमेरसमूहका सबै बालबालिकाहरूलाई विद्यालयमा ल्याउन, टिकाउनर सिकाइका लागि आवश्यक न्यूनतम प्रबन्ध मिलाउन पनि थप लगानी आवश्यक देखिन्छ । शिक्षाको वित्तीय प्रणालीमा संघ, प्रदेश र स्थानीय सरकारका साथै समुदायको साझेदारी रहनेछ । स्रोत साधनको परिचालनका लागि गाँउपालिकाको दृढ प्रतिवद्धता, निजी क्षेत्रसँग साझेदारीको प्रबन्ध र समुदायबीच खर्च साझेदारीको आवश्यकता पर्नेछ । यस्ता बहुपक्षीय पद्धति केबल कोष सञ्चालनका लागि मात्र नभई प्रमुख साझेदारहरूबीच सुदृढ स्वामित्व तथा जवाफदेहिताको अभिवृद्धि गर्नुपर्ने हुन्छ । वित्तीय व्यवस्थापन, प्रतिवेदन तयारी र सामाजिक परीक्षणलाई संस्थागत गर्ने सम्बन्धमा सम्बद्ध निकायको क्षमता वृद्धि यस योजनाको अर्को महत्त्वपूर्ण पक्ष हो ।

थुलुङ दुधकोशी गाँउपालिकाले चालु आर्थिक वर्षमा स्थानिय स्रोतको ४२ प्रतिशत बजेट विनियोजन गरेको देखिन्छ । पञ्चवर्षीय शिक्षा क्षेत्रको योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत संघीय, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रूपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तिय स्रोत जुटाउनु,शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकताका क्षेत्रमा स्रोत उपलब्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्य सम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ । श्रोतको आँकलन तपशिल वमोजिम गरिएको छ ।

| क्रस | वित्तिय स्रोतको व्यवस्थापन | कुल बजेट रु हजारमा | प्रतिशत अनुमानित | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | ११९३५५३ | ८०.८५% | |
| २ | प्रदेश सरकार | ८४४८९ | ५.७२% | |
| ३ | स्थानीय सरकार | १९४९९५ | १३.२१% | |
| ४ | संघ संस्था तथा दातृ निकाय | ३१८२ | ०.१२% | |
| ५ | स्थानीय दाता तथा अन्य स्रोत | ० | ०.००% | |
| ६ | अपुग रकम | ० | ०.००% | |
| | जम्मा | १४७६२१९ | १००.००% | |

### ७.३ उद्देश्यहरु

- योजना अवधिभर विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु,
- पहिचान गरिएका कार्यक्रमहरू कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु,

- पहिचान गरिएका कार्यक्रमहरूको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,
- लगानीको उपयोगको अवस्था,विधि र प्रक्रिया प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट पार्नु,
- योजना कार्यान्वयनका लागि उपलब्ध सहायताको सक्षमता र प्रभावकारितामा सुधार गर्नु ।

## ७.४रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| १. शिक्षा क्षेत्रमा लगानी बढाउने | १.१ तीनै तहको सरकार तथा गैरसरकारी संघसंस्थासँग लागत साक्षेदारीमा आर्थिक स्रोतको व्यवस्थापन गर्ने<br>१.२ अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपूरक, सशर्त र विशेष अनुदानको अवलम्बन गर्ने |
| २. खर्चमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारीता सुनिस्चित गर्ने | २.१ विनियोजित बजेटको सही सदुपयोगको सुनिश्चितताकोलागि सुदृढ अनुगमन तथा निरिक्षण प्रणालीको विकास गर्ने<br>२.२ स्रोतको उपयोग गर्ने प्रमुख इकाई विद्यालय हुने भएकाले गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयबाट निर्वाह हुने व्यवस्था गर्ने<br>२.३ सुत्र र नतिजामा आधारित स्रोत विनियोजन पद्धतिलाई अङ्गीकार गर्ने<br>२.४ वित्तीय व्यवस्थापन प्रणाली र सार्वजनिक खरिद प्रणालीको दृढताका साथ परिपालना गर्ने<br>२.५ मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने<br>२.६ वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सुदृढ गर्ने |

## ७.५ उपलब्धि ,नतिजा , प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धि

विद्यालय शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच,समता,गुणस्तर र क्षमता विकासमा सुधार आउने ।

ख) नतिजा

- विद्यालय शिक्षाको गुणस्तर सुधारको लागि आवश्यक स्रोतको पहिचान र परिचालन हुने
- विद्यालय शिक्षाका हरेक निकायमा कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व निर्वाह भएको हुने
- मापदण्डका आधारमा खर्च गर्ने पद्धतिको विकास हुने
- स्रोत व्यवस्था र परिचालनमा गैससहरूसँगको साझेदारी विकास भएको हुने
- सबै शिक्षण संस्थाहरूको सामाजिक परीक्षण हुने

- नीति निर्माण सम्बन्धी अभीमुखीकरण तथा कार्यशाला सञ्चालन
- स्रोतहरुको पहिचान तथा कार्यक्रमहरुको प्राथमिकीकरण
- अनुगमन तथा निरीक्षण
- जनचेतनामूलक कार्यक्रमहरु
- उपल्लो तहसँग समन्वय
- सरोकारवालाहरु बिच अन्तरक्रिया
- दातृ निकायहरुसँगको समन्वय
- नतिजामा आधारित स्रोत विनियोजन पद्धति विकास
- विद्यालयको लेखा प्रणाली सुदृढीकरणको लागि लेखासम्बन्धी तालिम सञ्चालन
- विद्यालयहरूबाट शिक्षा ऐन-नियम र आर्थिक ऐन-नियमको परिपालना र दोहोरो लेखा प्रणाली अवलम्बन
- सम्बद्ध सबै संस्थाहरूकोलागि सामाजिक परीक्षण
- योजनामा आधारित स्रोत बाँडफाँड र लगानी गर्ने प्रणालीको स्थापना

आगामी ५ वर्षको वार्षिक अनुमानित बजेट र कार्यक्रम र १० वर्षको कुल अनुमानित बजेट देहायअनुसार प्रक्षेपण गरिएको छ ।

क) सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र.स. | अनुदान प्राप्तहुने उपक्षेत्र / विषय | आर्थिकवर्ष | | | | | ५वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | १४५१५ | १५२४१ | १६००३ | १६८०३ | १७६४३ | ८०२०५ | |
| २ | आधारभूत शिक्षा | १३८५९९ | १४५५२९ | १५२८०५ | १६०४४६ | १६८४६८ | ७६५८४७ | |
| ३ | माध्यमिक शिक्षा | ४२१६४ | ४४२७२ | ४६४८६ | ४८८१० | ५१२५१ | २३२९८३ | |
| ४ | प्राविधिक शिक्षा र व्यवसायिक तालिम | 0 | ० | ० | ० | ० | ० | |
| ५ | अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ | १२०० | १२६० | १३२३ | १३८९ | १४५९ | ६६३१ | |
| ६ | पाठ्यक्रम,पाठ्यपुस्तक, सिकाइ सामग्री र मुल्याङ्कन | २७७५ | २९१४ | ३०५९ | ३२१२ | ३३७३ | १५३३४ | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ५०० | ५२५ | ५५१ | ५७९ | ६०८ | २७६३ | |
| ८ | शैक्षिक समता र समावेशीकरण | ० | ० | ० | ० | ० | ० | |
| ९ | विद्यालय पोषण र स्वास्थ्य कार्यक्रम | ८७३२ | ९१६९ | ९६२७ | १०१०८ | १०६१४ | ४८२५० | |
| १० | विद्यालय सुरक्षा विपद न्यूनिकरण तथा उत्थानशीलता | ० | ० | ० | ० | ० | ० | |
| ११ | विद्यालय भौतिक पुर्वाधार विकास | ३२५० | ३४१३ | ३५८३ | ३७६२ | ३९५० | १७९५८ | |
| १२ | विद्यालयमा सुचना तथा संचार प्रविधि | १००० | १०५० | ११०३ | ११५८ | १२१६ | ५५२६ | |
| | **जम्मा** | **२१२७३५** | **२२३३७२** | **२३४५४०** | **२४६२६७** | **२५८५८१** | **११७५४९५** | |

ख) प्रदेश सरकारबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क.स. | अनुदान प्राप्तहुने उपक्षेत्र / विषय | आर्थिकवर्ष | | | | | ५वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | 0 | ० | ० | ० | ० | ० | |
| २ | आधारभूत शिक्षा | 0 | ० | ० | ० | ० | ० | |
| ३ | माध्यमिक शिक्षा | 0 | ० | ० | ० | ० | ० | |
| ४ | प्राविधिक शिक्षा र व्यवसायिक तालिम | 0 | ० | ० | ० | ० | ० | |
| ५ | अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ | 0 | ० | ० | ० | ० | ० | |
| ६ | पाठ्यक्रम,पाठ्यपुस्तक, सिकाइ सामग्री र मुल्याङ्कन | 0 | ० | ० | ० | ० | ० | |
| ७ | शिक्षकव्यवस्थापन र विकास | 0 | ० | ० | ० | ० | ० | |
| ८ | शैक्षिक समता र समावेशीकरण | 0 | ० | ० | ० | ० | ० | |
| ९ | विद्यालय पोषण र स्वास्थ्य कार्यक्रम | 0 | ० | ० | ० | ० | ० | |
| १० | विद्यालय सुरक्षा विपद न्यूनिकरण तथा उत्थानशीलता | 0 | ० | ० | ० | ० | ० | |
| ११ | विद्यालयभौतिक पुर्वाधार विकास | १४५०० | १५२२५ | १५९८६ | १६७८६ | १७६२५ | ८०१२२ | |
| १२ | विद्यालयमासुचना तथा संचार प्रविधि | ७०० | ७३५ | ७७२ | ८१० | ८५१ | ३८६८ | |
| | **जम्मा** | **१५२००** | **१५९६०** | **१६७५८** | **१७५९६** | **१८४७६** | **८३९९०** | |

ग) स्थानीय तहबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क.स. | अनुदान प्राप्तहुने उपक्षेत्र / विषय | आर्थिकवर्ष | | | | | ५वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ९००० | ९१८० | ९३६४ | ९५५१ | ९७४२ | ४६८३६ | |
| २ | आधारभूत शिक्षा | ३८१४ | ३८९१ | ३९६८ | ४०४८ | ४१२९ | १९८५० | |
